सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ जेठ २०८३, शनिबार (16 May 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ्यालनयाँ

उपेक्षामा मधेशको संगीत



मधेशमा थुप्रै प्रतिभाशाली संगीतकर्मी जन्मिएका छन्, तर पहुँच अभाव र उपेक्षाका कारण उनीहरू सधैं ओझेलमा पर्छन्

● पवन बराइली

समयको साक्षी सालिक



सालिक भत्काउने समूह सत्तामा पुग्छन् र आफ्नो पक्षको सालिक ठड्याउँछन्। एउटा समय भएपछि उनीहरू फेरि सत्ताबाट ओर्लिन्छन्। उनीहरूको पक्षले बनाएको सालिक फेरि अर्को समूहले भत्काउँछन्। सालिक समयको साक्षी बनिरहेका छन्।

● शान्ति तामाङ

मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

लचिलो नीतिगत व्यवस्था यथावत्



पर्याप्त विदेशी मुद्रा सञ्चिति, लक्ष्यभित्रै मुद्रास्फीति र वित्तीय क्षेत्र स्थिर रहेका वेला नीतिगत स्थिरता जरुरी रहेको निष्कर्ष निकाल्दै राष्ट्र बैंकद्वारा मौद्रिक नीतिमा भएका प्रावधानलाई गरिएन हेरफेर, ब्याजदर करिडोरसम्बन्धी व्यवस्थामा भने संशोधन हुने

(विस्तृत पृष्ठ ७)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

७ खर्ब ५५ अर्ब पुग्यो देशको बेरुजु

एक वर्षमै थपियो ८८ अर्ब ९ करोड

बेरुजुबाहेक कारबाही टुंगो लगाउनुपर्ने रकम ७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख

एक वर्षमा ६६ अर्ब ११ करोड बेरुजु फर्स्योट

पौने तीन खर्ब कर बक्यौता, एक खर्ब ८० अर्ब न्यायिक पुनरवलोकनमा

३५ करोड रोयल्टी र साढे ७३ करोड दूरसञ्चार राजस्व दाखिला भएन

पर्वतारोहणको नौ करोड ६३ लाख रोयल्टी र जलविद्युत्को साढे १८ करोड रोयल्टी बक्यौता असुल गर्नुपर्ने

वन विकास कोषको पाँच अर्ब असुल्नुपर्ने

लेखा परीक्षण गर्दागर्दै महालेखाले असुल्यो १४ अर्ब ६३ करोड

सुवास भट्ट/नयाँ पत्रिका

कानुनको परिपालना र आर्थिक पारदर्शिताको अभाव तथा जवाफहीनताले देशको बेरुजु साढे सात खर्ब नाघेको छ। महालेखा परीक्षक कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६३औँ वार्षिक प्रतिवेदनअनुसार गत आर्थिक वर्ष ०८१/८२ सम्ममा कुल अद्यावधिक बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड २२ लाख रुपैयाँ छ। ०८०/८१ को तुलनामा गत आवमा अद्यावधिक बेरुजुको आकार २१ अर्ब ९८ करोड १३ लाखले थपिएको छ। प्रतिवेदन अवधिमा ६६ अर्ब ११ करोड सम्परीक्षण तथा समायोजन भई बाँकी बेरुजुमा गत आवको बेरुजु जोडेर अद्यावधिक बेरुजु कायम गरिएको हो।


» पृष्ठ २ मा क्रमशः




■ तीन तहका सरकार कसको कति पुग्यो बेरुजु



६३औँ वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै महालेखाका पदाधिकारी





किन बढिरहेको छ बेरुजु, के हुन्छ असर ?



● **श्रीकुमार राई**, प्रवक्ता, महालेखा परीक्षक कार्यालय

वार्षिक रूपमा ९० देखि ९५ अर्बको आसपासमा बेरुजु वृद्धि भइरहेको छ। तर, फर्स्योट दर निकै कम छ। १२-१५ अर्बजति मात्रै फर्स्योट छ। बेरुजु यसरी बढ्नुमा कुनै पनि कार्यालयको लेखा उत्तरदायी अधिकारी प्रमुख रूपमा जिम्मेवार हुन्छ। बेरुजुले वित्तीय सुशासनको सूचकांक घटाउँछ। लेखापरीक्षण लोकतन्त्रमा 'चेक एन्ड ब्यालेन्स' को संयन्त्र पनि हो। बेरुजु देखिनुले कानुनको परिपालना नभएको, वित्तीय अनुशासन पालना नगरेको, पारदर्शिता नभएको, सुशासनका लागि मिहिनेत नगरेको देखिन्छ। बेरुजुसमेतलाई हेरेर बहुपक्षीय दाताहरूले देशको वित्त व्यवस्थापनको मूल्यांकन गरिरहेका हुन्छन्। बेरुजु बढ्दा देशको सार्वजनिक वित्त व्यवस्थापन कमजोर भएको देखिन्छ। बेरुजु घटाउन लेखा उत्तरदायी अधिकारी जिम्मेवार हुनुपर्छ। संघ र प्रदेशका लेखा समितिदेखि स्थानीय गाउँ/नगर सभाले पनि बेरुजु छलफललाई प्राथमिकतामा राखेर समयमै उचित निर्णय र निर्देशन दिनु महत्त्वपूर्ण हुन्छ। बेरुजु आउनै नदिने अवस्था बनाउन बेरुजुलाई कर्मचारीको कार्यसम्पादन मूल्यांकनसँग जोड्नुपर्छ। आर्थिक अनुशासन कायम गर्न नसक्ने र बेरुजु बढाउन भूमिका खेल्नेलाई उसको कार्यसम्पादनमा फरक पर्ने गरी व्यवस्था गर्नुपर्छ।

हिनामिना भएको ३२ अर्ब असुल गर्नुपर्ने

गत वर्षको ८८ अर्ब बेरुजु अंकलाई पनि महालेखाले नियमित गर्नुपर्ने, पेस्की फर्स्योट गर्नुपर्ने र असुलउपर गर्नुपर्ने गरी वर्गीकरण गरेको छ। नियमित गर्नुपर्नेअन्तर्गत १३ अर्ब ८३ करोड ९५ लाख अनियमित भएको, ३६ अर्ब २८ लाख ८२ हजारको प्रमाण कागज पेस नभएको र १४ करोड ११ लाख शोधभर्ना नलिएकोसहित कुल ५० अर्ब २६ करोड ८८ लाख बेरुजु छ। यसको हिस्सा ५७.०६ प्रतिशत छ। त्यस्तै, पेस्कीतर्फको बेरुजु पाँच अर्ब १७ करोड ४८ लाख अर्थात् ५.८८ प्रतिशत छ। बेरुजुमा असुल गर्नुपर्ने प्रकृतिको बेरुजुलाई संवेदनशील मानिन्छ। खाइमासेको, हानि पुऱ्याएको वा भ्रष्टाचार गरेको खालको अवस्थामा महालेखाले असुलउपरअन्तर्गत बेरुजु कायम गर्छ। यस्तो अंक ३२ अर्ब ६४ करोड ७५ लाख छ। यो गत आवको बेरुजुको ३७.०६ प्रतिशत हो।

८५ अर्ब राजस्व छुटमाथि प्रश्न

अघिल्लो आवमा भन्सार राजस्वतर्फ ८५ अर्ब २३ करोड १६ लाख छुट दिइएको विषयमा महालेखाले प्रश्न उठाएको छ। यस्तो छुट अघिल्लो आवमा ७९ अर्ब ८७ करोड थियो। 'सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा कर छुट सम्बन्धमा उल्लेख नगरे पनि खरिद सम्झौता भइसकेपछि मास्टर लिस्टमार्फत छुट लिँदा यसको प्रत्यक्ष आर्थिक लाभ आयोजनाले भन्दा निर्माण व्यवसायीले लिइरहेको र त्यस्तो रकम लागतमा समायोजन गर्ने परिपाटीसमेत न्यून रहेको देखिन्छ,' महालेखाले भनेको छ। भन्सार महसुल ऐन र मूल्य अभिवृद्धि कर ऐनमा विभिन्न सरकारी निकायको सिफारिसमा महसुल तथा कर छुट दिने व्यवस्था छ। तर, सिफारिसकर्ताले पैठारीकर्ताको योग्यता र मालवस्तुको यकिन नगरी निवेदनकै आधारमा सिफारिस गर्ने र त्यसकै आधारमा भन्सार प्रशासनले समेत कानुनको प्रतिकूल हुने गरी महसुल छुट दिँदा राजस्व परिचालनमा असर परेको महालेखाले औंल्याएको छ।

कर्मचारी बढुवा विवादमा सर्वोच्चले भन्यो-

संघीय कानुनको ओत लागेर प्रदेशको कानुनको सर्तलाई चुनौती दिन मिल्दैन

नयाँ पत्रिका

सर्वोच्च अदालतले निजामती सेवा प्रदेशको एकल अधिकार हुने भन्दै समायोजन भएका कर्मचारीले संघीय नभई प्रदेशकै कानुनी सर्त मान्नुपर्ने फैसला गरेको छ। पूर्ण इजलासले संघीय निजामती ऐन जारी गर्न ध्यानाकर्षणसमेत गराएको छ।

सप्तरीको रूपनी घर भएका परिवार नियोजन सुपरभाइजर नरेशकुमार यादवले बढुवा सम्बन्धमा दायर गरेको रिटमा न्यायाधीशहरू सपना प्रधान मल्ल, सुनीलकुमार पोखरेल र शान्तिसिंह थापाको पूर्ण इजलासले यस्तो आदेश गरेको हो। यद्यपि, यादवको रिट खारेज गरिएको छ।

'कर्मचारी समायोजन ऐनबमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भइसकेपछि कर्मचारीको साबिकको सेवा समूहसँग कानुनी सम्बन्ध रहिरहने नभई निज पूर्ण रूपमा समायोजन भएको प्रदेश सेवाको कानुन र सर्तको अधीनमा पुग्दछ,' फैसलामा भनिएको छ, 'समायोजन केवल भौतिक स्थानान्तरण नभई पूर्ण कानुनी विलय भएकाले साबिकको संघीय कानुनको ओत लागी प्रदेशको कानुनी सर्तलाई चुनौती दिनु संघीयताको मर्म र समायोजनको कानुनी उद्देश्यअनुकूल हुँदैन।'

यसअघि सुदूरपश्चिम प्रदेशका एक कर्मचारीको विवादमा न्यायाधीशहरू हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासले गरेको व्याख्या पनि पूर्णबाट 'अमान्य र निष्प्रभावी' भएको छ। पहिलेको फैसलामा निजामती सेवा प्रदेशको एकल अधिकार सूचीमा पर्ने भए पनि कर्मचारी समायोजन ऐनअनुसार

» पृष्ठ २ मा क्रमशः

■ संसदीय सुनुवाइ समितिको कार्यविधि

प्रधानन्यायाधीशदेखि संवैधानिक पदाधिकारीसम्मले चार-चार महिनामा 'रिपोर्ट कार्ड' सार्वजनिक गर्नुपर्ने

कमलराज भट्ट/नयाँ पत्रिका

सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीश तथा संवैधानिक आयोगका पदाधिकारीले अब चौमासिक रूपमा कार्यप्रगति विवरण सार्वजनिक गर्नुपर्ने भएको छ। संघीय संसद्ले राज्यका निकायका पदाधिकारीलाई नागरिकप्रति जवाफदेही बनाउन यो कानुनी व्यवस्था गरेको हो।

संघीय संसद्को संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समितिले आफ्नो नयाँ कार्यविधिमा सुनुवाइपछि नियुक्त हुने पदाधिकारीले आफ्नो कार्ययोजनाअनुसारको प्रगति विवरण हरेक चार महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ। समिति सभापति बोधनारायण श्रेष्ठका अनुसार कार्यविधि समितिबाट पारित भएर कार्यान्वयनमा आइसकेको छ। अब सुनुवाइपछि नियुक्त हुने पदाधिकारीले रिपोर्ट कार्ड सार्वजनिक गर्नै पर्नेछ।



संसद्को संसदीय सुनुवाइ समितिका सभापति **बोधनारायण श्रेष्ठ** भन्छन्-

> छनोट भएर गएको व्यक्तिले नियुक्ति लिइसकेपछि गरेको काम कहीँ न कहीँ त हेरिनुपर्छ। कोही न कोहीले त पर्फर्मेन्स हेर्नैपर्छ। त्यसैले सुनुवाइको वेला जुन प्रतिबद्धता गर्नुहुन्छ, त्यसअनुसार नतिजाका आधारमा आफ्नो प्रगति विवरण सार्वजनिक गरेर सम्बन्धित पदाधिकारी जनताको अडिटमा जानुपर्छ।

सुनुवाइ समितिको कार्यविधि, २०८३ को दफा २९ मा कार्यसम्पादन मूल्यांकन प्रगति विवरणसम्बन्धी व्यवस्था गरिएको छ। जसमा भनिएको छ, 'नेपालको संविधानबमोजिम संसदीय सुनुवाइपश्चात् नियुक्ति हुने व्यक्तिले आफूले समितिमा प्रस्तुत गरेको नतिजामा आधारित कार्ययोजना सम्बन्धित निकायमा अभिलेख गरी-गराई चौमासिक रूपमा कार्यसम्पादन मूल्यांकन प्रगति विवरण बनाई सो प्रगति विवरण आफू कार्यरत निकायको विद्युतीय सञ्चारमाध्यमबाट सार्वजनिक गर्नेसमेत प्रतिबद्धता गराई कार्यसम्पादनको प्रभावकारिता प्रवर्द्धन गरिनेछ।' समिति सभापति श्रेष्ठले कार्यसम्पादन विवरण

» पृष्ठ २ मा क्रमशः

घरबाट निस्किनेमध्ये सातजना बेलुका फर्किन पाउँदैनन्, कारण- सडक दुर्घटना

५५.५८ प्रतिशत दुर्घटना चालकको लापरबाहीबाट। यात्रु, सडक, ओभरलोडदेखि ब्रेक फेलसम्म पनि दुर्घटनाका कारण।



● **अविनारायण काफ्ले**, प्रवक्ता, प्रहरी

पछिल्ला दिन सवारी दुर्घटना हुने दर बढ्दै गएको देखिन्छ। हाम्रो तथ्यांकअनुसार प्रत्येक दिन हुने दुर्घटनामा औसत सातजनाले ज्यान गुमाउँछन् भने १८ गम्भीर घाइते हुन्छन्। दुर्घटनामा ज्यान गुमाउने अधिकांश युवा छन्।


टेकराज थामी/नयाँ पत्रिका

संसद्को भौतिक पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले बुधबार समितिको बैठकमा सडक दुर्घटनासँग सम्बन्धित डरलाग्दो तथ्यांक प्रस्तुत गरे। बैठकमा उनले भने, 'घरबाट निस्किनेमध्ये सात नेपाली बेलुका घर फर्किन पाउँदैनन्, कारण हो- सडक दुर्घटना।' यो तथ्यांकले मुलुकमा भइरहेको सडक दुर्घटना र त्यसले निम्त्याइरहेको मानवीय क्षतिलाई उजागर गर्छ।

गजुरेलले नेपाल प्रहरीको तथ्यांककै आधारमा नेपालमा

» पृष्ठ २ मा क्रमशः

■ ०७७/७८ यता पाँच वर्षमा दुर्घटनामा १२,६७७ ले ज्यान गुमाए



पाँच वर्षमा १ लाख ८८ हजार ४७६ दुर्घटना

● चालक लापरबाही १,०५,२७० ● यात्रुका कारण ६,९४३ ● सडकका कारण ३,१७५ ● यान्त्रिक कारण २,९९७ ● चौपाया ५२१ ● मौसम ४६५ ● नखुलेको ६९,१०५

यान्त्रिक कारणले भएका दुर्घटना संख्या

● इन्जिनमा गडबडी १,१७३ ● ओभरलोड २८१ ● पुरानो १६४ ● ब्रेक फेल १,००५ ● टायर खुस्किने ९१ ● टायर पन्चर १४१ ● सवारीको लाइट ४१ ● अन्य १०१

यात्रुका कारणले भएका दुर्घटना संख्या

● चढ्दा १११ ● ओर्लंदा २३३ ● झुन्डिएर ८९ ● छतमा यात्रा २१ ● शरीर बाहिर निकालेर यात्रा ३५८ ● बाटो काट्दा ५,५२३ ● अन्य ६०८



संसद्को भौतिक पूर्वाधार विकास समितिका सभापति **आशिष गजुरेल** भन्छन्-

> सडक दुर्घटनाका कारण मानवीयसँगै ठुलो धनराशिको पनि क्षति निम्तिरहेको छ। यसको न्यूनीकरण गर्न सुरक्षासम्बन्धी नयाँ ऐन बन्नुपर्छ। विधेयकसमेत बनिसकेको छ। उक्त विधेयक चाँडो संसद्मा पेस गर्न सरकारलाई निर्देशन दिइएको छ।

गुप्तचर फेरि प्रधानमन्त्री कार्यालयकै मातहत

नयाँ पत्रिका

सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई फेरि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कै मातहत ल्याएको छ। देशको एक मात्र गुप्तचर निकाय यसअघि गृह मन्त्रालयअन्तर्गत थियो।



बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले पारित गरेको कार्यसम्पादन नियमावली २०८३ अनुसार विभाग प्रधानमन्त्री कार्यालयमातहत रहने उल्लेख छ। सुरक्षा समन्वयमा सहज हुने भन्दै विभागलाई गत असोजमा मात्र सुशीला कार्की नेतृत्वको सरकारले गृह मन्त्रालयमा फर्काएको थियो। त्यसको सात महिनापछि फेरि विभागलाई प्रधानमन्त्री कार्यालयमातहत नै लगिएको हो।

०७४ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले गुप्तचरसहित सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयमातहत लगेर शक्ति केन्द्रीकृत गरेका थिए। जसको आलोचना भएको थियो। हालको सरकारले पनि गुप्तचरलाई प्रत्यक्ष प्रधानमन्त्रीकै मातहत राख्दा प्रभावकारी हुने निष्कर्ष निकालेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग भने अर्थ मन्त्रालयकै मातहत राखिएको छ।

घरबाट...
पृष्ठ १ बाट क्रमशः

सडक दुर्घटनाको भयावह अवस्था प्रस्तुत गरेका हुन् । प्रहरीका अनुसार देशभर प्रत्येक दिन कम्तीमा १०४ दुर्घटना हुन्छन्, जसमा सात सर्वसाधारणले ज्यान गुमाउँछन् भने १८ जना गम्भीर घाइते हुन्छन् । ज्यान गुमाउनेमध्ये अधिकांश २५ वर्षमाथिका पुरुष छन्, गम्भीर घाइते हुनेहरू पनि सोही उमेर समूहका छन् ।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्ले सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या बढ्दै गएको बताउँछन् । उनका अनुसार अधिकांश दुर्घटनामा मत्यु हुने युवा नै छन् । 'पछिल्ला दिन सवारी दुर्घटना हुने दर बढ्दै गएको देखिन्छ । हाम्रो तथ्यांकअनुसार प्रत्येक दिन हुने दुर्घटनामा औसत सातजनाले ज्यान गुमाउँछन् भने १८ गम्भीर घाइते हुन्छन् । दुर्घटनामा ज्यान गुमाउने अधिकांश युवा छन् ।'

०७७/७८ यता पाँच वर्षमा भएका दुर्घटनामा ज्यान गुमाउनेको तथ्यांकले पनि दैनिक औसत सातजनाको मृत्यु हुने गरेको देखाउँछ । यस अवधिमा एक लाख ८८ हजार ४७६ सवारी दुर्घटना भएकामा १२ हजार ६७७ जनाको ज्यान गएको छ । त्यस्तै, ३२ हजार ६०४ जना गम्भीर घाइते भएको प्रहरी तथ्यांक छ । तथ्यांकअनुसार सडक दुर्घटनामा मधेश, लुम्बिनी र कोशी प्रदेशमा सबैभन्दा धेरैको मृत्यु भएको छ । पाँच वर्षमा मधेशमा मात्रै दुई हजार ७४८ जनाको ज्यान गएको छ । त्यस्तै, लुम्बिनीमा दुई हजार ५२५ र कोशीमा दुई हजार २०० को मृत्यु भयो । पूर्व-पश्चिम राजमार्गको अधिकांश भाग यही प्रदेशमा पर्ने भएकाले दुर्घटना बढेको प्रहरी बुझाइ छ । सवारीसाधनको गति तीव्र हुने राजमार्ग खण्डमै मानव बस्ती धेरै रहेका कारण दुर्घटना बढेको प्रहरी दाबी छ ।

'अधिकांश दुर्घटना मधेश, लुम्बिनी र कोशीमा भएको देखिन्छ । ठुला राजमार्गको अधिकांश भाग यही प्रदेशमा पर्छन् । सवारीसाधनको गति तीव्र हुने यही राजमार्ग क्षेत्रमा ठुला सहर छन् । मानवीय आवागमन धेरै हुँदा यहाँ दुर्घटना पनि धेरै हुने गरेको छ,' प्रहरी प्रवक्ता काफ्लेले भने, 'राजमार्गआसपास सहर र बस्ती ठिक हो कि होइन भन्ने बहसको विषय हो ।'

दुर्घटनाकै कारण वार्षिक १६ अर्बभन्दा धेरै आर्थिक क्षति

सवारी दुर्घटनाबाट राज्यले वार्षिक १६ अर्बभन्दा धेरै आर्थिक क्षति व्यहोर्छ । यसका मुख्य कारण सडक, सवारीसाधन, चालक र अन्य अवरोधलगायत औँल्याउने गरिएको छ । दुर्घटना न्यूनीकरण गर्न 'रोड सेफ्टी अडिट' अत्यावश्यक भए पनि उक्त काम हुन सकेको छैन ।

'रोड सेफ्टी अडिट' भनेको सडकको सुरक्षा परीक्षण हो । दुर्घटना निम्त्याउन सडकमा के-के कमजोरी छन् र कसरी सुधार गर्ने भन्ने निर्क्योल 'रोड सेफ्टी अडिट'ले निकाल्छ । तर, दुर्घटना न्यूनीकरणका लागि योलगायत काम गर्न भन्दै गठन गरिएको सडक सुरक्षा परिषद् नै कानुन अभावमा १२ वर्षदेखि अलपत्र छ । सरकारले परिषद् सञ्चालनका लागि न कानुन बनाइदिएको छ, न बजेट नै विनियोजन गरिदिएको छ । परिषद्को क्षेत्राधिकार समेटेर विधेयक बनाए पनि कानुनी मान्यता नपाउँदा समस्या भएको छ । भौतिक पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले पुनः उक्त विधेयक संसद्मा पेस गर्न सरकारलाई निर्देशन दिएका छन् । उनले भनेका छन्, 'सडक दुर्घटनाका कारण मानवीयसँगै ठुलो धनराशिको पनि क्षति निम्तिरहेको छ । यसको न्यूनीकरण गर्न सुरक्षासम्बन्धी नयाँ ऐन बन्नुपर्छ । विधेयकसमेत बनिसकेको छ । उक्त विधेयक चाँडो संसद्मा पेस गर्न सरकारलाई निर्देशन दिइएको छ ।'

सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति बनाई दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको मन्त्रिपरिषद्ले सडक सुरक्षा परिषद् गठन गरेको थियो । तर, सरकारले परिषद् सञ्चालनका लागि न कानुन बनाइदियो, न बजेट नै विनियोजन गरिदियो । यतिसम्म कि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा राखिएको कार्यालयमा परिषद्को सचिवालय सञ्चालनका लागि कर्मचारीसमेत छैनन् । तीन वर्षअघि मुग्लिन-नारायणगढ सडकखण्डको सिमलतालमा भएको बस दुर्घटना छानबिन गर्न गठित छनबिन समितिले पनि दुर्घटना न्यूनीकरणका लागि राष्ट्रिय सडक सुरक्षा परिषद् स्थापना गर्नुपर्ने सुझाव पेस गरेको थियो । जसका लागि राष्ट्रिय सडक सुरक्षा नीति नै तर्जुमा गरिनुपर्ने प्रतिवेदनमा उल्लेख थियो । विगतमा गठन भएका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिव सरोज सिटौला नेतृत्वको समितिदेखि नेपाल प्रहरीका पूर्वआइजिपी कुवेरसिंह राना संयोजकत्वको छानबिन समितिले समेत यस्तै सुझाव दिएका थिए । तर, हालसम्म कानुन बन्न नसक्दा सबै सुझाव अलपत्र छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक सुरक्षा परिषद्का लागि आवश्यक कानुन समेटिएको विधेयक स्वीकृतिका लागि २३ असोज ०८० मै अर्थ मन्त्रालयमा पेस गरेको थियो । अर्थले करिब चार महिना थन्क्याएर २० पुस ०८० मा उक्त विधेयक भौतिक मन्त्रालयमै फर्काइदिएको थियो ।

५५.५८ प्रतिशत दुर्घटना चालकको लापरबाहीबाट

प्रहरी तथ्यांकअनुसार दुर्घटनाको प्रमुख कारक चालकको लापरबाही हो । ५५.५८ प्रतिशत दुर्घटना चालकको लापरबाहीबाट भएको देखिन्छ । पछिल्लो पाँच वर्षमा मुलुकभर एक लाख ८८ हजार ४७६ दुर्घटना भएकामा एक लाख पाँच हजार २७० दुर्घटना चालकको लापरबाहीले भएको हो । तथ्यांकअनुसार सबैभन्दा धेरै दुर्घटना तीव्र गतिका कारण भएको देखिन्छ । पाँच वर्षमा तीव्र गतिका कारण ४६ हजार ३९८ दुर्घटना भए । त्यस्तै, लाइसेन्सविनाका चालकले चलाउँदा भएको दुर्घटना पनि धेरै छ । यस अवधिमा यस्ता १२ हजार ९५९ दुर्घटना भएका छन् । मादक पदार्थ सेवन (मापसे) गरेर सवारीसाधन चलाउनु दुर्घटनाको अर्को कारण हो । पाँच वर्षमा पाँच हजार ५३३ दुर्घटना मापसेका कारण भएको देखिन्छ । त्यस्तै, ओभरटेक गर्दा नौ हजार ९२२ दुर्घटना भएका छन् । ट्राफिक नियम उल्लंघन गर्दा चार हजार २४२ दुर्घटना भएका छन् । जथाभावी बाटो काट्दा ४७१, चालक निदाउँदा एक हजार २७७, मोबाइल फोन चलाउँदा ६८८ सवारी दुर्घटना भएका छन् । बाँकी २३ हजार ७८० दुर्घटना भने अन्य कारणले भएको देखिन्छ ।

७ खर्ब ५५ अर्ब...
पृष्ठ १ बाट क्रमशः

संघीय सरकारी कार्यालयको बेरुजु मात्र तीन खर्ब ७८ अर्ब ५३ करोड ६४ लाख छ । त्यस्तै, प्रदेश सरकारी कार्यालयको ३३ अर्ब ९६ करोड ९० लाख र स्थानीय तहको दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख छ । समिति र अन्य संस्थातर्फको बेरुजु एक खर्ब २२ अर्ब १९ करोड ४२ लाख छ ।

यसबाहेक कारबाही टुंगो लगाउनुपर्ने रकम सात खर्ब ८७ अर्ब ८६ करोड तीन लाख रहेको महालेखाले औँल्याएको छ । यो बेरुजुको अतिरिक्त लेखा परीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुंगो लगाउनुपर्ने अद्यावधिक रकम अंक हो । यस शीर्षकअन्तर्गत सबैभन्दा ठुलो अंक राजस्व बक्यौताको छ । राजस्व बक्यौता सात खर्ब नौ अर्ब ३५ करोड ८४ लाख छ । त्यस्तै, लेखा परीक्षण बक्यौता सात अर्ब ७९ करोड ८१ लाख, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान दुई अर्ब ५१ करोड ५८ लाख, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १५ अर्ब ७२ करोड ७० लाख र जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा-ब्याज ५२ अर्ब ४६ करोड १० लाख छ ।

महालेखापरीक्षक तोयम रायाले लेखा परीक्षणबाट देखिएका बेथिति बेरुजुका रूपमा प्रतिवेदनमा आएको बताए । 'लेखा परीक्षण गर्दा देखिएको बेरुजुको अवस्था प्रतिवेदनमा समेटिएको छ,' उनले भने, 'आर्थिक पारदर्शीता कायम गर्दै बेरुजु कम गर्न सुधारका उपायसहितका सुझाव सरकारलाई दिइएको छ ।'

महालेखाले गत आवमा संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयसहित समिति र अन्य संस्थासमेत पाँच हजार ५२६ वटा सरकारी निकायको ९४ खर्ब ८४ अर्ब ५० लाखको लेखा परीक्षण गरेको थियो । जसमा तीन हजार ५० संघीय मन्त्रालय तथा निकायको २९ खर्ब १७ अर्ब ९५ करोड, एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको तीन खर्ब २० अर्ब ३० करोड, ७२१ स्थानीय तहको ११ खर्ब नौ अर्ब ५२ करोड, ५७७ समिति र अन्य संस्थाको चार खर्ब ४७ अर्ब ७७ करोड, ४४ संगठित संस्थाको ४६ खर्ब ८८ अर्ब ९६ करोडको लेखा परीक्षण भएको छ ।

महालेखाले वार्षिक प्रतिवेदनमा अद्यावधिक बेरुजु र कारबाही गरी टुंगो लगाउनुपर्ने दुई शीर्षक उल्लेख गरेको छ । अद्यावधिक बेरुजुअन्तर्गतको कुल अंकमा संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र समिति र अन्य संस्थाको अंक समेटिएको छ ।

लेखा परीक्षण गर्दागर्दै महालेखाले असुल्यो १४ अर्ब ६३ करोड

महालेखाले लेखा परीक्षण गर्दागर्दै १४ अर्ब ६३ करोड रुपैयाँ असुल गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखा परीक्षणबाट औँल्याइएका बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी-गराई वा असुलउपर गरी फस्र्योट गर्नुपर्ने व्यवस्था छ । यसरी बेरुजु फस्र्योट भएपछि महालेखापरीक्षक कार्यालयबाट सम्परीक्षण गराउनुपर्छ । 'यस वर्षको लेखा परीक्षणका क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा १४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ,' महालेखाको प्रतिवेदनमा उल्लेख छ, 'सोमध्ये लेखा परीक्षणका क्रममा ५७ करोड ६९ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि ९० करोड ४८ लाख र सम्परीक्षणका क्रममा १३ अर्ब १५ करोड १० लाख असुल भएको छ ।

पौने तीन खर्ब कर बक्यौता, एक खर्ब ८० अर्ब न्यायिक पुनरवलोकनमा

प्रतिवेदनअनुसार गत आवसम्ममा पौनै तीन खर्ब कर बक्यौता छ । त्यसअघिल्लो आवमा दुई खर्ब ५४ अर्ब चार करोड रहेको बक्यौता गत आवमा ८.२७ प्रतिशतले वृद्धि भई ब्याजसमेत दुई खर्ब ७५ अर्ब पाँच करोड पुग्यो । तर, यसको ठुलो हिस्सा भने न्यायिक पुनरवलोकनमा रहेको प्रतिवेदनमा औँल्याइएको छ । एक खर्ब ८० अर्ब १० करोड अर्थात् ६५.४८ प्रतिशतका बक्यौताका सम्बन्धमा करदाता न्यायिक पुनरवलोकनमा गएको देखिँदा बक्यौताको ठुलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको महालेखाले औँल्याएको छ । यसले समग्र कर असुलीमा असर पुगेको टिप्पणी महालेखाको छ ।

३५ करोड रोयल्टी र साढे ७३ करोड दूरसञ्चार राजस्व दाखिला भएन, असुल गर्नुपर्ने

दूरसञ्चार नियमावली, २०५४ मा दूरसञ्चार सेवा प्रदान गर्न अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीका रूपमा सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विवरणअनुसार ४५ दूरसञ्चार सेवाप्रदायकले ऐनबमोजिम बुझाउनुपर्ने रोयल्टी ४५ करोड ३६ लाख ८४ हजार र जरिवाना दाखिला गरेका छैनन् । त्यस्तै, नियमावलीबमोजिम रेडियो फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत एक सेवाप्रदायकले बुझाउनुपर्ने ७३ लाख ४४ करोड दाखिला गर्न बाँकी रहेकाले थप दस्तुरसमेत यकिन गरी असुल गर्न महालेखाले भनेको छ । त्यस्तै, टेलिभिजन संस्थाहरूबाट इजाजत र प्रसारण शुल्कको चार करोड असुल्नसमेत महालेखाले भनेको छ ।

पर्वतारोहणको नौ करोड ६३ लाख रोयल्टी र जलविद्युत्को साढे १८ करोड रोयल्टी बक्यौता असुल गर्नुपर्ने

अन्तरसरकारी वित्त व्यस्थापन ऐनबमोजिम पर्वतारोहणबाट प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा गरी तीनै तहका सरकारबिच बाँटफाँट गर्नुपर्छ । देशभरका ६ हजार मिटरसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर संकलन नेपाल पर्वतारोहण संघलाई दिएको छ । संघले संकलन गरेको नौ करोड ६३ लाख २६ हजार रोयल्टी संघलाई बुझाउन बाँकी रहेकोमा असुल गर्न महालेखाले भनेको छ । यसैगरी, विद्युत् विकास विभागको विवरणअनुसार ६ चैत ०८२ सम्मको अवधिमा १४९ विद्युत् उत्पादकबाट १८ करोड ४६ लाख ४७ हजार बक्यौता बाँकी रहेको भन्दै असुल गर्न महालेखाले औँल्याएको छ ।

'वन विकास कोषको पाँच अर्ब असुल्न्'

वन ऐनमा वन क्षेत्र अन्य प्रयोजनका लागि दिएमा सोबापत प्राप्त रकम वन विकास कोषमा जम्मा गर्नुपर्छ । वन तथा भूसंरक्षण विभागले भोगाधिकार दिएका ४३ संस्थासमेत हालसम्म ६७१ संस्थालाई वन भोगाधिकार दिइएको छ । काठमाडौं-तराई द्रुतमार्गलगायत ३८ संस्थाबाट चार अर्ब ९२ करोड ८१ लाख कोषमा प्राप्त नभएको औँल्याउँदै महालेखाले उक्त रकम असुल गर्न भनेको छ ।

संघीय कानुनको...
पृष्ठ १ बाट क्रमशः

पूर्ण रूपमा एकल अधिकार मान्न नमिल्ने जनाइएको थियो । उक्त संयुक्त इजलासले समायोजन भएका कर्मचारीलाई राज्यले दिएको प्रत्याभूतिको विपरीत हुने भन्दै ती निवेदकका हकमा स्वास्थ्य सेवा ऐनबमोजिम बढुवाको निर्णय हुनुपर्ने फैसला गरेको थियो । तर, यस्तो व्याख्याले एउटै प्रदेशभित्र फरक कानुनी व्यवस्था लागू हुने, एउटै विज्ञापनमा दुईथरी योग्यता राख्नुपर्ने तथा अनन्त रूपमा सबै प्रदेशका कर्मचारीबिच यस्तो विवाद आइराख्ने भन्दै नजीर निष्प्रभावी बनाइएको हो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'एउटै प्रदेश सेवा र पदमा कार्यरत कर्मचारीमध्ये समायोजित र नयाँ भर्ना भएका भनी उत्पत्तिका आधारमा बढुवाका फरक-फरक सर्तहरू कायम राख्नुले वर्गभित्र वर्ग सिर्जना गर्दछ । यस्तो विभेदकारी व्यवस्थाले समानताको हकको उल्लंघन गर्ने हुँदा एउटै संवर्गका सबै कर्मचारीमा समान प्रदेश कानुन लागू हुनु अनिवार्य हुन्छ ।' निजामती सेवा प्रदेशको एकल अधिकार सूची रहेको पुनः स्मरण गराउँदै पूर्ण इजलासले प्रदेशले आफ्नो सेवालाई गुणस्तरीय बनाउन संघीय कानुनभन्दा फरक वा भिन्न थप योग्यताका सर्त तोक्न पूर्णतः स्वतन्त्र र स्वायत्त हुने उल्लेख गरेको छ । यसरी सेवाकालीन तालिम वा अध्ययन बिदाको बन्देजजस्ता कुरामा पनि प्रदेश स्वतन्त्र हुने सर्वोच्चको ठहर छ ।

प्रधानन्यायाधीशदेखि...
पृष्ठ १ बाट क्रमशः

सार्वजनिक गर्दा सम्बन्धित पदाधिकारीलाई जनताप्रति जवाफदेही बनाउने बताए । संविधानको धारा २९२ मा संसदीय सुनुवाइसम्बन्धी व्यवस्था छ । संविधानबमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने व्यवस्था छ । समितिको कार्यविधिअनुसार अब सुनुवाइपश्चात नियुक्त हुने पदाधिकारीले प्रत्येक चार महिनामा आफूले गरेको कामको विवरण सार्वजनिक गर्नुपर्नेछ । 'छनोट भएर गएको व्यक्तिले नियुक्ति लिइसकेपछि गरेको काम कहीँ न कहीँ त हेरिनुपर्छ । कोही न कोहीले त पर्फमेन्स हेर्नैपर्छ । त्यसैले सुनुवाइको वेला जुन प्रतिबद्धता गर्नुहुन्छ, त्यसअनुसार नतिजाका आधारमा आफ्नो प्रगति विवरण सार्वजनिक गरेर सम्बन्धित पदाधिकारी जनताको अडिटमा जानुपर्छ,' सभापति श्रेष्ठले भने ।

प्रधानन्यायाधीशले समग्र न्याय क्षेत्रको सुधार र प्रशासनिक व्यवस्थापनको सवालमा गरेको प्रतिबद्धता कति कार्यान्वयन भयो भनेर 'रिपोर्ट कार्ड' सार्वजनिक गरिदिँदा जनताले थाहा पाउने र यो जनउत्तरदायी शासनका लागि उपयोगी हुने सुनवाइ समितिको अपेक्षा छ । 'प्रधानन्यायाधीशले म समग्र न्याय क्षेत्रमा यो सुधार गर्छु भनेर बेन्चमार्क राख्नुहुन्छ होला । त्यसलाई सार्वजनिक गरिदिनुपर्‍यो । नागरिकले थाहा पाउनुपर्‍यो,' श्रेष्ठले भने, 'त्यसकारण सेल्फ रिपोर्ट कार्ड जेनरेट गर्ने र पब्लिक गर्ने कुरा कार्यविधिले भनेको हो । हाम्रो समितिमा बुझाउनुपर्ने भनेको छैन । तर, नागरिक र देशप्रति उत्तरदायी हुनुपर्‍यो भन्ने यसले भन्न खोजेको हो ।' प्रधानन्यायाधीश, न्यायाधीश, संवैधानिक आयोगका पदाधिकारी र राजदूतको सुनुवाइ गर्न संघीय संसद्मा १५ सदस्यीय सुनुवाइ समिति गठन गरिएको छ । समितिमा सभापतिसहित रास्वपाका आठ, कांग्रेसका तीन तथा एमाले र नेकपाका दुई-दुई सदस्य छन् । समितिले सुनुवाइ गरेर अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्त गर्ने व्यवस्था छ ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालयः
बेष्ट भवन, कमलादी,
काठमाण्डौं, **फोन** : ०१-४५४२४६१/६२/६३

धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे १० दिने सूचना

(सूचना प्रकाशित मिति : २०८३/०२/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको विभिन्न शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत तपाईले ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले **१० दिनभित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकी रकम चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनुहुने जग्गा धनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छ्यौट नगरे/नगराएमा ११ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल :

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

१. ऋणीको नामः एस भेन्चर प्रा.लि
क.द.नं.: २२२१७८/०७६/०७७
दर्ता मितिः २०७६/०५/०६
पान नं.: ६०९६०५४००
जारी मितिः २०७६/०६/३०
ठेगानाः ल.पु.म.न.पा वडा नं.१, कुमारीमार्ग, कुपण्डोल ललितपुर

अख्तियार प्राप्त व्यक्ति/जमानीकर्ताको नामः बिजेश रुद्र श्रेष्ठ
बाबुः भिम रुद्र श्रेष्ठ
बाजेः जगत लाल श्रेष्ठ
स्थायी ठेगानाः का.म.न.पा वडा नं.३०, काठमाडौं
हालः ललितपुर म.न.पा २, सानेपा, ललितपुर
ना.प्र.नं.:४६२२, जारी मितिः २०४८/०८/२२
जारी स्थान : काठमाडौं
कर्जा किसिमः रियल स्टेट चालु पुँजी आवधिक कर्जा
शाखा कार्यालय : मुख्य शाखा

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः सरोजिनी श्रेष्ठ
बाबुः तबिकेशर श्रेष्ठ
बाजेः श्याम किशोर श्रेष्ठ
स्थायी ठेगानाः का.म.न.पा वडा नं.३०, काठमाडौं
हालः ललितपुर म.न.पा २, सानेपा, ललितपुर
ना.प्र.नं.: २७-०१-७४-१०११८
जारी मितिः २०७४/०७/१२, जारी स्थानः काठमाडौ

ख) नामः यचु श्रेष्ठ
बाबुः रवि चरण श्रेष्ठ
बाजेः सिद्धिचरण श्रेष्ठ
स्थायी ठेगानाः का.म.न.पा वडा नं.२३, काठमाडौं
हालः ललितपुर म.न.पा २, सानेपा, ललितपुर
ना.प्र.नं.: १८४४, जारी मितिः २०५९/०५/२०
जारी स्थानः काठमाडौं

ग) नाम : हारति कम्प्युटर सर्भिसेज प्रा.लि
संचालकः बिजेश रुद्र श्रेष्ठ
(ना.प्र.नं.४६२२, जारी मिति २०४८/०८/२२)
क.द.नं.१२५८०/०५६/५७, दर्ता मितिः २०५७/०१/०२
पान नं. ५०००३८७३८, मिति : २०५७/०१/०९
ठेगाना : का.जि. का.म.न.पा वडा नं.३०, काठमाण्डौं

सुरक्षण धितोको विवरण :एस भेन्चर प्रा.लि को नाममा मालपोत (भूमि प्रशासन) कार्यालय दाङमा दर्ता श्रेष्ठा कायम रहेको दाङ जिल्ला लक्ष्मीपुर-६/क स्थित निम्न कित्ता अनुसार क्रमशः तपसिल बमोजिम क्षेत्रफल भएको घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

कित्ता नं.	क्षेत्रफल (वर्ग मीटर)
२१३७, २१४०, २०९३, २०४० २०५०, २०५६, २०७९, २०२५, २०६४, २०६६, २०५७, २०७३, २०७५, २००, २०३, २०४, २०७४, २०२०, २०२४, २०९०, २०५८, २०८१, १८९, १७०, २०४३, २०२२, २०२८, २०३३, १८८, १९४, २०३६, २०३८, २०८२, २०७८, २०८६, २०११, २१४१, २१४३, २१३८, १७००, १६९८, १७०३, १७१, २०७२, २०७७, २०८३, २०८५, २०८९, २०९२, २१३९, २१४२, २०३५, २०१८, २०५३, २०६५, २०६९, २०४१, २०४५, २०६१, २०३१, २०७०, २०१९, २०२१, २०२७, २०३२, २०३४, २०८०, २०४२, २०५१, २०५४, २०८८, २०१७, २०६३, २०६७, २०७१, २०३०, २०३७, २०६२, २०७६ र २०६८	३७६.३७, १५०.२५, ४६०.२३, १०.००, ११९.१०, १८६.३०, १३४.३०, १९५.००, १५४.००, १९४.००, १९९.४५, १३३.६०, १०.२०, १६९.३२ ६७.७३, १६९.३२, ६९.००, १९७.५०, १२४.२०, २५७.९०, ८०.५०, २०५.८५, १३५.४६, ५०७.९६, ७.७५, ६७.००, ३.५०, ३८.००, १३५.४६, ११८.५०, २०३.००, ७.००, १५५.५०, ६८.७०, ३८४.००, २७९.२०, १५०.२५, ४०९.५०, १८२.७२, १३०१.७७, ७२४.१६, ४३०.६८, ८१२.७३, १३३.६०, ९.००, १६.७०, १७०.७०, १४६.१२, १४०.८९, २५७.१४, २७४.४०, ९३.१३, १६१.५०, ४०.२५, १५५.००, ६१.००, ४४.१०, ५१.४०, ५५३.८१, ४०.३०, २१०.२०, १९९.५०, १४.५०, ८.२० २.४०, १२५.००, १९३.७०, ६८.८५ १५१.४८, ६.२० १८८.५०, ३७.४५, १७९.००, १९८.५०, ३२१.४०, ३९.८०, ८८.६०, ७४७.७७, ९२३.२९ र ३८९.१९

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

२. ऋणीको नामः गोपाल इन्फोकम प्रा.लि.
क.द.नं.: ३१४८७९/७९/०८०, दर्ता मितिः २०८०-०३-१९
पान नं.: ६१९७२४५९९, जारी मितिः २०८०/०३/२९
ठेगानाः गोदावरी न.पा वडा नं.३, किटिनी, ललितपुर

अख्तियार प्राप्त व्यक्ति/जमानीकर्ताको नामः अन्नपूर्ण श्रेष्ठ
बाबुः भिम रुद्र श्रेष्ठ
बाजेः जगत लाल श्रेष्ठ
स्थायी ठेगानाः का.म.न.पा वडा नं.३०, काठमाडौं
हालः ललितपुर म.न.पा २, सानेपा, ललितपुर
ना.प्र.नं.:२६३९/१४०४८
जारी मितिः २०४२/१२/०३, जारी स्थानः काठमाडौं
कर्जा किसिमः व्यावसायिक आवधिक कर्जा, शाखा कार्यालयः मुख्य शाखा

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः सुगत श्रेष्ठ
बाबुः श्रीमत श्रेष्ठ
बाजेः श्याम लाल श्रेष्ठ
स्थायी ठेगानाः का.म.न.पा वडा नं. १३, कालिमाटी, काठमाडौं
ना.प्र.नं.: २७-०१-७८-०३५६१
जारी मिति :२०७८/०५/०८, जारी स्थानः काठमाडौं

सुरक्षण धितोको विवरण :
१. गोपाल इन्फोकम प्रा.लि.को नाममा मालपोत (भूमि प्रशासन) कार्यालय दाङमा दर्ता श्रेष्ठा कायम रहेको दाङ जिल्ला घोराही-६/क स्थित कि.नं. ३४०२ र ११६७ को क्षेत्रफल क्रमशः ३०७३.६१ र ३३८.६३ ब.मी भएको घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. गोपाल इन्फोकम प्रा.लि.को नाममा मालपोत (भूमि प्रशासन) कार्यालय बाँकेमा दर्ता श्रेष्ठा कायम रहेको बाँके जिल्ला चटार-२/क स्थित कि.नं. १४०७ को क्षेत्रफल ०-३-१९-० र रझेना-७/क स्थित कि.नं. ७२९ र ७२८ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-२-०-० भएको घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

३. ऋणीको नाम : एलिना होटल एण्ड रेष्टुरेन्ट
दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.)
दर्ता नं. ६१३/०७७/७८, दर्ता मितिः २०७७/०८/२७
पान नं.: ६१२३४३९३३
फर्मको ठेगानाः रामग्राम न.पा. वडा नं. १३ कुनवारटोल, नवलपरासी (ब.सु.प.)

प्रोप्राइटर/जमानीकर्ताको नाम : राम कुमारी चौधरी
पतिको नामः राम प्रसाद चौधरी
ससुराको नामः शिवनाथ थारु
स्थायी ठेगानाः बर्दघाट न.पा. वडा नं.६, नवलपरासी
ना.प्र.नं.: ३६-०१-७२-०३८४६
जारी मितिः २०७२/०७/११, जारी स्थानः नवलपरासी
कर्जा शिर्षकः महिला उद्यमी कर्जा, शाखा कार्यालय : मिलनचोक बुटवल

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क. नाम : राम प्रसाद चौधरी
बाबुको नाम : शिवनाथ थारु
बाजेको नाम : तिजराम थारु
स्थायी ठेगाना : बर्दघाट न.पा. वडा नं.६, नवलपरासी
ना.प्र.नं.: ६८४४६, जारी मितिः २०६०/०२/२५
जारी स्थान : नवलपरासी

सुरक्षण धितोको विवरणः शिवनाथ थारुको बुहारी राम प्रसाद चौधरीको श्रीमती राम कुमारी चौधरीको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय नवलपरासीमा दर्ता श्रेष्ठा कायम रहेको नवलपरासी जिल्ला जमुवाड गा.वि.स. वडा नं. ७ख स्थित कि.नं. ४७७ को क्षेत्रफल १६९.३० ब.मि. को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

४. ऋणीको नामः गनपत धरिकार
बाबुको नामः रामधरी धरिकार
बाजेको नामः दुखवन्ती
स्थायी ठेगानाः प्रतापपुर गा.वि.स.४, नवलपरासी
हालः प्रतापपुर गा.पा. ९, बेलाटारी, नवलपरासी
ना.प्र.नं. ८३८९, जारी मितिः २०३४/०५/०९
जारी जिल्लाः नवलपरासी
कर्जा शिर्षकः व्यक्तिगत कर्जा, शाखा कार्यालयः वर्दघाट

सुरक्षण धितोको विवरण : दुखवन्तीको नाति रामधारी धरिकारको छोरा गनपत धरिकारको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय परासीमा दर्ता श्रेष्ठा कायम रहेको, जिल्ला नवलपरासी प्रतापपुर वडा नं ४, स्थित कि.नं ३६ को जम्मा क्षेत्रफल ८८ ब.मि. को जग्गा र उक्तमा बनेको पक्कि घर र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः मुकेश कुमार धरिकार
बाबुको नामः गनपत धरिकार
बाजेको नामः रामधरी धरिकार
स्थायी ठेगानाः प्रतापपुर गा.वि.स.४, नवलपरासी
हालः प्रतापपुर गा.पा. ९, बेलाटारी, नवलपरासी
ना.प्र.नं. ३६१०४७३०१, जारी मितिः २०६८/०३/२
जारी जिल्लाः नवलपरासी

ख) नामः तेर्सी देवी धरिकार
पतिको नामः गनपत धरिकार
ससुराको नामः रामधरी धरिकार
स्थायी ठेगानाः प्रतापपुर गा.वि.स.४, नवलपरासी
हालः प्रतापपुर गा.पा. ९, बेलाटारी, नवलपरासी
ना.प्र.नं. २७६६६, जारी मितिः २०४६/०२/१३
जारी जिल्लाः नवलपरासी

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

५. क) ऋणीको नाम : थापा एग्रो फर्म
दर्ता गर्ने निकायः नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय सिद्धार्थनगर, रुपन्देही
दर्ता नं.११४१६/०७१/७२, दर्ता मितिः २०७२/०२/०५
पान नं. ६०३१९६७३५
फर्मको ठेगानाः तिलोत्तमा न.पा.वडा नं. १८, रुपन्देही
प्रोप्राइटरको नाम : श्री बहादुर थापा
कर्जा शिर्षकः कृषि सहुलियत कर्जा
शाखा कार्यालय : मिलनचोक बुटवल

ख) ऋणीको नाम : पुनम एग्रो फर्म
दर्ता गर्ने निकायः नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय सिद्धार्थनगर, रुपन्देही
दर्ता नं.२४०२५/०७९/८०, दर्ता मितिः २०७९/०७/२३
पान नं. ६१८९७०७०४
फर्मको ठेगानाः तिलोत्तमा न.पा.वडा नं. १४, रुपन्देही
कर्जा शिर्षकः कृषि आवधिक कर्जा
शाखा कार्यालय : मिलनचोक बुटवल
प्रोप्राइटरको नाम : पुनम थापा मगर

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः श्री बहादुर थापा
बाबु : समसेर बहादुर थापा
बाजे : कमानसिंह थापा
स्थायी ठेगाना : टिकुलीगढ वडा नं.७, रुपन्देही
ना.प्र.नं. : ८२९८, जारी मिति : २०४४/११/१९, जारी स्थानः रुपन्देही

ख) नामः गौमाया थापा
पति : श्री बहादुर थापा
ससुरा : समसेर बहादुर थापा
स्थायी ठेगाना : तिलोत्तमा न.पा वडा नं.१४, रुपन्देही
ना.प्र.नं.: ८/४५९५, जारी मितिः २०४६/०२/२५, जारी स्थानः रुपन्देही

ग) नामः पुनम थापा मगर
बाबु : श्री बहादुर थापा
बाजे : समसेर बहादुर थापा
स्थायी ठेगाना : टिकुलीगढ वडा नं.७, रुपन्देही
ना.प्र.नं. : २/३२४०५
जारी मितिः२०६३/०५/२९, जारी स्थान :रुपन्देही

घ) नामः खेम बहादुर थापा
बाबु : श्री बहादुर थापा
बाजे : समसेर बहादुर थापा
स्थायी ठेगाना : टिकुलीगढ वडा नं.७, रुपन्देही
ना.प्र.नं. : ३०७३५
जारी मितिः २०६२/१०/१०, जारी स्थानः रुपन्देही

ङ) नामः शारदा कुमारी चिदी
पति : पुनम थापा मगर
ससुरा : श्री बहादुर थापा
स्थायी ठेगाना : कोलडाडा वडा नं.५, पाल्पा
ना.प्र.नं. : ३९-०१-७३-०३७९४
जारी मितिः२०७३/०४/२४, जारी स्थानः पाल्पा

धितो सुरक्षणको विवरणः
१. कमान सिंहको नातिको शमसेर बहादुर थापाको छोरा श्री बहादुर थापाको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं.७ख स्थित कि.नं. ९१३ र ९१६ क्षेत्रफल क्रमशः ०-०-१७ र ०-०-१५ को जग्गा र सो जग्गामा रहेको लिगलगापात समेत ।
२. कमान सिंहको नातिको शमसेर बहादुर थापाको छोरा श्री बहादुर थापाको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं.७ख स्थित कि.नं. १०१७ को क्षेत्रफल ०-३-० को जग्गा र सो जग्गामा रहेको लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

६. ऋणीः श्री सुपा देउराली एग्रो एण्ड भिलेज रिसोर्ट प्रा.लि.
दर्ता भएको कार्यालयः नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर
दर्ता नं.: २१६३७६/०७५/७६, दर्ता मितिः २०७६/०२/१७
पान नं. ६०९५४७४१८
फर्मको ठेगानाः शिवराज न.पा.वडा नं. ३ कपिलवस्तु

अख्तियार प्राप्त व्यक्तिको विवरणः
क) नामः दुर्गा प्रसाद पौडेल
बाबुः गेनु प्रसाद पौडेल
बाजे : भुवानन्द पौडेल
स्थायी ठेगानाः जुकेना गा.वि.स.वडा नं.५, अर्घाखाँची
ना.प्र.नं. : १२५७२/८४४३/३३६२
जारी मितिः २०५१/०१/२७, जारी स्थानः अर्घाखाँची

ख) नामः नारायण प्रसाद पौडेल
बाबुः ज्ञान प्रसाद पौडेल
बाजे : फर्सुराम पौडेल
स्थायी ठेगानाः जुकेना गा.वि.स.वडा नं.९, अर्घाखाँची
ना.प्र.नं. : ८६६५/३१९५
जारी मिति : २०७१/१२/९, जारी स्थानः अर्घाखाँची
कर्जा शिर्षकः व्यापार आवधिक कर्जा
शाखा कार्यालयः मिलनचोक बुटवल

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः रिषिराम आचार्य
बाबुः भुवनेश्वर आचार्य
बाजे : बलिभद्र आचार्य
स्थायी ठेगानाः जुकेना गा.वि.स.वडा नं.९, अर्घाखाँची
ना.प्र.नं. : ८७६३/३६२८
जारी मिति : २०५४/१०/९
जारी स्थानः अर्घाखाँची

ख) नामः विष्णु पाण्डे
बाबुः नेत्र प्रसाद पाण्डे
बाजे : मोतीलाल पाण्डे
स्थायी ठेगानाः सिद्धारा गा.वि.स.वडा नं.२, अर्घाखाँची
ना.प्र.नं. : ४७६२/८६५१/३९०५
जारी मिति : २०५६/०५/२७
जारी स्थान : अर्घाखाँची

धितो सुरक्षणको विवरणः सुपा देउराली एग्रो एण्ड भिलेज रिसोर्ट प्रा.लि. को नाममा मालपोत (भूमि प्रशासन) कार्यालय कपिलवस्तुमा दर्ता श्रेष्ठा कायम रहेको कपिलवस्तु जिल्ला चनई गा.वि.स. वडा नं.५ स्थित कि.नं. २८५५ को क्षेत्रफल ५१२.१६ ब.मि. को जग्गा र सो जग्गामा रहेको पक्कि घर तथा लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

७. ऋणीको नामः सदिक्षा सिन्जन किराना पसल
दर्ता गर्ने कार्यालयः नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग कास्की
दर्ता नं.:१७३६२/०७६/०७७ दर्ता मितिः २०७६/०४/२४
पान नं.: ६११४२३५६४, दर्ता मितिः २०७६/०४/३१
फर्मको ठेगानाः पोखरा म.न.पा. वडा नं. ३१ नहरचोक, कास्की

प्रोप्राइटर/जमानीकर्ताको नाम : समिला ओझा
बुबाको नामः लक्ष्मण सुवेदी
पतिको नामः शिवराज ओझा
ससुराको नामः भिम प्रसाद ओझा
ठेगानाः थुम्की गा.वि.स. वडा नं. ९, कास्की
ना.प्र.नं.: १६९९६४, जारी मितिः २०६३/०४/०५
जारी जिल्लाः कास्की
कर्जा शिर्षकः सहुलियतपूर्ण महिला उद्यमी कर्जा। शाखा कार्यालय : पोखरा, कास्की

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः शिवराज ओझा
बाबुको नामः भिम प्रसाद ओझा
बाजेको नामः जुठु ओझा
ठेगानाः थुम्की गा.वि.स. वडा नं. ९, कास्की
ना.प्र.नं.: २३१९४, जारी मितिः २०५०/१०/१३
जारी जिल्लाः कास्की

ख) नामः सदिक्षा ओझा
बाबुको नामः शिवराज ओझा
बाजेको नामः भिम प्रसाद ओझा
ठेगानाः रुपा गा.पा. वडा नं. २, कास्की
ना.प्र.नं.: ४६-०२-७८-०२७४८
जारी मितिः २०७८/११/०६
जारी जिल्लाः कास्की

सुरक्षण धितोको विवरणः भिम प्रसाद ओझाको बुहारी शिवराज ओझाको पत्नी सर्मिला ओझाको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय कास्कीमा दर्ता श्रेष्ठा कायम रहेको कास्की जिल्ला सर्कुतान गा.वि.स. वडा नं. ९ स्थित कि.नं १००६ को क्षेत्रफल १४८४.४१ व.मि.को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण

८. ऋणीको नामः सरिता थारु
बाबुको नामः तुलसी प्रसाद थारु
पतिको नामः जगनारायण थारु
ससुराको नामः बाठे थारु
हालको ठेगाना : वाणगंगा न.पा. वडा नं. ३, कपिलवस्तु
ना.प्र.नं.: १/०८/६७५९९
जारी मितिः २०६२/०९/०७, जारी जिल्लाः कपिलवस्तु
कर्जा शिर्षकः व्यक्तिगत कर्जा, शाखा कार्यालय : जितपुर, कपिलवस्तु

संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण

क) नामः जगनारायण थारु
बाबुको नामः बाठे थारु
बाजेको नाम : मंगल थारु
ठेगाना : वाणगंगा न.पा. वडा नं. ३, कपिलवस्तु
ना.प्र.नं. ८/१२२७
जारी मितिः २०५२/०५/२१, जारी जिल्लाः कपिलवस्तु

सुरक्षण धितोको विवरणः तुलसी प्रसाद थारुको छोरी जगनारायण थारुको पत्नी सरिता थारुको नाममा मालपोत (भूमि प्रशासन) कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेष्ठा कायम रहेको कपिलवस्तु जिल्ला गजेहडा वडा नं. ८ स्थित कि.नं १०३४ को क्षेत्रफल ०-०-७ बि.क.धु. (११८.५१ व.मि.) को जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पुनश्च : माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो सम्पत्तिको संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता, फर्मका प्रोप्राईटर तथा धितो सुरक्षण लेखि दिनुहुने सुरक्षणधनी समेतलाई पूनः अनुरोध गरिन्छ । अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमा नै उपस्थित भई लिलाम सम्बन्धी कार्यको प्रत्यक्ष जानकारी लिनहुन समेत यसै सूचना मार्फत सूचित गएिको छ ।

लिलाम बिक्रीका मुख्य शर्तहरु :
१) बोलपत्र आवेदन फारम मिति २०८३/०२/०२ गते देखि संस्थाको प्रधान कार्यालयबाट रु.१०००/- तिरी प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (PAYABLE - AUCTION DEPOSIT A/C No.9271010200208) खातामा नगद दाखिला गरी सो को सक्कल भौचर वा बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ । यसमा कुनै व्याज गणना हुने छैन ।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ ।
४) शिलबन्दी बोलपत्र फारम मिति २०८३/०२/११ गते बैंकिङ समय भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन ।
५) इच्छुक बोलपत्रदातालाई यस संस्थाको नीति बमोजिम Auction Financing समेतको सुविधा उपलब्ध गराउँन सकिनेछ ।
(लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा साथै शिलबन्दी खोलिने मिति, समय र स्थान यस संस्थाको वेबसाइट www.bestfinance.com.np मा समेत रहेको ब्यहोरा जानकारीको लागि अनुरोध छ) ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २ जेठ ०८३
nayapatrikaofficial @nayapatrika

उपेक्षामा मधेशको संगीत

मधेशमा थुप्रै प्रतिभाशाली संगीतकर्मी जन्मिएका छन्, तर पहुँच अभाव र उपेक्षाका कारण उनीहरू सधैँ ओझेलमा पर्छन्

संगीत



● पवन बराइली



प्रविधिको उपलब्धताका कारण नेपालको संगीत क्षेत्र पछिल्लो समय सहभागिताको दृष्टिले केही हदसम्म समावेशी बन्दै गएको देखिन्छ । तर, मधेशको संगीत र संगीतकर्मीहरू भने उल्लेखनीय रूपमा अझै पनि 'मूलधार' भनिने क्षेत्रमा समावेश भएको देखिन्न । मधेशको संगीतलाई 'अन्य'को स्थानमा राख्ने र मधेशका संगीतकर्मीहरूले नाघ्नुपर्ने संघर्षका उकाली-ओराली अरूको तुलनामा अझै पनि धेरै छ ।

नेपाली संगीत क्षेत्रमा जब नयाँ गीत सार्वजनिक हुन्छ, त्यसको भाषा, लय, प्रस्तुति र अनुहार प्रायः एउटै शैलीका देखिन्छन् । त्यहाँ मैथिली, भोजपुरी, थारू, अवधी संगीत देखिन्न । म्युजिक भिडियो लन्चदेखि स्टुडियोमा नयाँ गीत रेकर्ड गर्दा मधेशको संगीत र संगीतकर्मी अझै पनि देखिन्न । जबकि करिब आधा नेपाल मधेशी भूमिमा बस्छन् । मधेशको संगीतले त्यहाँको समाजलाई पुर्स्तौंदेखि एक ठाउँमा जुटाएर राखेको छ । तर, जब नेपाली संगीतको इतिहास लेखिन्छ, मधेशका संगीत र संगीतकर्मीहरूको योगदान ओझेल पारिन्छ ।

■ नेपाली संगीतमा मधेशको योगदान

नेपाली संगीत बृहत्तर हुनुमा मधेशको संगीतको पनि महत्त्वपूर्ण भूमिका छ । साहित्यकार धीरेन्द्र प्रेमर्षीका अनुसार मिथिला क्षेत्रका संस्थापक राजा मान्यदेवले संगीतशास्त्र लेखेका थिए । पन्ध्रौं शताब्दीमा पण्डित लोचनले नेपाल-मिथिलाको लोकसंगीत र राग निर्माण गरे । तर, यी योगदान आज प्रायः ओझेलमा छन्',उनी भन्छन्,'मिथिलामा संगीत मनोरञ्जन मात्र होइन, पूजा हो । मिथिला स्वायत्त राष्ट्रको रूपमा रहेको थियो र त्यसका गीत-संगीत राष्ट्रियतासँग जोडिएको थियो । तर, अहिले ती परम्परा ओझेल परे ।

विगतमा गीत-संगीत र नृत्यजस्ता कलामा जीवन समर्पित गर्ने मानिसहरूलाई 'गाइने' वा 'बादी' भनेर होच्याइन्थ्यो । प्रेमर्षीका अनुसार मिथिलामा संगीतको आफ्नै परम्परा थियो, जसलाई निरन्तरता दिनेमा धेरैजसो ब्राह्मण समुदायका मानिस छन् । 'नेपाली भनेर भाषा र संस्कृतिको एक पक्षलाई मात्र मान्यता दिइयो । यसले अन्य भाषाभाषीका कलाकारहरूलाई ओझेलमा पारेको छ । मल्लकालमा मैथिली र नेवारीमा लेखिएका साहित्य छन् । तर, त्यो इतिहास नेपाली साहित्यमा समावेश गरिएको छैन,' उनी भन्छन्,'नेपाली भन्नेबित्तिकै खस भाषा र संस्कृति हुनुपर्ने बनाइयो । यसले अरू भाषाभाषी, कलाकार र स्रष्टाहरूलाई ओझेलमा पारेको छ । यसले स्वयं नेपाललाई संकुचित र संकीर्ण बनाएको छ । नेपालको इतिहास नै खुम्च्याइदिएको छ ।'

संगीतज्ञ बुलु मुकारुङका अनुसार २००७ सालतिर परिवर्तनकारी गीतको चर्चा हुँदा गायिका रानुदेवी अधिकारी र गीतकार तारणीप्रसाद कोइरालाको मात्रै नाम लिइन्छ, तर ती गीतका संगीतकार कालुराम मण्डल र हिरालाल मण्डलको योगदानबारे चर्चै हुँदैन । 'कालुराम मण्डल र हिरालाल मण्डलले परिवर्तनकारी गीतका संगीत भरेका थिए । तर, नेपाली संगीतको इतिहासमा उनीहरूको खोज, योगदान र पहिचानलाई समेटिएको पाइँदैन,' उनी भन्छन् 'क्रान्तिकारी गीत गाउने र लेख्नेहरूको नाम इतिहासमा आयो, तर संगीत सिर्जना गर्नेहरू सधैँ ओझेलमा परे ।'

नेपाली संगीतमा मधेशबाट उदाएका संगीतकर्मीहरूको पनि ठुलो योगदान छ । उदितनारायण झा, रामा मण्डल, सीताराम ताजपुरियालगायतका कलाकारले नेपाली संगीतमा उल्लेखनीय काम गरे । उनीहरूले नेपाली मात्र नभएर विभिन्न भाषामा गीत गाएर सांगीतिक क्षेत्रलाई समृद्ध बनाए । मुकारुङका अनुसार नेपाली संगीत क्षेत्रमा पहाडी समुदायको वर्चस्व र राजनीतिक प्रभावका कारण अवसरको पहुँच असन्तुलित बन्यो । 'संगीतमा अवसर मुख्यतः पहाडी समुदायले पाएको देखिन्छ । मधेशका स्रष्टा र संगीत पर्याप्त रूपमा प्रतिनिधित्व हुन सकेनन्,' उनी भन्छन् ।

संगीत क्षेत्रमा पहिचान बनाउने गायकमध्ये अग्रपंक्तिमा पर्छन्, रामा मण्डल । उनका धेरै गीत रेडियो नेपालमा लोकप्रिय बने, जसमा फिल्म गोपीकृष्णको 'कहाँ छ कहाँ...' बोलको गीत विशेष चर्चित छ । उनले एक सयभन्दा धेरै चलचित्रका गीतमा स्वर दिएका छन् । उनले नेपाली, मैथिली, भोजपुरी, थारू, अवधी, नेवारी तथा हिन्दी भाषामा गीत गाएका छन् । यति धेरै योगदान हुँदाहुँदै पनि सार्वजनिक सांगीतिक समारोहमा उनको नाम र योगदानबारे खासै चर्चा हुँदैन । हाल उनी विराटनगरमा बसेर संगीत यात्रालाई निरन्तरता दिइरहेका छन् ।

गायक तथा संगीतकार सीताराम ताजपुरियाले पनि रेडियो नेपालमा ३५ वर्ष काम गरे । 'गौरादहको बजारैमा...', 'ढाकरै बोकी टेकुवा टेकि ठ्याक्कै ठ्याक्कै ठ्याक्कै....', छिटको सारी...'जस्ता उनका गीत निकै चर्चित बने । उनले पनि दर्जनौं भोजपुरी मैथिली गीत गाएका छन् । तर, अहिले उनी सांगीतिक कार्यक्रमहरूमा कमै देखिन्छन् ।

मधेशी मूलका गायक उदितनारायण झा अहिले बलिउड संगीत क्षेत्रमा सक्रिय छन् । पछिल्लो पुस्ताकी गायिका अनु चौधरीलगायत कलाकार सक्रिय रहे पनि नेपालको आधुनिक संगीतमा मधेशी अनुहार र आवाजको उपस्थिति अझै पनि उल्लेखनीय रूपमा देखिँदैन ।

'लोक स्टार' कार्यक्रममा रविराज शाह र सुष्मा झाले गलबन्दी च्यातियो गीत गाएका थिए । शाहले इन्द्रेणी कार्यक्रममा झलकमान गन्धर्वको गीत गाएका थिए । मधेशी मूलकी गायिका मुना सोरेन नेपाल आइडलमा सहभागी भएकी थिइन् । तर, नेपाल आइडल, द भ्वाइस अफ नेपालजस्ता सांगीतिक रियालिटी सोहरूमा मधेशी समुदायको उपस्थिति अत्यन्त न्यून देखिन्छ ।

म्युजिक नेपाल र ओएसआर डिजिटलजस्ता युट्युब च्यानलमा पनि मधेशका गीत वा मधेशी कलाकारका प्रस्तुति तुलनात्मक रूपमा कम देखिन्छन् । प्रिज्म रेकर्डिङ स्टुडियोका श्यामश्वेत रसाइली काठमाडौंका रेकर्डिङ स्टुडियोमा मधेशका संगीतकर्मीका गीतहरू कमै रेकर्ड हुने बताउँछन् । 'मधेशका संगीतकर्मीहरू औंलाले गन्न सक्ने मात्रै छन् । निश्चित ठाउँमा मैथिली, भोजपुरी वा अवधी भाषाका गीत रेकर्ड भए पनि उल्लेख्य रूपमा नेपाली संगीतमा उपस्थिति देखिँदैन', उनी भन्छन्, 'जसरी पूर्व, पश्चिमका लवजमा गीतहरू बन्छन्, मधेशी लवजका गीतहरू खासै बन्दैनन् ।'

पहाडी मूलका गायक-गायिकाका गीतले युट्युब र सामाजिक सञ्जालमा करोडौं दर्शक पाउँदा त्यसको व्यापक चर्चा हुन्छ । रेडियो, टेलिभिजन तथा विभिन्न अवार्ड समारोहमा पनि उनीहरूको उल्लेखनीय उपस्थिति रहन्छ । तर, मधेशका कलाकारका गीतले लाखौं दर्शक पाए पनि ती गीत र संगीतकर्मीले मूलधारका सञ्चारमाध्यम तथा अवार्ड समारोहमा अपेक्षित स्थान पाएको देखिँदैन । यसले नेपाली संगीत क्षेत्रमा सांस्कृतिक असन्तुलन र प्रतिनिधित्वको अभावलाई स्पष्ट रूपमा देखाउँछ ।

नेपाली संगीतमा पहाडी संस्कृतिको प्रभुत्व बढी देखिन्छ । तराई-मधेशका संस्कृति र परम्पराले अपेक्षित स्थान पाउन सकेका छैनन् । मधेशमा थुप्रै प्रतिभाशाली संगीतकर्मी जन्मिए पनि पहुँच अभाव र उपेक्षाका कारण उनीहरू सधैँ ओझेलमा पर्छन् । मधेशी समुदायलाई राज्यले नीतिगत रूपमै लामो समयदेखि मूलधारबाट अलग राख्दै आएको अनुभूति विभिन्न क्षेत्रमा जस्तै संगीत क्षेत्रमा पनि देखिन्छ । नेपाली संगीत क्षेत्रमा एउटा पनि चर्चित मधेशी नाम सहज रूपमा नसुनिनु केवल संयोग मात्र होइन, यसले संरचनागत असमानता र उपेक्षालाई संकेत गर्छ ।

संगीत अन्वेषक रामशरण दर्नाललेआफ्नो पुस्तक 'संगीत परिक्रमा'मा लेखेका छन्,'तराई क्षेत्र प्राचीनकालदेखि विविध संगीतले परिपूर्ण रहिआएको छ । यहाँ परम्परागत गीतदेखि लिएर संस्कार गीत, ऋतुगीत, धार्मिकगीत, विरहगीत र लोकगीतका अनेकौं नमुना देख्न सकिन्छ । गीतमा मात्र होइन, बाजामा पनि यहाँ विविधता पाइन्छ । यसैले नेपाल तराईको भित्री मधेशसम्म जनजीवनका चलेका गीत, बाजा र नाचहरू संकलन गरिनुपर्छ ।'

दर्नालको यो टिप्पणीले मधेशको संगीत परम्परा केवल क्षेत्रीय विषय नभई राष्ट्रिय सांस्कृतिक सम्पदा भएको संकेत गर्छ । तर, विडम्बना त्यही मधेशी समुदायको संगीतकर्मीबारे कहिले चर्चा हुँदैन ।

पछिल्लो समय केही मधेशी युवा कलाकारले डिजिटल प्लाटफर्ममार्फत आफ्नो उपस्थिति बलियो बनाउन थालेका छन् । युट्युब, टिकटकलगायत सामाजिक सञ्जालमा मैथिली र भोजपुरी गीतले लाखौं दर्शक पाउन थालेका छन् । उदाहरणका लागि 'जनचेत्ना'लाई लिन सकिन्छ । जनकपुरका डिके सागर र वीरेन्द्र केशरीलगायत कलाकारले गाएको च्याप गीतले दुई करोडभन्दा धेरै भ्युज बटुलेको छ । उनको गीत भारतीय सहरमा समेत निकै चर्चित भएको थियो । तर, विडम्बना यस्ता गीतलाई नेपाली 'मूलधार'को संगीत क्षेत्रले चिनेन ।

संगीत उद्योगमा मधेशका गायक, संगीतकारले अपेक्षित स्थान पाउन नसकेको संगीतकर्मीको अनुभव छ । संगीतकर्मीहरूका अनुसार यसको मुख्य कारण काठमाडौंकेन्द्रित संगीत बजार, भाषिक विभाजन र पहुँचको असमानता हो । नेपाली संगीत उद्योगमा नेपाली गीत भन्नासाथ अझै पनि खस-आर्य सांस्कृतिक संरचनामा आधारित गीतलाई प्राथमिकता दिने प्रवृत्ति छ ।

गायक तथा संगीतकार रामा मण्डलका अनुसार नेपाली संगीतमा अवसरको अभावसँगै सामाजिक विभेद पनि मधेशी संगीतकर्मीले भोग्दै आएका छन् । मधेशी समुदायका लागि सांगीतिक मूलधारमा प्रवेश गर्न अझै पनि कठिन छ । उनका अनुसार काठमाडौंमा आएर मधेशका संगीतकर्मी स्थापित हुन आर्थिक र सामाजिक रूपमा अत्यन्तै गाह्रो छ । उनको अनुभवले भन्छ, काठमाडौंमा अझै पनि मधेशी मूलका कलाकारलाई फरक दृष्टिले हेर्ने प्रवृत्ति कायम छ । छालाको रङ र बोल्ने लवजका आधारमा हुने विभेदले गर्दा मधेशी कलाकारलाई अन्य समुदायका कलाकारभन्दा बढी संघर्ष गर्नुपर्ने अवस्था छ । 'आर्थिक रूपमा विपन्न कलाकारलाई काठमाडौंमा बसेर संगीत सिक्न र संघर्ष गर्न असम्भवजस्तै छ,' उनी भन्छन्,'आफ्नो पेट पाल्ने कि संगीतमा लाग्ने भन्ने बाध्यताका बिच धेरै मधेशी प्रतिभा पलायन हुनुपर्ने बाध्यता छ ।'

■ चुनौतीहरू

रामा मण्डलले रेडियो नेपालमा २२ वर्ष काम गरे । उनी बिहान ९ देखि ५ बजेसम्म रेडियो नेपालमा काम गर्ने र राति अबेरसम्म होटेलहरूमा गजल गाएर आफ्नो सांगीतिक यात्रालाई निरन्तरता दिए । काठमाडौंमा बस्ने-खाने ठेगान नहुनु र मैथिली भाषा बोल्दा जिस्क्याइनुले मधेशी कलाकारहरूको संघर्षलाई थप कष्टकर बनाउने गरेको उनी सम्झिन्छन् । 'काठमाडौंमा अझै पनि मधेशी हुनु नै एउटा अलग परिचयजस्तो बनाइन्छ । रङ, भाषा र उच्चारणका आधारमा हेपिने अवस्था छ । त्यसैले मूलधारको नेपाली संगीतमा स्थापित हुन हामीले दोब्बर संघर्ष गर्नुपर्छ,' उनी भन्छन् ।

गायक तथा संगीतकार सीताराम ताजपुरियाको अनुभवमा मधेशका कलाकारले प्रायः हेपिएको अनुभूति गर्नुपर्छ । 'रेडियो नेपालमा आउँदा पनि हामीसँग हाम्रो आफ्नै मान्छे कोही थिएन', उनी सम्झिन्छन्, 'संगीतको बाटो सजिलो थिएन । राम थापा र पाण्डव सुनुवारको सहयोगले मेरो यात्रा सम्भव भयो ।'

मधेशका संगीतकर्मीहरूलाई मूलधारमा आउन सबैभन्दा ठुलो बाधा भाषा र लवजले पारेको संगीतकार अर्जुन पोखरेलको बुझाइ छ । संगीतकार पोखरेलका अनुसार उनीहरूमा मैथिली वा भोजपुरी लवजको प्रभाव भएकाले नेपाली भाषाले त्यस्तो लवजलाई सहजै स्वीकार नगर्ने हुँदा संगीतमा मधेशी समुदायले संघर्ष गर्न गाह्रो भएको हो ।'नेपालको संगीत उद्योग लामो समयदेखि काठमाडौंकेन्द्रित छ । जसको पहुँच काठमाडौंसम्म भयो, उसैले अवसर पाउने अवस्था बन्यो । मधेशमा धेरै प्रतिभा छन्, तर उनीहरूलाई राष्ट्रिय प्लाटफर्मसम्म ल्याउने संरचना कमजोर छ ।'



● रामा मण्डल
गायक तथा संगीतकार

काठमाडौंमा अझै पनि मधेशी हुनु नै एउटा अलग परिचयजस्तो बनाइन्छ । रङ, भाषा र उच्चारणका आधारमा हेपिनुपर्छ । त्यसैले मूलधारको नेपाली संगीतमा स्थापित हुन हामीले दोब्बर संघर्ष गर्नुपर्छ ।



● रमेश रञ्जन झा
लेखक तथा अभिनेता

राजनीतिक व्यवस्था फेरिए पनि सोच उस्तै छ । हाम्रो देशमा विविध भाषा र संस्कृतिमा भएका सिर्जनाको उचित मूल्यांकन हुन सकेको छैन । हामीले एक-अर्कालाई समकक्षी रूपमा स्वीकार गर्न सकेका छैनौं । अरूको अस्तित्व अस्वीकार गर्ने मनोविज्ञान अझै जीवित छ ।

■ कसलाई भन्ने मूलधार ?

लेखक तथा अभिनेता रमेश रञ्जन झा 'मूलधार' शब्दलाई दम्भको प्रदर्शनको रूपमा व्याख्या गर्छन् । उनको विचारमा मूलधार भन्नु अर्कोको अस्तित्व अस्वीकार गर्नु हो । उनले कमजोर स्वीकारोक्तिको संस्कार भएको समुदाय र संस्कृतिभित्रबाट 'मूलधार'जस्तो शब्द जन्मिने बताए । 'यसले आफूलाई मात्रै योग्य ठान्छ र अरूलाई टाढा राख्छ', उनी भन्छन्,' मूलधार शब्दले तिमी योग्य छैनौ, हामीसँग प्रतिस्पर्धा गर्ने सक्दैनौ भन्ने सन्देश दिन्छ ।'

उनका अनुसार यस्तो प्रवृत्ति संगीत क्षेत्रलगायत विभिन्न क्षेत्रमा देखिन्छ । 'मूलधार' शब्दले वास्तवमा सत्ताको प्रतिनिधित्व गर्ने उनको बुझाइ छ । 'कुनै समुदायमा सत्ताको दम्भ हुन्छ । उनीहरू आफूलाई शासक र अरूलाई प्रजा ठान्छन्,' उनी भन्छन् ।

उनले नेपालमा गणतन्त्र आए पनि समाजको मनोविज्ञान परिवर्तन हुन नसकेको टिप्पणी गरे । भन्छन्, 'राजनीतिक व्यवस्था फेरिए पनि सोच उस्तै छ । यही मानसिकताले 'मूलधार' भन्ने शब्द प्रयोग गरिरहेको छ ।' झाका अनुसार देशमा एउटा भाषालाई मात्रै प्राथमिकता दिँदा अन्य भाषामाथि अन्याय भइरहेको छ । त्यही भाषाका वक्ता, स्रष्टा र सर्जकले बढी अवसर र स्थान पाउँछन् । राज्यले पनि उनीहरूलाई सहयोग गर्छ, जसका कारण उनीहरूको वर्चस्व स्थापित हुन्छ । ठुलो समुदायबाट मात्रै उत्कृष्ट सिर्जना हुन्छ भन्ने मान्यता गलत रहेको उनी बताउँछन् । राज्यको चरित्र परिवर्तन गर्न आवश्यक रहेको धारणा उनी राख्छन् । 'हाम्रो देशमा विविध भाषा र संस्कृतिमा भएका सिर्जनाको उचित मूल्यांकन हुन सकेको छैन । हामीले एकअर्कालाई समकक्षी रूपमा स्वीकार गर्न सकेका छैनौं,', उनी भन्छन्, 'अरूको अस्तित्व अस्वीकार गर्ने मनोविज्ञान अझै जीवित छ ।'

मधेशको कथामा फिल्म बन्दा पनि चरित्र र गीत गाउन मधेशकै कलाकारलाई अवसर दिनुको सट्टा पहाडी मूलकै कलाकारलाई दिइन्छ । यसले गर्दा मधेशी कलाकारहरू अवसरबाट वञ्चित भइरहेका छन् । पहाडी लोकगीतले मात्र नेपाली लोकगीतको परिचय बोक्नु संगीतको कमजोर पक्ष मान्छन्, पोखरेल ।

उनका अनुसार मधेशको परिवेशमा सिनेमा बनाए पनि त्यसको प्रचार-प्रसार र गीत-संगीत फेरि पहाडी मूलको शैलीमै सिर्जना भइरहेका छन् । उदाहरणका लागि चलचित्र 'लालीबजार'लाई लिन सकिन्छ । चलचित्र बादी समुदायको कथामा आधारित बने पनि संगीत पहाडिया ढाँचामा छ । तर, त्यहाँ उनीहरूको आफ्नै मौलिक लोकभाका, गायनशैली र सांगीतिक प्रस्तुति देखाइएको छैन । उनी भन्छन्, 'बादी समुदायको आफ्नै स्वर, लय र सांगीतिक परम्परा छ । उनीहरूले गाउने शैलीअनुसारका गीतहरू बन्न आवश्यक थियो । तर, फेरि पनि पहाडिया नेपाली लोकगीतकै ढाँचामा उनीहरूलाई प्रस्तुत गर्‍यौं ।'

■ ओझेलमा मधेशका वाद्यवादन

मधेशका लोकगीतले रेडियो नेपाल, तथा 'मूलधार'का सञ्चारमाध्यममा पर्याप्त स्थान पाउन सकेका छैनन् । वाद्यवादनको क्षेत्रमा पनि सारंगी, मादलजस्ता पहाडी वाद्य बज्नुलाई मात्र 'नेपाली संगीत' मान्ने प्रवृत्ति हावी छ । जसले मधेशका परम्परागत वाद्यवादक र सांगीतिक शैलीहरू 'मूलधार'बाट टाढै रहेका छन् ।

मुकारुङका अनुसार मधेशको संगीत त्यहाँका संस्कार, जात्रा, पर्व, भाषा र जीवनशैलीसँग गहिरो रूपमा जोडिएको छ । भन्छन्,'नेपाली संगीत यति विशाल हुनुमा मधेशको संस्कृति, सभ्यता र बाजागाजाको पनि ठुलो योगदान छ । तर, मधेशका बाजा र सांगीतिक परम्परा अझै पनि ओझेलमै छन् ।'

मूलधारको संगीतमा स्थान बनाउनका लागि मिहिनेत र साधना (तपस्या) को ठूलो भूमिका हुन्छ, तर धेरै कलाकार मिहिनेत गर्न नचाहने र हिन्दी गीतको ट्र्याकमा मैथिली वा भोजपुरी गीत गाएर छिटो चर्चा खोज्ने प्रवृत्तिका कारण लामो समय टिक्न नसकेको रामा मण्डलको बुझाइ छ । रेडियो नेपालजस्ता सरकारी निकायमा भोइस टेस्ट पास गर्नुपर्ने कडा नियम थिए, जहाँ धेरै मधेशी गायक-गायिका पुग्न सकेनन् । अहिले अन्य कलाकारजस्तै मधेशका कलाकारहरूमा पनि मिहिनेत गर्ने र सिक्ने प्रवृत्ति कम भएकाले सांगीतिक गुणस्तरमा ह्रास आएको उनी ठान्छन् । नयाँ पुस्ताले पर्याप्त समय दिएर साधना गर्नु नै यसलाई निखार्ने पहिलो सर्त हो । मधेशको संगीतमा अहिले हिन्दी गीतको धुन चोरेर त्यसमा मैथिली वा भोजपुरी शब्द हाल्ने प्रवृत्ति हावी देख्छन् उनी । उनी भन्छन्,'यस्तो कार्यले संगीतलाई धुमिल पारिरहेको छ । यस भण्डारलाई निखार्नका लागि आफ्नै मौलिक धुन र संगीत सिर्जना गर्नुपर्छ । मैथिली भाषा आफैंमा एउटा महासागर हो । यो सागरबाट मौलिक लोकधुनलाई सही ढंगले बाहिर ल्याउन सकेमा मधेशको संगीत जोगिन्छ ।'

नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति शम्भु राई मधेशको भाषा, संस्कृति र संगीतको व्यापक विस्तारका लागि प्रतिष्ठानहरूले अपेक्षित चासो नदिएको बताउँछन् । भन्छन्, 'मैथिली र भोजपुरी गीत-संगीतप्रति पर्याप्त रुचि र प्रोत्साहन देखिएको छैन । मधेशका कला-संस्कृतिलाई राष्ट्रियस्तरमा स्थापित गर्न सरकारी तहबाट सम्मानजनक दृष्टिकोण अपनाइनुपर्छ ।'

रातो मत्स्येन्द्रनाथ रथ जात्रा मिथक र महत्त्व



संस्कृति



● हरिराम जोशी

*ललितपुर, पाटनका हरिराम जोशीले २०१९ सालमै संस्कृतिमा स्नातकोत्तर गरेका हुन् । उनको करिब तीन दर्जन पुस्तक प्रकाशित छन् । उनको नेपाली संस्कृति (२०८२), प्राचीन नेपाल (२०२२), बहिनी पूजा (२०१५), उत्तर प्राचीनकालीन मुद्रा (२०३३), हाम्रो संस्कृति (२०३७), अभिनव वेदादि कोष (२०७६) जस्ता पुस्तक प्रकाशित छन् । जोशीले 'रोलम्बा जर्नल'को तीन दशकभन्दा बढी समयसम्म प्रधान सम्पादक भएर काम गरिसकेका छन् । उनीसँग नेपालको सबैभन्दा लामो रातो मत्स्येन्द्रनाथ रथ जात्राको मिथक र महत्त्वबारे **शान्ति तामाङ**ले कुराकानी गरेकी छिन् :*

रातो मच्छिन्द्रनाथ अर्थात् बुंगद्यःबारे विभिन्न मिथक छन् । ती मिथकमध्ये कतिपय अझै प्रचलनमा छन् । यी मिथकले रातो मत्स्येन्द्रनाथको उत्पत्ति, विकास, यसको निरन्तरताबारे बताउँछन् ।

लिच्छविकालको अन्त्यतिर तथा मल्लकालको सुरुवाततिर १२ वर्षसम्म उपत्यकामा पानी परेन । सबैतिर हाहाकार भयो । गुरु गोरक्षनाथले नवनागलाई आसन बनाई नाग समाधिमा बसेकाले पानी नपरेको कुरा तान्त्रिक तथा गुरु बन्धुदत्तले राजा नरेन्द्रदेवलाई सुनाए । पानी पार्ने अवस्था बनाउन रातो मच्छिन्द्रनाथ उपत्यकामा ल्याउनुपर्ने कुरा उठ्यो ।

त्यसपछि भक्तपुरका राजा, काठमाडौंका बन्धुदत्त आचार्य र ललितपुरका रथचक्र-ललित ज्यापु रातो मत्स्येन्द्रनाथ लिन भारतको आसाम गए । त्यतिवेला आसाममा 'राक्षस'हरूको राज्य रहेको मानिन्छ । मत्स्येन्द्रनाथ पनि 'राक्षस' कुलकै मानिन्छन् । त्यहाँको राक्षसले उनीहरूमाथि हमला गरेका थिए । तान्त्रिक बन्धुदत्त आचार्यले आफ्नो कलाको माध्यमबाट मत्स्येन्द्रनाथ ल्याउन सफल भएको मानिन्छ ।

धार्मिक विधि र विविध कठिन परिस्थिति सामना गरेर रातो मच्छिन्द्रनाथ उपत्यकामा भित्र्याइएको थियो । जब रातो मच्छिन्द्रनाथ बुंगमती ल्याइयो, तब गुरु गोरक्षनाथ उनको आदर स्वागतका लागि उठेपछि नागहरूले मुक्ति पाए । त्यसपछि ठुलो वर्षा भयो । रातो मच्छिन्द्रनाथबाट लोकहित र लोककल्याणकारी कार्य सम्पन्न भएकाले लोकेश्वर भनेर पुकारिनुका साथै प्रत्येक वर्ष रातो मच्छिन्द्रनाथ जात्रा मनाउन थालिएको हो ।

रातो मत्स्येन्द्रनाथ नेपाल ल्याएपछि कहाँ राख्ने भन्ने विवाद भयो । आसाम पुगेका तीनैजनाले तीन मत अर्थात् आ-आफ्नै ठाउँमा राख्ने प्रस्ताव गरे । त्यसपछि सबैभन्दा ज्येष्ठ नागरिकको मतका आधारमा मत्स्येन्द्रनाथलाई पाटनमा राख्ने निष्कर्ष भयो । राय दिनेबित्तिकै ज्येष्ठ नागरिकको मृत्यु भयो । त्यसपछि तीनै सहरमा मत्स्येन्द्रनाथ घुमाउने र देवताले कहाँ बस्न खोज्छन्, त्यहीँ राख्ने निष्कर्ष भयो । रथ घुमाउन थालियो । रथ घुमाउने क्रममा धोबीघाट आइपुग्दा रात पऱ्यो । त्यो दिन धोबीघाटमै रथ राखियो । त्यस क्रममा पाटनका मानिसले बेइमानी गरे भन्ने छ । त्यतिवेला पाटनका १०-१२ जना मानिस कुकुरको भेषमा आएर त्यो रथलाई पाटनतिरै फर्कादिए । रथले पाटनतिर हेरेको देखेपछि काठमाडौंका मानिस मत्स्येन्द्रनाथ पाटनमै बस्न खोजेको ठानेर रथ छाडेर हिँडे ।

धोबीघाट हुँदै रथ पुल्चोक, सुन्धाराको चौबाटो पुगेपछि फेरि त्यहाँका मानिसले पनि पाटनतिर फर्काइदिए । त्यसपछि भक्तपुरका मानिस पनि मत्स्येन्द्रनाथ पाटनमै बस्न खोजेका हुन् भन्ने सोचेर रथ छाडेर हिँडे । त्यसैले, अहिले गाबहालको जात्रालाई काठमाडौंको जात्रा, सुन्धाराको जात्रालाई भादगाउँलेको जात्रा र लगनखेलको जात्रालाई पाटनको जात्रा भनिन्छ ।

तर, यो कथाबारे मेरो फरक मत छ । रातो मत्स्येन्द्रनाथलाई भारतको आसामबाट ल्याइएको भने पनि यो कथा मात्र हो । यसको लिखित इतिहास अहिलेसम्म भेटिएको छैन । प्रत्येक वर्ष बुंगमतीमा मछिन्द्रनाथ लिन जाने गरिएको छ । रातो मत्स्येन्द्रनाथलाई बुंगद्यः पनि भनिन्छ । बुंगद्यः भनेको सानो कुवा वा इनार हो । बुंगद्यःबाट नै बुंगमती नामकरण भएको हो । त्यसैले, रातो मत्स्येन्द्रनाथको उत्पत्तिस्थल बुंगमती नै हो । मलाई लाग्नेचाहिँ रातो मत्स्येन्द्रनाथ बुंगमतीकै देवता हुन् ।

अहिलेसम्म मत्स्येन्द्रनाथलाई आसाम लिन गएको थाहा छैन । आसाममा रातो मत्स्येन्द्रनाथ अर्थात् बुंगद्यःबारे केही अभिलेख पाइएको जानकारी पनि छैन । आसामलाई कथामा मात्र ल्याइएको हो । तर, बुंगमतीबाट ल्याउन थालेको पनि कथा नै हो ।

मत्स्येन्द्रनाथ माझी समुदायका व्यक्ति थिए पनि भनिन्छ । माझी समुदायका भएकाले रथ जात्राका क्रममा लगनखेलमा नरिवल खसाल्ने दिनमा मत्स्येन्द्रनाथका पुजारी अर्थात् पानेजुले लगनखेलमा पानी नभएकै ठाउँमा पनि दुइटा माछा समातेर लैजाने प्रचलन छ ।

रातो मत्स्येन्द्रनाथ रसिक देवता पनि हुन् । महिलाप्रति धेरै झुकाव भएका देवता पनि भनिन्छ । कीर्तिपुरमा उनको महिला साथी छन् । उनलाई पूजा गरेर राखिएको छ । जाउलाखेलबाट रथ तान्ने अघिल्लो दिन अहिले पनि यहाँबाट मछिन्द्रनाथलाई बुंगमती लैजाने भयो भन्ने जानकारी गराउन एक भारी रोटी लिएर पानेजुहरू जानकारी गराउन जान्छन् ।

■ यसरी जोडियो भोटो

नेपाल खाल्डोको पानी कटिसकेपछि बनेको टौदहको प्राकृतिक ताल अर्थात् दह हो । टौदहमा कर्कोटक नागराज बस्थे । एक दिन नागराजकी रानीको आँखा दुख्छ । नागराजले रानीको औषधि गराउन भनेर मान्छेको रूप धारण गरी वैद्य भेट्न आए । आफ्ना समस्या राखेर वैद्यलाई रानीकोमा लिएर गए । बिरामी रानीको उपचार गरे । रानीको आँखा ठिक भयो । रानीको आँखा ठिक भएपछि नागराजले हर्षित भएर हिरामोतीजडित भोटो उपहार दिए । भोटो बोकी घर फर्केर आउँदा वैद्यलाई पिसाब लाग्यो । त्यो भोटो राखेर पिसाब फेर्नतर्फ लाग्दा चोरले भोटो चोरेर भाग्यो । जाउलाखेल पुगेपछि चोर समातियो । त्यतिवेला रातो मत्स्येन्द्रनाथको रथ राखेर पूजाआजा भइरहेको थियो । त्यही वेला भोटोको मालिक पत्ता लगाउन देउताका अगाडि सत्य वाचा गराउने भनियो ।

दुईजनामध्ये जसले सत्य बोल्छ, उसैलाई भोटो दिने भन्ने भयो । चोरले चोरेकै भएर भोटो आफ्नो भन्ने हिम्मत गरेन । वैद्यलाई पनि त्यो भोटोप्रति आशंका लागेर आफ्नो भन्न सकेनन् । त्यसपछि भोटो मत्स्येन्द्रनाथकै जिम्मा लगाइयो । त्यहीअनुरूप भोटो देखाउने प्रचलन सुरु भयो । यो करिब सात सय वर्षपहिलेको कुरा हो ।

> यो रथ तान्ने जात्रा मात्र होइन, मानिसलाई एकतामा बाँध्ने सूत्र पनि हो । यो पर्व हिन्दु, बौद्ध, शैव सबैले मनाउँछन् । यो जात्राले मानिसलाई एकतामा बाँधेको छ । एकताको लागि यस्ता पर्वले काम गरिरहेका छन् । त्यसैले, जात्रालाई कथाका रूपमा मात्र होइन, राष्ट्रिय महत्त्वका रूपमा स्थापित गर्नुपर्छ ।

यो रथ तान्ने जात्रा मात्र होइन, मानिसलाई एकतामा बाँध्ने तत्त्व पनि हो । यो पर्व हिन्दु, बौद्ध, शैव सबैले मनाउँछन् । यो जात्राले मानिसलाई एकतामा बाँधेको छ । एकताको लागि यस्ता पर्वले काम गरिरहेको छ । त्यसैले जात्रालाई कथाका रूपमा मात्र होइन, राष्ट्रिय महत्त्वका रूपमा स्थापित गर्नुपर्छ ।

सूचक



● शान्ति तामाङ



समयको साक्षी सालिक

देशमा हुने राजनीतिक परिवर्तनको प्रतिबिम्ब सालिकहरूमा देखिन्छ

कुनै राजनीतिक समूहले निर्माण गरेको सालिक एकाध वर्ष बित्दा फेरि अर्को समूहले भत्काउँछ । सालिक भत्काउने समूह सत्तामा पुग्छन्, र आफ्नो पक्षको सालिक ठड्याउँछन् । एउटा समय भएपछि उनीहरू फेरि सत्ताबाट ओर्लिन्छन् । उनीहरूको पक्षले बनाएको सालिक फेरि अर्को समूहले भत्काउँछन् । एक दृष्टिबाट हेर्दा देशमा हुने राजनीतिक रस्साकस्सीको प्रतिबिम्ब सालिकमा देखिन्छ । सालिक समयको साक्षी बनिरहेका छन् ।

सालिक कुनै विशिष्ट व्यक्ति, ऐतिहासिक पात्र, वा सहिदको सम्मान, स्मरण र पहिचानका लागि ढुंगा धातु, माटो वा अन्य सामग्रीबाट बनाइएको प्रतिमूर्ति हो । विशेषतः सम्मान, ऐतिहासिक महत्त्वलगायत कारण सालिक निर्माण हुन्छ । सोहीअनुरूप बाँकेको नेपालगञ्ज उपमहानगरभित्र जेन-जी आन्दोलनका क्रममा सहिद भएका दुई सहिदको अर्धकदको सालिक अनावरण भएको छ । वैशाख १८ गते शुलभराज श्रेष्ठ र आयुष थापाको सालिक अनावरण गरिएको हो । नेपालगञ्ज धम्बोझीका यी युवाको जेन-जी आन्दोलनका क्रममा भदौ २३ गते सहादत भएको थियो ।

भदौ २४ गते जेन-जी आन्दोलनका क्रममा उपमहानगरपालिकाभित्रै सहिद सेतु विक, कांग्रेस नेता बिपी कोइराला, गणेशमान सिंह, नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको सालिक तोडफोड भएको थियो । उपमहानगरपालिकाले तोडफोड भएका सहिद र नेताका सालिक पुनः निर्माण गरिसकेको छ । गत भदौमा सहिद स्मृति प्रतिष्ठान रुपन्देहीका संस्थापक अध्यक्ष स्वर्गीय रामप्रसाद बज्राडे टंकमणिको सालिकको अनावरण भयो । नेकपा नेता पुष्पकमल दाहाल प्रचण्डले सालिक अनावरण गरेका थिए । टंकमणि अखिल क्रान्तिकारीका महासचिव हुँदै माओवादी जनयुद्धका क्रममा सैन्य ब्युरो सदस्य थिए ।

गत वर्षकै वैशाखमा चितवनको भरतपुर महानगरपालिका-१ रामनगरमा नेपालको पहिलो सहिद लखन थापाको सालिक निर्माण गरिएको छ । सालिक निर्माणका लागि महानगरपालिकाले ११ लाख ४९ हजार खर्च गरेको थियो । गत वर्ष खोटाडको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुइपामा सालिक निर्माण भएको छ । किराँती राजा यलम्बरको ११० फिट अग्लो पूर्णकदको प्रतिमासहितको यलम्बर पार्क (उद्यान) निर्माण भएको हो । कोशी प्रदेश सरकारको ७० र नगरपालिकाले ३० प्रतिशत लगानी गरी करिब १४ करोड लागतमा फाइबर प्रयोग गरेर पार्क निर्माण गरिएको हो ।

गत वर्ष नै बागलुङमा पृथ्वीनारायण शाहको सालिक अनावरण गरिएको छ । ३०३औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर नेपाली सेनाको २३ नम्बर बाहिनी अड्डा बागलुङमा उक्त सालिक अनावरण गरिएको हो । २०७९ असार १७ गते प्रकाश दाहालको सालिक नुवाकोटको ककनीमा निर्माण भयो । १७ गते तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सालिक अनावरण गरेका थिए । नेपाल पर्वतारोहण संघ र ककनी गाउँपालिकाले संयोजनमा सालिक निर्माण भएको थियो ।

०७५ सालमा बैतडीमा पृथ्वीनारायण शाहको २१ फिट अग्लो सालिक निर्माण भएको छ । यो सालिक दशरथ चन्द नगरपालिकाले निर्माण गरेको हो । एक करोड लागतमा सालिक निर्माण गरिएको हो ।

यी पछिल्लो समय निर्माण गरिएका केही सालिकका उदाहरण हुन् । ०६२/६३ र मधेश आन्दोलनका क्रममा पनि धेरै सालिक फोडिए । ०६४ साल जेठ ३ गते तत्कालीन माओवादीले तोडफोड गरेको पृथ्वीनारायण शाहको सालिक ०७० माघ महिनामा गोरखामा निर्माण भयो । गोरखा नगरपालिका-१ मा रहेको गोरखा संग्रहालयपरिसरमा ६ वर्षपछि सालिक ठड्याइएको हो । पुरातत्त्व विभागको पहलमा ६ महिना लगाएर यो सालिक निर्माण भएको थियो ।

साप्ताहिक राशिफल

२ जेठ ०८३ (शनिबार)
८ जेठ ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

धार्मिक, सामाजिक तथा परोपकारजन्य क्रियाकलापमा मन जाला । राजनीति र नोकरीमा उन्नति होला । राजनीतिक भेटघाट तथा बैठकमा समय व्यतीत हुनेछ । अरूको मन जित्न सकिनेछ । नयाँ काम र जिम्मेवारी मिल्ने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । प्रतिनिधिमूलक यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट गर्ने मौका छ । बिहीबारदेखि खर्च अलि बढ्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

व्यवसायबाट सोचेको लाभ मिल्नेछ । अरूको मन जित्न सकिनेछ । नयाँ काम र जिम्मेवारी मिल्ने समय छ । रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ । बिहीबारदेखि केही झमेला, विवादको योग छ । केही अस्वस्थता र कामको दायित्व बढ्नेछ तापनि प्रयत्न चर्दा इच्छाएको वस्तु प्राप्त होला ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

न्यायिक निर्णय तपाईंकै पक्षमा फैसला हुनेछन् । चुनौतीलाई किनारा लगाउँदै काम बनाउन सकिनेछ । व्यापार-व्यवसायमा फाइदा होला । शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ । शत्रुबाधा समाप्त होला । प्रशस्त धनलाभ हुनेछ । अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ । प्रेम र मित्रताको गाँठो कसिनेछ । व्यवसायमूलक भ्रमणको सम्भावना छ । आतिथ्यपूर्ण सम्मान पनि पाइएला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

नयाँ काम गरी आम्दानी बढाउन सकिनेछ भने भौतिक सम्पत्ति तथा स्थायी सम्पत्ति जोड्न सकिनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी हुनेछ । बुधबारदेखि व्यापार-व्यवसायबाट फाइदा हुनेछ । पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । प्रतिस्पर्धीहरू पराजित होलान् । आर्थिक पक्ष पनि सबल बन्नेछ । काममा उत्साह थपिनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

अदालत वा न्यायालयबाट हुने न्यायसम्पादन तपाईंकै पक्षमा फैसला हुनेछन् । यात्राको प्रबल सम्भावना रहेको छ । सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । प्रशस्त धनआर्जन गर्ने मौका छ । पढाइलेखाइको गतिमा कमी आउने देखिन्छ । आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ । सप्ताहान्तमा व्यवसायबाट लाभ होला । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

राजनीति तथा सामाजिक काममा आलोचनासहितको समर्थन र पदप्राप्तिको योग छ । मानसम्मान बढ्नेछ । बोलीकै प्रभावले महत्त्वपूर्ण काम सम्पादन हुने समय छ । आत्मबल बढ्नेछ । गरेका कामबाट प्रशस्त फाइदा उठाउने मौका छ । वैचारिक क्षमता बढ्नेछ । प्रतिस्पर्धीहरूले हार खालान् । विगतका कमजोरीलाई सुधार गर्ने मौका छ । पारिवारिक सहयोग र सद्भाव बढ्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

खाद्यान्न तथा गरगहनाको व्यापारमा उल्लेख्य वृद्धि हुनेछ । राजनीति तथा सामाजिक काममा आलोचनाको सामना गर्नुपर्नेछ । कामबाट विश्राम लिने मौका छ । प्रियजनसँग भेटघाटको समय छ । विभिन्न उपहारसमेत पाइएला । तपाईंको विचारलाई धेरैले मन पराउनेछन् । बोलीकै भरमा काम बन्ने देखिन्छ । आतिथ्यपूर्ण सम्मान र सहयोगीहरूबाट साथ पाइनेछ । कर्मयोगमा अभिवृद्धि हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सुरुमा अलि दौडधुप गर्नुपर्ला, खर्चको मात्रा पनि बढ्नेछ । तापनि, अनुकूल स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ आफन्तजन भेटिएलान् । शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ । मनपर्ने वस्त्र, अलंकार आदि लाभ होला । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ । मानसम्मान पाइनेछ । आम्दानी पनि प्रशस्तै हुनेछ । सहयोगीहरू जुट्नेछन् । अधुरा काम बन्नेछन् ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सामाजिक तथा कल्याणकारी काम गरी समाजमा नाम कमाउन सकिनेछ । थोरै बोलेर वा बोलीकै माध्यमबाट धेरै काम गर्न सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । बुधबार भने आकस्मिक खर्च बढ्नेछ । तापनि, वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । टाढाको यात्रा गर्ने सम्भावना रहेको छ । बिहीबारदेखि काममा उत्साह, आरोग्य एवं स्फूर्ति बढ्नेछ । भेटघाटले प्रसन्नता मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

प्रेममा एक-अर्कालाई विश्वास गर्न सकिनेछ भने जीवनसाथीको सहयोगले राम्रा काम गर्न सकिनेछ । नयाँ काम गर्ने मौका छ । रोकिएका काम सम्पादन गर्ने समय आएको छ । आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । आम्दानी पनि प्रशस्तै हुनेछ ।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

नयाँ कामको प्रस्ताव आउनेछ भने नोकरीमा पदोन्नति हुनेछ । शत्रु तथा प्रतिस्पर्धीहरू परास्त हुनेछन् । मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी भइएला । मंगलबारपछि भने केही समस्यामा परिनेछ । बिहीबार साँझदेखि स्थितिमा सुधार आई समयअनुकूल बन्नेछ । धर्मकर्ममा मन जाला । समाजसेवा, परोपकारजस्ता प्रतिष्ठा बढ्ने काम सम्पादन हुनेछन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भबाटै बिस्तारै नयाँ जिम्मेवारी पाइनेछ । धार्मिक क्रियाकलापमा रुचि जाग्नेछ । मानसम्मान बढ्नेछ, प्रशंसा पाइएला । रमाइलो भ्रमणको सम्भावना छ । नयाँ काम गर्ने मौका मिल्नेछ । आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । आयआर्जनमा सुधार आउनेछ । अरूको मन जित्न सफल भइनेछ । कर्मसिद्धिको समय छ ।

स्वास्थ्य



● डा. भावना तामाङ

दाँतले मानिसको सौन्दर्य र आत्मविश्वास दुवैलाई प्रभाव पार्छ । दाँतले नै मानिसको व्यक्तित्व झल्काउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसका लागि दाँतको स्याहार गर्ने कुरामा हामी सजग हुनैपर्छ । मुखबाट दुर्गन्ध आउने, दाँत पहेँलो हुने, गिँजा सुन्निने वा दाँत सड्ने समस्या प्रायः दाँतको उचित हेरचाह नगर्दा देखिन्छ । त्यसैले दाँत र मुखको नियमित सरसफाइ गर्नु अत्यन्त आवश्यक हुन्छ । कम्तीमा ६ महिनामा एकपटक चिकित्सकलाई देखाउँदा राम्रो हुन्छ ।

दाँत सफा नराख्दा मुखमा मात्र होइन, शरीरका अन्य भागमा समेत स्वास्थ्य समस्या देखिन सक्छ । मुखमा रहेका किटाणु बढ्दै जाँदा संक्रमण फैलिन सक्ने भएकाले समयमै दाँतको जाँच र उपचार गराउनु राम्रो मानिन्छ । धेरैजसो मानिस दाँत दुखेपछि मात्र अस्पताल पुग्ने गरेको पाइन्छ । तर, नियमित परीक्षण गराउँदा समस्या सुरु हुनुअघि नै रोकथाम गर्न सकिन्छ ।



सालिक भत्काउने समूह सत्तामा पुग्छन्, र आफ्नो पक्षको सालिक ठड्याउँछन् । एउटा समय भएपछि उनीहरू फेरि सत्ताबाट ओर्लिन्छन् । उनीहरूको पक्षले बनाएको सालिक फेरि अर्को समूहले भत्काउँछन् । सालिक समयको साक्षी बनिरहेका छन् ।

०७८ मा झापाको भद्रपुरस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक मध्यराति तोडफोड भयो । चारआली-केचना सडक खण्डअन्तर्गत भद्रपुर-९ मा रहेको देवकोटाको अर्धकदको सालिक अज्ञात समूहले तोडफोड गऱ्यो । तीन वर्षअघि कञ्चनपुरको महेन्द्रनगरमा सहिद भीमदत्त पन्तको सालिक तोडफोड भयो । राजसंस्था पुनर्स्थापनाको माग गर्दै भएको प्रदर्शनका क्रममा स्थानीय भीमदत्त उद्यानभित्र प्रवेश गरेर सहिद पन्तको सालिक तोडफोड भएको थियो ।

०७९ वैशाखमा हटौंडा उपमहानगरपालिका-९ मा रहेको मदन भण्डारी र जीवराज आश्रितको सालिक तोडफोड भयो । अज्ञात व्यक्तिले पार्कभित्र रहेको सालिक तोडफोड गरेका थिए । ०७९ मै नेपालगञ्जको धम्बोजी चोकमा राजा वीरेन्द्रको सालिक राख्न नपाएपछि आक्रोशित समूहले न्युरोडस्थित सहिद सेतु विकको सालिक तोडफोड गऱ्यो । सहिद विकको सालिकमाथि यो दोस्रोपटक आक्रमण भएको थियो । यसअघि पनि मध्यरातमा आगो लगाएर सालिक फुटाइएको थियो ।

> अहिलेको सालिक निर्माणको क्रम आफ्नो संस्कृति, सभ्यतालाई पुनर्स्थापना गर्ने, बचाउनेभन्दा पनि स्थानीय तहको स्वार्थमा केन्द्रित देखिन्छ । मठ, मन्दिर, सालिकको निर्माणमा जसरी बजेट खन्याउने काम भएको छ, यसमा प्रश्न गर्नुपर्छ ।

सालिक निर्माणका साझेदार स्थानीय तह

पछिल्लो दशक सालिक निर्माणको काम तीव्र गतिमा भइरहेको छ । यसका लागि स्थानीय तह लगानीकर्ताजस्तो भएको देखिएको छ । ०७४ मा निर्वाचित धेरै जनप्रतिनिधिले सालिक निर्माणमा विभिन्न तह र तप्कासँग लागत साझेदारी गरेका छन् । कतिपय अवस्थामा प्रदेश र संघलाई समेत बजेट व्यवस्था गरिदिन आग्रह गरेको देखिन्छ । गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डेका अनुसार समुदायले अपनत्व लिएको, इतिहास उजागर गर्ने विषय, परम्परादेखि चलेको र इतिहास जीवित राख्नुपर्छ भन्ने विषय आयो भने सालिक निर्माण हुन्छन् ।

'सालिक निर्माणका लागि कतिपय सन्दर्भमा ऐतिहासिक व्यक्ति, ठाउँलाई देखाएर समुदायले माग गर्छन् । कतिपय अवस्थामा महत्त्वपूर्ण विषय बचाउनुपर्छ, उजागर गर्नुपर्छ भनेर वडादेखि नै योजनामा परेर आउँछन्,' पाण्डे भन्छिन्, 'हामीले औचित्य देखेनौं भने योभन्दा राम्रो अरू गर्नु छ पनि भन्छौं ।' पहिले नै निर्माण भएका सन्दर्भमा भने स्थानीय तहले प्राय संरक्षणका नाममा काम गर्छ । धेरै महत्त्वपूर्ण व्यक्ति वा विषयमा सालिक निर्माण गर्नुपर्ने अवस्थामा स्थानीय तहले प्रदेश र केन्द्रलाई समेत सिफारिस गर्ने गरेको उनले बताइन् ।

'इतिहास बचाउन जगेर्ना गर्नुपर्छ । स्थानीय मान्यता, परम्परा, पर्यटन भित्रिने जस्ता विषय, छुट्टै महत्त्व बोकेको विषय भएमा सालिक निर्माण गर्नुस्, होइन भने लगानी नगर्नुस् भन्छौं,' उनी भन्छिन्, 'मूल्य, मान्यता हेरेर प्रदेश, संघमा पनि प्रस्ताव गर्छौं । अति महत्त्वपूर्ण कुरा छ, तर ओझेलमा परिरहेको छ । समुदायले सम्बन्धित विषयले इतिहास जोगाउँछ भनेमा प्रवर्द्धन गर्छौं । संघलाई पनि सिफारिस गर्छौं । सिफारिस भएपछि छनोट पनि भएका छन् ।'

तर, पछिल्लो समय भने सालिक निर्माण कम भएको उनको दाबी छ । '०७४ सालको हाम्रो कार्यकालमा धेरै सालिक निर्माण भएका थिए । यो कार्यकालमा त्यति धेरै निर्माण भएका छैनन् । संघ, महासंघका तर्फबाट पनि उनुत्पादक क्षेत्रमा लगानी नबढाऔं भनेर सर्कुलर जारी गरिरहेका हुन्छौं,' उनले भनिन् ।

सालिक निर्माणले शासकको प्रभुत्व फैलाउने

सालिक निर्माणको सन्दर्भमा अध्येता राजेन्द्र महर्जन भने फरक मत राख्छन् । उनी सालिक निर्माणको अधिकांश क्रम शासकले आफ्नो वर्चस्व र प्रभुत्व फैलाउनकै लागि गरेको बताउँछन् । 'सालिक निर्माणको इतिहास हेर्दा मैले गज्जबको शासन गर्ने भनेर प्रचार गर्न, देशको लागि सक्षम मान्छे म नै हुँ, तिमीहरूलाई संरक्षण गर्ने म नै हुँ भन्ने अहंकार, प्रचारबाजीका लागि सालिक निर्माण भएको थियो । अहिले पनि त्यस्तै छ,' उनले भने, 'त्यसको काउन्टरमा बिस्तारै संघर्ष गरेका मान्छेको पनि सालिक बनाउन जरुरी छ भनरे काउन्टर भाष्य निर्माणका लागि सालिक बने । त्यसको सकारात्मक पाटो भनेको राज्य सञ्चालकको प्रभुत्वविरुद्ध लडेकाहरूको योगदानलाई कदर गर्नुपर्छ भन्ने भएको छ ।'

पछिल्लो चरणमा भएको सालिक निर्माण जुन ढंगको बाढी आएको छ, त्यो बाढीले मूलतः बजेट बाँडफाँडका कुरा, बजेटसँग जोडिएको स्वार्थ देखिएको उनको बुझाइ छ । 'आफ्नो गाउँठाउँको, समुदायको पनि प्रतीक स्थापना गर्ने, त्यसका आधारमा पर्यटकीय क्षेत्र बनाउने भन्ने पनि देखिन्छ,' उनी भन्छन्, 'अहिलेको सालिक निर्माणको क्रम आफ्नो संस्कृति, सभ्यतालाई पुनर्स्थापना गर्ने, बचाउने भन्दा स्थानीय तहको स्वार्थमा केन्द्रित छ कि भन्ने प्रश्न छ । मठ, मन्दिर, सालिकको निर्माणमा जसरी बजेट खन्याउने काम भएको छ, यसमा प्रश्न गर्नुपर्ने अवस्था छ ।'


सालिक निर्माण हुँदै जाँदा शिक्षा, स्वास्थ्य, रोजगार, विकास, आममानिसका जनजीविकाको सवाल हराएको उनको दाबी छ । 'पहिचान, संस्कृति, सभ्यता बचाउने कुरा गर्नैहुँदैन भन्ने होइन,' उनी भन्छन्, 'मुखमा माड छैन, सालिक उठाउँदै हिँड्ने हो भने त्यतिवेलाको स्थानीय तह प्रमुख, मन्त्री वा प्रधानमन्त्रीको नाक जोगिएला, तर त्यही सालिक हेरेर मान्छेको पेट भर्दैन । यसले मान्छेको संस्कृति, सभ्यताको विकास पनि हुँदैन ।'

दुई दशकयता सालिक निर्माणका काम मात्र भएका छैनन् । भत्काउने, तोडफोड गर्ने गतिविधि पनि उत्तिकै भएका छन् । यस्ता नकारात्मक कार्य उचित नभएको उनको तर्क छ । 'आलोचनात्मक रूपमा लेख्न सकिन्छ, बोल्न सकिन्छ । अर्को सालिक, अर्को मूर्ति वा विचार स्थापना गर्न सकिन्छ । आन्दोलनका क्रममा हिंसात्मक, संकीर्ण खालको अवस्था आउँछ । त्यो राम्रो होइन, त्यो मानवीय र लोकतान्त्रिक हुँदैन,' उनले भने ।

क्रान्ति सफल बनाउन ज्ञानमा ध्यान



योग



● रामचन्द्र शर्मा

प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन'ले सरकारका कदम 'ज्ञान क्रान्ति हो' भनेका छन् । छोटो अवधिमा अधिकार तथा संगठनात्मक संरचनाको ढाँचामा मूलभूत सकारात्मक परिवर्तन गर्दै कमजोर अवस्थालाई मजबुत बनाउनु हो । प्रयोग हुने औजारअनुसार क्रान्ति धेरै प्रकारका हुन्छन् । ज्ञान क्रान्ति ज्ञानको औजारले सम्पन्न हुन्छ । अन्य शस्त्र प्रयोग हुने क्रान्ति रक्तपातपूर्ण र विनाशकारी हुन्छ भने ज्ञान अस्त्रको प्रयोगले असल व्यक्तित्व निर्माण गर्ने हुँदा ज्ञान क्रान्ति रचनात्मक हुन्छ ।

देशमा कहिले शान्तिपूर्ण त कहिले सशस्त्र आन्दोलन धेरै भए । व्यवस्था बदलिएर संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आउँदा पनि अपेक्षित परिवर्तन आएन देशमा । जसले गर्दा देशको अवस्था परिवर्तन गर्नकै लागि भनेर जेन-जी पुस्ताले गत भाद्र २३ र २४ गते बलिदानीपूर्ण आन्दोलन गर्नुपऱ्यो । वर्तमान सरकारको जग नै जेन-जी आन्दोलन भएको हुँदा आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदको परिवर्तनको सपनालाई सरकारले प्राथमिकता दिनु स्वाभाविक नै हो ।

जेन-जी आन्दोलनका घटना खोजबिन गर्न गठित कार्की आयोगको प्रतिवेदन कार्यान्वयनबाट काम सुरु गरेको वर्तमान सरकार सुकुम्बासी समस्या तत्कालीन र दीर्घकालीन रूपमा समाधान गर्न जुटेको छ । भ्रातृ संगठनमार्फत हुँदै आएको सर्वत्र राजनीतीकरणको ढोका बन्द गर्न तथा राजनीतिक नियुक्ति प्रतिस्पर्धात्मक बनाउन अध्यादेश ल्याइएको छ । न्यायपरिषद्ले पठाएका नाममध्येबाटै प्रधानन्यायाधीशको सिफारिस गरेको छ । हिजो बालुवाटारकेन्द्रित भएर गरिने शासनशैली बदलेर सिंहदरबारकेन्द्रित बनाएको छ । आर्थिक उन्नतिका लागि आवश्यक कानुन तर्जुमा गर्दै संविधान संशोधनको बहस व्यवस्थित ढंगले उठाएको छ । सयबुँदे सुधारका कार्यक्रम घोषणा गर्दै त्यसमै केन्द्रित भएर नीति तथा कार्यक्रम र बजेट ल्याएको छ । संविधानको दायरामा रही देशको अवस्था बदल्न आवश्यक कामको तयारीमा जुटेको सरकारको विरोध गर्नुपर्ने खास कारण देखिँदैन । तर, नेपाली कम्युनिस्ट पार्टीले सरकारविरुद्ध आन्दोलनको घोषणा नै गरिसकेको र प्रमुख विपक्षी दल नेपाली काग्रेस तयारीमा देखिन्छ । एमाले महासचिवले प्रधानमन्त्रीसँग 'ज्ञ' क्रान्तिको खाका मागेका छन् भने श्रम संस्कृति पार्टीको अध्यक्षले राजीनामा । केही अगुवा नागरिक विरोधमा छन् त केहीले समर्थन गरेको देखिन्छ । प्रधानमन्त्रीले सरकारको ध्यान द्रुत गतिमा जनअपेक्षा सम्बोधन गर्नमा केन्द्रित छ, कसैले भ्रम सिर्जना नगरिदिन र कोही पनि भ्रममा नपरी सरकारलाई काम गर्न देऊ भन्ने आह्वान गरेका छन् । सरकारले सही काम गरेको दाबी गरेको र विपक्षी दलसमेतले गलत भएको छ भन्ने विरोधाभास देखियो । यो विरोधाभास आध्यात्मिक दृष्टिबाट खोतल्ने प्रयास गरिएको छ, यस लेखमा ।

ज्ञान के हो भन्ने बुझेपछि मात्रै सरकारका काम ज्ञान क्रान्ति छन् वा छैनन् भन्ने बुझ्न सकिन्छ । अष्टावक्र गीता अध्याय १ श्लोक ९- एको विशुद्धबोधोहमिति निश्चयवन्हिना । प्रज्वाल्याज्ञानगहनं वीतशोकः सुखी भव ॥ अर्थात् मनुष्यको आत्मा नै शुद्ध ज्ञानस्वरूप हो । जो स्थान, वस्तु र समयको सीमाबाट रहित छ । जसमा भएको जाज्वल्यमान प्रकाशले अज्ञानरूपी वन भष्म गराई सुखी बनाउँछ । भागवत गीता अध्याय २ श्लोक ५६ - दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः । वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥ अर्थात् सुख र दुःखमा मनलाई समत्वमा राख्ने, जसको मनमा राग, भय र क्रोध नष्ट भएको हुन्छ, त्यस्तो मुनि स्थितप्रज्ञ कहलाउँछ ।

दुवै गीताका यी श्लोकले बोध नै ज्ञान हो, ज्ञानले ज्ञानीलाई नै भस्म गरेर ज्ञान मात्र बाँकी राख्छ । ज्ञान नै मुक्ति हो भन्ने प्रस्ट्याउँछ । ज्ञानले नै बांगो शरीरका अष्टावक्र ऋषि बने । अष्टावक्र ऋषि र राजा जनकको संवादले जनक राजर्षि कहलिए भने अष्टावक्र गीता बन्यो त्यो संवाद । जसलाई महागीता पनि भनिन्छ । हाम्रै पुर्खा ऋषि वेदव्यासमा भएको ज्ञान र हस्तिनापुरको राजगद्दी बेवास्ता गर्दै जंगलमा ज्ञानमा ध्यान गरी वेद र भागवत गीता रचना गरे । वेदका कर्मकाण्डीय कामकुरा परिमार्जन गरी गीता रचिएको हुँदा गीताज्ञान आज पनि विश्वमै श्रेष्ठ र दुःख निवारणको सर्वौषधि (ज्ञान, भक्ति र कर्मयोगको समष्टि) साबित भएको छ । वर्षौंसम्म मानव समाजले गीता ज्ञानको लाभ उठायो । बुद्धको पालासम्म आइपुग्दा लोकधर्मले विसंगति भित्र्यायो समाजमा । वेदान्त र गीता ज्ञानको सार थाहा पाएका सिद्धार्थ गौतमले ज्ञानको सार उद्घाटित गर्ने माहोल दरबारमा नभेटिने ठानी जंगलमा गएर ध्यान गरेर चार आर्य सत्य दुःख छ, कारण तृष्णा हो, तृष्णा मेटाउन सकिन्छ र तृष्णा मेट्न दृष्टि, संकल्प, वाणी, कर्म, आजीविका, व्यायाम (प्रयास), स्मृति (सजगता) र समाधि (ध्यान) सम्यक् हुनुपर्छ, सम्यकता नै समाधान हो भन्ने ज्ञान पत्ता लगाए ।

भागवत गीता मन र आत्माको संवाद हो भन्छन् आचार्य प्रशान्त । पुरानो आदतबाट विवश एक प्रेमी हो मन । मनको एउटा पाटोमा सत्य र अर्को पाटोमा पुरानो आदत हुन्छ । पुरानो आदत भनेको अधर्म हो । मनले सत्यसँग प्रेम त गर्छ, तर पुरानो आदत मनमाथि हाबी हुन्छ । मन आदतको पछि लागेर सत्य दूरी बढाउँछ । अनि, अधर्म बढ्छ र दुःख निम्तिन्छ । दुःखबाट मन भित्रैदेखि टुट्छ र आत्मातिर मोडिन्छ । यसरी, अधर्मले धर्मको हानि गरेपछि धर्मको हानि नै धर्म स्थापनाको कारण बन्छ । त्यसैले, जब-जब धर्मको हानि हुन्छ, तब-तब कृष्णको उदय हुन्छ, भनिएको हो गीतमा । मनको प्रतिनिधि अर्जुन र सत्यको प्रतिनिधि कृष्ण हुन् । मन आत्मातिर जानु कृष्ण अवतारित हुनु हो ।

अध्यात्म पनि मन र आत्माको संवाद हो । सबैखाले झुकाव तिरोहित गर्ने कुराको नाम हो अध्यात्म । तर, अहिले समाजमा अध्यात्म एक विशेष झुकाव हो भन्ने गलत अर्थ लगाएर अध्यात्म कामना पूर्तिको माध्यम बनाएको हुँदा निष्कामता हराउँदै गई विश्व नै अस्तव्यस्त बनेको छ भन्ने तर्क छ आचार्य प्रशान्तको ।

ज्ञान चेतना हो । चेतना हो थाहा पाउने क्षमता । प्रकृतिले मनुष्यलाई चेतना बढाउने सबै क्षमता र उपकरण (बुद्धि र बोधले चेतनाको उचाइ बढाउने समझदारी) दिएर जन्माएको छ । मनुष्य अनन्त चेतनामा प्रस्न सक्छ । चेतनाको अनन्तता नै आत्मा हो । आत्मानुभूति गरी स्वस्थ किशोर बनेर आकाशमा उड्न सक्छ मनुष्य । असुरक्षित हुन्छु कि भन्ने डरले बुढेसकालसम्म पनि प्रकृति माताको काखमै बस्छ । आकाशतर्फ उडान भर्न प्रकृतिले दिएको बुद्धि विवेकको उपकरण जंगल सखाप, नदी खराब र पहाड फोहोर पार्नमा दुरुपयोग गर्छ । आफ्नै सन्तान भएको हुँदा काखबाट गलत्याउन नसक्ने प्रकृति माताले खान त दिन्छन्, तर कस्तो सन्तान जन्माएछु भनेर माथा पिट्छिन् । आध्यात्मिक गुण दिएरै पठाएको आफ्नो सन्तानले श्रद्धा संयम साधना गरेर मान, मद, मात्सर्य मोह, माया काट्ने ज्ञान (प्रज्ञा) जगाएर राज गरोस् भन्ने भित्री चाहना हुन्छ प्रकृति माताको ।

प्रकृतिले नै जन्माएको हुँदा आरम्भिक अवस्थामा देहभाव हुन्छ नै । जन्माएकी आमाको काखमा मात्र रहेर जीवन सफल हुन सक्दैन र जन्मनुको लक्ष्य पनि होइन त्यो । देह भनेको मन हो । जीवनको लक्ष्य मुक्ति प्राप्त गर्न मनभन्दा पर आफैंभित्र विराजमान आत्माको अनुभूति गर्नपर्छ । मनमै सीमित भइयो भने दुःखको बन्धनमा परिन्छ ।

जड र चेतनको बेमेल गठबन्धनबाट मनुष्य जीवनको जन्म नै दुःखपूर्ण छ । त्यसैले, जीवनमा हुनु छ जीवन हुनुछैन । हुनु भनेको वर्तमान हो । वर्तमान नै सत्य हो र सत्य हो आत्मा । त्यसैले, जीवनमा हुनु हो जीवन हुनु होइन भनिन्छ । अर्थात्, मन छ यो तथ्य हो, चाहिन्छ पनि । मनमा सीमित नभएर आत्मा प्रवेशको द्वार बनाउनुपर्छ मन । तथ्य सत्यको द्वार हो । मन अहंकारको घर भएको हुँदा मनमा सीमित हुनुहुँदैन भनिएको हो । अहंकारको असली आहारा हो नाम रूपको पहिचान । अहिले पुराना दलमा आफ्नो पहिचान हराउने हो कि भन्ने डर उत्पन्न भएको छ । डर भविष्यसँग जोडिएको हुन्छ । बाहिरी घटना डरको एउटा कारण मात्र हो । घटनालाई मनले भविष्यसँग जोडेर यसो होला कि उसो भनेर काल्पनिक कहानी बनाउँछ । त्यो काल्पनिक विचारलाई साँचो ठानेपछि डर विस्तार हुँदै ठुलो भएर भयभीत पार्छ । पुराना दलको विरोध डरको उपज हो ।

साक्षीभावले डर हटाइदिन्छ । किनकि, साक्षीभावले वर्तमानमा ल्याइदिन्छ । मनका काल्पनिक विचारको हलचल देखाइदिन्छ । देख्दा हेर्ने आफू र मनको हलचलबिच दूरी महसुस हुन्छ । दूरीले मन र आफू भिन्न भएको थाहा हुन्छ । अनि मनको हलचलसँग नजोडिइने हुँदा मनमा आफैं उत्पन्न भएको डरको विचार एकछिन रोकिएर आफैं जान्छ । साक्षीभाव जागरुकता हो । जागरुकतालेे ज्ञान जगाउँछ । ज्ञानले भय र क्रोध जलाइदिन्छ ।

प्राचीन ऋषिले भनेका थिए कि जब मनुष्यले आफ्नो मन हेर्ने कला जान्दछ, तब उसको जीवनको दिशा बदलिन्छ । साक्षीभावले मनलाई रोक्दैन, मनको पकडलाई बिस्तारै खुकुलो बनाउँदै लगिदिन्छ । बाहिरी परिस्थितिसँग कम प्रभावित हुन्छ । उसको भित्र एक शान्त स्थान बन्न थाल्छ । त्यो हो आत्मानुभूति ।

अन्त्यमा, भागवत गीता अध्याय १२ श्लोक १२ ले ज्ञानमा ध्यान गर्नु ज्ञानभन्दा श्रेष्ठ छ भन्छ । पुराना दल एवं वर्तमान प्रधानमन्त्रीसमेतले ज्ञानमा ध्यान दिन जरुरी छ । तब ज्ञान क्रान्ति सफलतापूर्वक सम्पन्न भएर हामी सबै नेपालीको हित हुनेछ ।

कसरी गर्ने दाँतको सुरक्षा ?

स्वस्थ दाँतले राम्रो मुस्कान मात्रै होइन, समग्र स्वास्थ्यलाई पनि सुरक्षित राख्न सहयोग गर्छ



दाँतमा खाना अड्किएपछि कीटाणुले त्यसलाई विघटन गर्दा अम्ल उत्पन्न हुन्छ, जसले दाँतको बाहिरी तह बिस्तारै कमजोर बनाउँछ । यही कारणले दाँतमा किरा लाग्ने वा सड्ने समस्या हुन्छ । यसबाट बच्न खाना खाएपछि कुल्ला गर्ने, दिनमा कम्तीमा दुईपटक ब्रस गर्ने र आवश्यकताअनुसार फ्लस प्रयोग गर्ने बानी बसाल्नुपर्छ ।

कलरफुड धेरै मात्रामा खानुहुँदैन । सकेसम्म नखाँदा नै राम्रो हुन्छ । ब्रसिङ गर्ने तरिका धेरै मान्छेलाई आउँदैन । सबैले दाँतको फोहोर सफा गर्ने भनेर कडा तरिकाले ब्रस गरेको पाइन्छ । त्यो आफैंमा गलत हो । एउटै दाँतको एरियामा १०-१५ मिनेट ब्रस गरेको पनि देखिन्छ । ब्रस तीन मिनेट गरे पुग्छ । ब्रस गर्दा कडा ब्रस प्रयोग गर्नु हुँदैन । नरम ब्रसको प्रयोग गर्नुपर्छ । हार्ड ब्रस प्रयोग गर्दा दाँतको फोहोर सबै आउँछ भन्ने बुझाइ छ । तर, यो मिथ मात्रै हो । त्यसले झन् दाँतमा खिया लाग्छ । ब्रसिङले मात्रै दाँतको फोहोर जान्छ भन्ने हुँदैन । दाँतको बिचमा धेरै खानेकुरा अड्किएको हुन्छ । त्यसका लागि ब्रससँगै फ्लासिङ टेक्निकबाट फोहोर निकाल्नुपर्छ । हामी बिहान-बेलुका ब्रस गर्छौं । खाना खाएको हरेक समय ब्रस गर्न सम्भव नहुन सक्छ । खाएको वेलामा पाँच मिनेट समय दिएर मुख कुल्ला गर्ने बानी बसाल्नुपर्छ । यसो गर्दा दाँत सफा हुन्छ ।

मुख गन्हाउने समस्या धेरै मानिसमा देखिने सामान्य, तर असहज अवस्था हो । यसले सामाजिक सम्बन्ध र आत्मविश्वासमा असर पार्न सक्छ । मुखको सरसफाइ राम्रो नभएमा, पानी कम पिउँदा, दाँतमा किरा लाग्दा, गिँजाको संक्रमण हुँदा वा धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गदा मुखबाट दुर्गन्ध आउन सक्छ । यस समस्याबाट बच्न नियमित रूपमा दाँत माझ्ने, जिब्रो सफा गर्ने, पर्याप्त पानी पिउने र खाना खाएपछि मुख कुल्ला गर्ने बानी आवश्यक हुन्छ । धेरै गुलियो खानेकुरा, अत्यधिक कफी तथा धूम्रपानबाट टाढा रहनुपर्छ । यदि लामो समयसम्म मुख गन्हाउने समस्या रहिरह्यो भने दन्त चिकित्सकसँग परामर्श लिनुपर्छ, किनकि कहिलेकाहीं यो अन्य स्वास्थ्य समस्याको संकेत पनि हुन सक्छ । स्वस्थ दाँतले राम्रो मुस्कान मात्रै होइन, समग्र स्वास्थ्यलाई पनि सुरक्षित राख्न सहयोग गर्छ ।

मुख गन्हाउने समस्याले व्यक्तिको व्यक्तित्वमा नकारात्मक प्रभाव पार्छ । यस्तो अवस्थामा मुखबाट दुर्गन्ध आउँछ, जसले स्वास्थ्यमा समस्या भएको संकेत दिन्छ । लगातार मुख गन्हाउने समस्या मानसिक तनाव, आत्मविश्वासमा कमी, र कहिलेकाहीं डिप्रेसनको कारण पनि हुन सक्छ । आफ्नै सास आफैंलाई गन्हाएको थाहा नहुँदा यो समस्या बुझ्न कठिन हुन्छ, त्यसैले दन्त चिकित्सकसँग नियमित जाँच गराउनु आवश्यक छ । लामो समयसम्म मुख गन्हाउने समस्या रहँदा अरु समस्या पनि हुन सक्छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



‘विकास’ले पहिचान खोस्यो राज्यले दिएन विकल्प

डुंगा चलाउने पेसा हराएपछि माझी समुदाय वैकल्पिक कर्ममा लागेका छन्, तर समुदायको पहिचान भने मासिँदै गएको छ



सीमान्त



● श्रीबहादुर माझी, अध्येता

माझी समुदायको पहिचान प्रकृतिसँग गहिरो रूपमा जोडिएको छ। विशेषगरी, नदी, जंगल र जमिनसँग माझीको जीवन र संस्कृति अभिन्न रूपमा गाँसिएको छ। परापूर्व कालदेखि माझी समुदाय नदीकिनारमा बसोवास गर्थे। डुंगा तार्ने, माछा मार्ने, जाँड बनाएर आयआर्जन गर्ने गर्थे। सिमलको काठबाट डुंगा बनाउने उनीहरूको विशिष्ट सीप हो।

माझीहरूको पहिचान पानीसँग जोडिएको छ। माझी र नदीको मामा भाञ्जाको साइनो हुन्छ। त्यसैले नदीसँग माझी अलग हुन सक्दैन। पहिले माझी समुदायको जीवन पूर्ण रूपमा नदीमा आधारित थियो। पुरुषहरूले डुंगा चलाउने, मानिसलाई घाट वारपार गराउने र माछा मार्ने काम गर्थे। महिलाहरूले नदीकिनार र चौतारीमा जाँड बेचेर घरको आयआर्जन गर्थे। यसरी डुंगा, माछा र जाँड उनीहरूको जीवनको मुख्य आधार थिए। यो केवल पेसा मात्र होइन, सामाजिक र सांस्कृतिक जीवनसँग जोडिएको प्रणाली थियो।

नदीकिनारमा साना, होचा, खरका छाना भएका घर माझी बस्तीको पहिचान हुन्थे। यात्रुहरूले घाटमा आइपुग्दा पुरुषहरूले डुंगा चलाउँथे भने महिलाहरूले चौतारीमा जाँड बेच्थे। यसले उनीहरूलाई सम्मानजनक जीवनयापनको आधार दिएको थियो। तर, समयसँगै यी सबै परम्परागत पेसा क्रमशः हराउँदै गए। पुल निर्माण, सडक विस्तार र आधुनिक यातायातका साधनको विकाससँगै डुंगा चलाउने पेसा लगभग समाप्त भयो। डुंगा चल्ने घाटहरू हराएपछि त्यससँगै जोडिएका अन्य पेसा पनि हराउँदै गए।

केहीले साना व्यापार, किराना पसल, कुखुरा फार्म वा ठेक्कापट्टाजस्ता काम अपनाएका छन्। अरू समुदायले गर्ने काममा उनीहरू पनि लागेका छन्। यसले जीविकोपार्जन सम्भव बनाएको छ, तर परम्परागत पहिचान भने हराउँदै गएको छ।

माझी समुदायका लागि खेतीपाती गर्ने जमिन छैन। पहिले माझीहरूले प्रयोग गरेका धेरैजसो जमिन दर्ता थिएन। दर्ता नभएकाले पछि सार्वजनिक वा अन्यको नाममा गएको छ। जसले माझी समुदायको कृषिमा निर्भरता घटाएको छ। माझीहरूमा पनि प्रकृतिलाई संरक्षण गर्दै त्यसको उपयोग गर्ने र संरक्षण गर्ने सन्तुलित अभ्यासको परम्परा देखिन्छ। तर, नेपालमा अन्धाधुन्ध विकास मोडलले यो सन्तुलनलाई गम्भीर रूपमा भत्काइदिएको छ। माझी समुदायलाई राज्यले विकासका नाममा गरेको हस्तक्षेपले जीवनशैलीमा गम्भीर असर पारेको छ। संविधानले भाषा, संस्कृति र परम्पराको संरक्षण गर्ने व्यवस्था गरे पनि व्यवहारमा त्यसअनुसार काम भएको छैन।

माछा, डुंगा, बालुवा र नदीसँग सम्बन्धित सम्पूर्ण ज्ञान माझीहरूको जीवनको हिस्सा हो। तर, अहिले यी सबै स्रोतमा उनीहरूको पहुँच घट्दै गएको छ। पहिले उनीहरूले प्रयोग गर्ने नदीकिनारका ढुंगा, बालुवा र अन्य स्रोत अहिले ठेक्कामार्फत बाहिरका मानिसले प्रयोग गरिरहेका छन्। आफ्नै स्रोत प्रयोग गर्न पनि माझीहरूले कर तिर्नुपर्ने अवस्था आएको छ। यसले उनीहरूको परम्परागत अधिकार खोसिएको छ।

माझीहरूले पूजा गर्ने कोशीकिनारका स्थल पनि अहिले संकटमा परेका छन्। कतिपय ठाउँमा ती स्थलमा बजार, सार्वजनिक संरचना वा अन्य गतिविधि सञ्चालन गरिएका छन्। यसले धार्मिक र सांस्कृतिक असर पुगिरहेको छ।

माछा मार्ने पेसा पनि संकटमा पऱ्यो। डुंगा हराएपछि नदीको माछा पनि हरायो। डुंगा चलाउने पेसा हराएपछि माझी समुदाय वैकल्पिक रोजगारी खोज्न बाध्य भयो। अहिले धेरै माझीहरू वैदेशिक रोजगारी पुगेका छन्।

सिमलको रुखबाट डुंगा (लाउ) बनाउने परम्परा यसको एउटा महत्त्वपूर्ण उदाहरण हो। यो प्रजातिको रुख माझी समुदायले काटेर डुंगा बनाउँथे। यो रुख जंगलमा माझीहरूले संरक्षण पनि गर्थे। प्रयोगसँगै उनीहरूले जोगाउँथे पनि। अहिले यो रुख पाउन मुस्किल छ।

माछा मार्ने पेसा पनि निकै प्रभावित भएको छ। नदीमा विष हाल्ने, करेन्ट लगाउने, बम प्रयोग गर्नेजस्ता गतिविधिले माछाको संख्या घटाएको छ। साथै, नदीमा डोजर चलाउने, ढुंगा उत्खनन गर्ने र प्रदूषण बढ्नेजस्ता कारणले माछाको वासस्थान नष्ट भएको छ।

नदीमा सीधै ढल मिसिने, फोहोर फाल्ने र अव्यवस्थित विकासले पानी प्रदूषित भएको छ। यसले माछा मात्र होइन, मानिसको स्वास्थ्यमा पनि असर पारेको छ। माझी समुदायले माछा आफैं मार्न नपाएर बजारबाट किनेर खानुपर्ने अवस्था आएको छ। माझीहरूको धेरै संस्कार, संस्कृतिमा माछाको प्रयोग हुन्छ। जुन समुदायले पहिले नदीबाटै जीवन चलाउँथ्यो, आज उसैलाई पानीसम्म किनेर खानुपर्ने अवस्था आएको छ।

ढुंगा बनाउने र चलाउने सीप पनि हराउँदै गएको छ। नयाँ पुस्ताले यो सीप सिक्न छाडेका छन्। यसले सांस्कृतिक निरन्तरता नै जोखिममा परेको छ। यद्यपि, माझी समुदायले अझै पनि आफ्ना परम्परा जोगाउने प्रयास गरिरहेको छ। राज्यले चाह्यो भने यी परम्परालाई आधुनिक ढाँचामा संरक्षण गर्न सक्छ।

उदाहरणका लागि, जाँडलाई ब्रान्डिङ गरेर सुरक्षित रूपमा बजारमा ल्याउन सकिन्छ। यसले माझी समुदायका महिलालाई आयआर्जनको अवसर दिन सक्छ। कतिपय अवस्थामा राज्यले नै हस्तक्षेप गरेर जाँड बनाउन र बेच्न रोक लगायो। यसले हाम्रो जीविकोपार्जनमा ठुलो असर गऱ्यो। माझी समुदायका महिलाको जाँड बेच्ने चलन हराउँदै गयो। यो समुदायको जाँडसँग बेग्लै संस्कृति छ। त्यसैगरी, जलयातायातमा माझी समुदायलाई प्राथमिकता दिइनुपर्छ। माछा संरक्षणमा पनि माझीको ज्ञान उपयोगी हुन सक्छ। नदी संरक्षण, प्रदूषण नियन्त्रण र अवैध गतिविधि रोक्न राज्यले प्रभावकारी कदम चाल्नुपर्छ।

जलविद्युत् आयोजना, ड्याम र डाइभर्सन परियोजनाले माझी समुदायलाई थप विस्थापनको जोखिम बढाएको छ। सुनकोशी-मरिन डाइभर्सनलगायत परियोजनाले नदीको स्वरूप परिवर्तनले माझी बस्ती डुबाउने खतरा छ। यस्ता परियोजनाले देशलाई फाइदा पुऱ्याउन सक्ला। तर, स्थानीय माझी समुदायको जीवनमा धेरै ठुलो असर पर्छ। हाम्रो बस्ती विस्थापित भयो भने भाषा, संस्कृति, परम्परा हराउने खतरा छ।

राज्यले माझीलाई मुआब्जा दिन्छ होला। तर, मुआब्जा दिएर मात्र समस्या समाधान हुँदैन। किनभने नयाँ ठाउँमा गएपछि समुदाय विखण्डित हुन्छ, जसले सांस्कृतिक अस्तित्व नै हराउँछ। माझी समुदायले विकासको विरोध गरेको होइन। हाम्रो माग विकाससँगै आफ्नो पहिचान, संस्कृति र परम्परागत पेसाको संरक्षण गरियोस् भन्ने हो। हाम्रो जीवनशैली जोगियो भने मात्रै हाम्रो अस्तित्व बाँच्छ। नत्र, हामी नाम मात्रको समुदाय भएर हराउनेछौं। हाम्रो परम्परागत अधिकारको सम्मान, प्राकृतिक स्रोतमा पहुँच र संस्कृति संरक्षणका लागि ठोस नीति बनाउन आवश्यक छ। यसका लागि राज्यले हस्तक्षेप मात्र होइन, संरक्षण र सहकार्यको भूमिका खेल्नुपर्छ। तब मात्रै माझी समुदायको रैथाने जीवनशैली र पहिचान जोगिन सक्छ।

समयसँगै यी सबै पेसा क्रमशः हराउँदै गए। पुल र सडक बनेपछि डुंगा तार्ने काम बन्द भयो। डुंगा चल्ने घाटहरू नै हराए। त्यससँगै माझी समुदायको जाँड बेच्ने र माछा मार्ने पेसा पनि संकटमा परे। अहिलेको अवस्था यस्तो भएको छ कि माझी समुदाय आफैं माछा किनेर खानुपर्ने अवस्थामा पुगेको छ।

धेरै ठाउँमा माझी बस्ती विस्थापित भए। जस्तै, खाडीचौर क्षेत्रमा जलविद्युत् आयोजना बनेपछि त्यहाँका माझीलाई हटाइयो। त्यससँगै उनीहरूको भाषा, संस्कृति र पेसा पनि हराउँदै गयो। राज्यले हस्तक्षेप गरेर बस्ती हटायो, तर वैकल्पिक जीविकोपार्जनको व्यवस्था भने गरिएन। विकासका नाममा बनेका पुल, जलविद्युत् आयोजना र बाँधहरूले माझीहरूको पुख्यौंली पेसा र थातथलो खोस्दै गएको छ। आधुनिकतासँगै यस समुदायको भाषा, संस्कृति र पहिचान संकटमा परेको छ।

माझी समुदायले आफ्नो पहिचान जोगाउन पटक-पटक आवाज उठाए पनि राज्यबाट पर्याप्त सहयोग पाएको छैन। संविधानले धर्म, भाषा, संस्कृति संरक्षणको कुरा गरे पनि व्यवहारमा त्यसअनुसार काम भएन। नदीसँग जोडिएको उनीहरूको सांस्कृतिक सम्बन्ध पनि कमजोर बन्दै गएको छ। माछा, डुंगा र नदीसँग जोडिएका ज्ञान र सीप माझीहरूको विशेष पहिचान थियो। तर, अहिले यी सबै हराउने अवस्थामा पुगेका छन्।

माझीले पूजा गर्ने कोशीका स्थानसमेत मासिँदै गएका छन्। कतिपय ठाउँमा ती स्थानमा बजार वा सार्वजनिक संरचना बनाइएका छन्। जसले माझीहरूको धार्मिक अभ्यासमा समेत असर पुऱ्याएको छ।

- कुराकानीमा आधारित

स्वास्थ्य



● रिस पेरी



अर्को कोभिड होइन हान्टाभाइरस

एन्डिज भाइरस संक्रमितहरूका लागि खतरनाक भए पनि यसले विश्वव्यापी महामारी बन्ने क्षमता देखाएको छैन

‘एमभी होन्डियस’ नामक डच क्रुज जहाजका यात्रुहरूमा मुसाबाट सर्ने हान्टाभाइरसको घातक संस्करण एन्डिजभाइरस फैलिएको घटनाले अहिले विश्वको ध्यान तानेको छ। केहीले क्रुज जहाजको प्रकोपलाई कोभिड महामारीको सुरुवाती दिनसँग समेत तुलना गरिरहेका छन्, जुन उपयुक्त भने होइन। निश्चित रूपमा क्रुज जहाजमा देखिएको हान्टाभाइरस रहेको ‘एन्डिज’ संस्करण गम्भीर प्रकृतिको छ। र, अधिकारीहरूले जुन सावधानीका साथ प्रतिक्रिया जनाइरहेका छन्, त्यो सही छ। तर, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)सहित स्वास्थ्यविज्ञहरूले यस भाइरसमा ‘अर्को कोभिड’ बन्न आवश्यक विशेषता नभएको बताएका छन्।

मे १३ सम्म, स्वास्थ्य अधिकारीहरूले क्रुज जहाजसँग सम्बन्धित नौ ‘केस’को रिपोर्ट गरेका छन्, जसमध्ये आठमा एन्डिज भाइरस भएको पुष्टि भएको छ भने एकजनामा भने शंका मात्र गरिएको हो। पुष्टि भएका आठमध्ये तीनजनाको मृत्यु भइसकेको छ।

‘एमभी होन्डियस’ अप्रिल १ मा करिब १४९ मानिस बोकेर अर्जेन्टिनाको उस्वाइअ भन्ने ठाउँबाट हिँडेको थियो। २३ देशका नागरिक रहेको जहाजमा उल्लेख्य संख्या भने स्पेन, फ्रान्स, बेलायत र अमेरिकाका थिए। त्यस्तै, चालक सदस्यमा ठुलो हिस्सा फिलिपिनो नागरिक रहेको जहाज कम्पनीले जनाएको छ।

अर्जेन्टिनाबाट अन्टार्कटिका र दक्षिण एटलान्टिकका विभिन्न निर्जन टापुको भ्रमण गर्ने उद्देश्यले अघि बढेको जहाजमा अप्रिल ६ मै पहिलो मानिसमा रोगका लक्षण देखिन थालेको थियो। हाल जहाज चढ्नुअघि नै संक्रमित भएको शंका गरिएका ती व्यक्तिको ११ अप्रिलमा मृत्यु भयो। २४ अप्रिलमा ‘सेन्ट हेलना’ टापु पुग्दा जहाजमै रहेकी मृतकको श्रीमती सिकिस्त बनेपछि उनलाई नजिकैको जोहान्सवर्ग सहरमा ‘एअर एम्बुलेन्स’मार्फत लगियो। दुई दिनपछि उनको पनि मृत्यु भयो। तिनै महिलामा पहिलोपटक एन्डिज भाइरस भएको पुष्टि गरिएको थियो। योसँगै जहाजलाई निगरानीमा राखेर सबै यात्रुलाई विभिन्न देशका अस्पतालमा क्वारेन्टाइनमा लगिएको छ।

■ कसरी फैलिन्छ हान्टाभाइरस ?

‘हान्टाभाइरस’ सामान्यतया मुसा, छुचुन्द्रो र मुसा समूहका अन्य जीवमा पाइने भाइरस समूह हो। संक्रमित मुसाको दिसा, पिसाब, च्याल वा शरीरका अन्य तरल पदार्थ रहेको स्थानमा सास फेरेपछि मानिस प्रायः संक्रमित हुन्छन्। हालसम्म पहिचान भएका पचासभन्दा बढी हान्टाभाइरसका अधिकांश संस्करण मानिस-मानिसबिच फैलिएको भेटिएको छैन।

यसमा एन्डिज भाइरस भने अपवादका रूपमा रहेको छ। संक्रमित मुसाबाट सुरुमा मानिसमा सरेपछि यो मानिसबाट मानिसमै सर्ने गरेको पुष्टि भएको एक मात्र हान्टाभाइरस प्रजाति हो। तथापि, यस भाइरसको विस्तार पनि त्यति सहज देखिँदैन।

विशेष मुसाबाट संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा सरे पनि मानिसबाट सरेको व्यक्तिबाट स्वस्थ्य मानिसमा विस्तार भने असामान्य देखिन्छ। मानिसबाट अर्को मानिसमा पनि जति सरेको छ, ती प्रायः एउटै घरभित्र बसोवास गर्ने परिवारका सदस्यका बिच घनिष्ट सम्पर्कको समयमा मात्र फैलिएको प्रमाण भेटिन्छ। त्यस्तै, भिडभाड वा हावाको कम बहाव भएको क्षेत्रहरूमा लामो समयसम्म सम्पर्क रहेको अवस्थामा भाइरस सर्न सक्छ। हान्टाभाइरस सर्ने यो तरिका कोभिड रोग लगाउने सार्स-सिओभी-२ को फैलिने तरिकाभन्दा धेरै फरक छ।

सार्स-सिओभी-२ हावाबाटै छिट्टै सर्न सक्छ। यसले गर्दा संक्रमित व्यक्तिले आफू बिरामी भएको महसुस गर्नुअघि नै अरू धेरैलाई संक्रमित गरिसकेको हुन्छ। प्रारम्भिक अनुमानअनुसार सार्स-सिओभी-२ को प्रकोप उच्च भएको समयमा प्रत्येक संक्रमित व्यक्तिले लगभग दुई वा बढी मानिसलाई यो भाइरस सारेका थिए।

एन्डिस भाइरस मानिसबाट मानिसमा सर्न धेरै परिस्थिति मिल्नुपर्छ। यसका लागि संक्रमित व्यक्तिसँगै हावाको बहाव कम भएको (ठुला झ्याल नभएका बन्द कोठाजस्तो अवस्था) स्थानमा लामो समयनजिकको सम्पर्कमा रहेका व्यक्तिमा मात्र यो भाइरस सार्न सक्छ। खासमा ‘एमभी होन्डिअस’ क्रुज जहाजमा यी सबै परिस्थिति मिलेको थियो : हावाको कम बहाव हुने बन्द माहोल र लामो समयनजिकको सम्पर्क हुने अवस्था।

सार्स-सिओभी-२ को उच्च प्रसार क्षमताका कारण विश्वव्यापी महामारी निम्त्यायो भने एन्डिज भाइरसको विस्तार क्षमता सुस्त रहेकाले यसले केवल नियन्त्रित प्रकोप मात्र ल्याएको छ।

■ के-के हुन् एन्डिस भाइरसका लक्षण ?

एन्डिज भाइरस संक्रमणको प्रारम्भिक लक्षणहरूमा ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने, वाकवाकी लाग्ने र थकानको महसुस हुने देखिन्छन्। यी लक्षण अन्य धेरै रोगसँग मिल्ने भएकाले ‘एमभी होन्डिअसका’ संक्रमितहरूमा सुरुमा त्यति वास्ता गरिएको थिएन। केही मानिसहरूमा, संक्रमणले ‘हान्टाभाइरस पल्मोनरी सिन्ड्रोम’ निम्त्याउन सक्छ। ज्यान लिन सक्ने यो अवस्थामा बिरामीलाई सास फेर्न गाह्रो हुन्छ।

> पछिल्लो समय घातक भाइरलका कुनै पनि सीमित प्रकोपमा अर्को कोभिड देख्ने प्रवृत्ति बढेको छ। विश्वव्यापी महामारीको स्मरण ताजै रहेको सन्दर्भमा यस्तो चिन्ता स्वाभाविक पनि हो।

विश्व स्वास्थ्य संगठन(डब्लुएचओ)ले एन्डिज भाइरसको सम्पर्कमा आएका मानिसलाई ४२ दिनसम्म निगरानी गर्न सिफारिस गरेको छ। इन्क्युबेसन अवधि भनिने यो समयले शरीरमा भाइरस पसेपछि र लक्षण सुरु हुनेबिचको समयको अधिक सीमालाई प्रतिबिम्बित गर्दछ। अर्थात् यसको मतलब मानिसले ४२ दिनसम्म भाइरस सार्न सक्छ भन्ने होइन।

लामो इन्क्युबेसन अवधिले पनि सार्स-सिओभी-२ को तुलनामा एन्डिज भाइरस कसरी फैलिन्छ भन्ने कुरालाई ईंगित गर्दछ। कोभिड द्रुतगतिमा श्वासप्रश्वास प्रणालीमा फैलिने भएकाले यसको लक्षण सामान्यतया केही दिनभित्रै देखा पर्दछ। तर, एन्डिज भाइरस भने फरक तरिकाले सर्ने भएकाले यसको गम्भीर असर रक्तनलीजन्य समस्या र शरीर दुख्ने प्रतिक्रियासँग जोडिएको छ। यसको सबैभन्दा गम्भीर लक्षण मानिने ‘हान्टाभाइरस पल्मोनरी सिन्ड्रोम’ले निम्त्याउने श्वासप्रश्वास समस्या भाइरसले फोक्सोका तन्तुलाई सिधै आक्रमण गर्दा नभई प्रतिरक्षा प्रणालीको ढिलो प्रतिक्रियाले गर्दा हुन्छ। यस अवस्थामा फोक्सोभित्र तरल पदार्थ चुहिनथाल्छ र सास फेर्न गाह्रो हुन्छ।

■ कति घातक छ भाइरस ?

फरक हान्टाभाइरसका प्रजातिले गराउने मृत्युदरमा उल्लेखनीय रूपमा भिन्नता देखिन्छ। युरोपेली र एसियाली हान्टाभाइरसका प्रजातिले संक्रमित भएकामध्ये १%-१५% भन्दा कम केसमा मृत्यु निम्त्याएको देखिएको छ। तर, एन्डिज भाइरसलगायत मुसाबाट मात्र सर्ने अमेरिकी स्ट्रेनले भने संक्रमितहरूमध्ये ५० प्रतिशतमा ‘हान्टाभाइरस पल्मोनरी सिन्ड्रोम’ गराउन सक्छ।

सन्दर्भका लागि, सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टाभाइरसका केस पुष्टि भएकोमा ५९ जनाको मृत्यु भएको रिपोर्ट गरिएको थियो। तथापि, यी प्राणघातक हान्टाभाइरसको संस्करण दुर्लभ हुन्। र, मुख्य ध्यान दिनुपर्ने कुरा कुनै पनि भाइरस बढी प्राणघातक भएको कारणले मात्र महामारी बन्दैनन्।

■ एन्डिज भाइरसको उपचार हुन्छ ?

एन्डिज भाइरसको अहिलेसम्म न त कुनै एन्टिभाइरल औषधि उपलब्ध छ न त खोप। यसैले अहिले यसको उपचार मूलतः संक्रमित व्यक्तिको निरन्तर निगरानी गर्ने, श्वासप्रश्वासमा समस्या आउन नदिने, मुटु तथा मिर्गौलामा हुने जटिलतालाई व्यवस्थापन गर्ने कुरामा समावेश छ। तथापि, ‘एमभी होन्डिअस’ जहाजमा प्रकोप सुरु भएपछि वैज्ञानिकहरूले गरेको प्रगति भने सुखद खालको छ। स्विस प्रयोगशालाले एक बिरामीबाट भाइरसको अत्यन्त द्रुतगतिमा पूर्ण आनुवंशिक कोड अनुक्रम निर्माण गर्न सफल भएका छन्। अहिले यसलाई तिनले सबै वैज्ञानिकको पहुँचमा हुने गरी सार्वजनिक रूपमा उपलब्ध गराएका छन्।

अब यस भाइरसका कुनै पनि शंकास्पद केसहरूको छिटो पुष्टिकरण गर्न सघाउँछ। अर्थात, विश्वभरका स्वास्थ्य टोलीहरूले नयाँ केस ‘एमभी होन्डिअस’को प्रकोपसँग सम्बन्धित छ कि छैन, कसलाई निगरानीमा राख्नुपर्छ, कसलाई क्वारेन्टाइनमा राख्नुपर्छ भन्नेजस्ता कुरा निर्णय गर्न सक्छन्।

पछिल्लो समय घातक भाइरलका कुनै पनि सीमित प्रकोपमा अर्को कोभिड देख्ने प्रवृत्ति बढेको छ। विश्वव्यापी महामारीको स्मरण ताजै रहेको सन्दर्भमा यस्तो चिन्ता स्वाभाविक पनि हो। तर, एन्डिज भाइरस संक्रमितहरूका लागि खतरनाक भए पनि यसले विश्वव्यापी महामारी बन्ने क्षमता देखाएको छैन। यो बिस्तारै ‘इन्क्युबेट’ हुन्छ। सामान्यतया लामो समय नजिक सम्पर्कमा रहेपछि मात्र फैलिन्छ। निश्चित रूपमा, एन्डिज भाइरसलाई नियन्त्रणमा राख्न जसरी ठुलो प्रयास भइरहेको छ, त्यो आवश्यक छ। तर, यो कोभिडजस्तो महामारीको सुरुवाती अवस्था भने होइन।

*(पेरी क्विन्सल्यान्ड विश्वविद्यालयको ‘भाइरोलोजी’का अनुसन्धान फेलो हुन्। द कन्भरसेसनबाट **श्रवण उप्रेती**ले गरेको अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २ जेठ ०८३

बागमतीका मन्त्रालयले अझैसम्म पाएनन् बजेट सिलिङ

५० अर्बहाराहारी आकारको बजेट ल्याउने आन्तरिक गृहकार्य

मन्त्रालय घटाएर आठ पुऱ्याएपछि ती मातहतका ५० कार्यालयसमेत आपसमा गाभ्ने काममा व्यस्त हुँदा बजेट निर्माणकार्यले पाउन सकेन गति



■ मन्त्रालय र जिल्लास्थित कार्यालयहरूको पुनर्संरचना गर्ने काममा व्यस्त हुँदा बजेट निर्माणमा ढिलाइ भएको छ

● **प्रभात तामाङ**, आर्थिक मामिला तथा योजनामन्त्री, बागमती प्रदेश



मन्त्रालय र जिल्लास्थित कार्यालयहरूको पुनर्संरचना (मर्जर) प्रक्रियाका कारण बजेट सिलिङ पठाउन ढिलाइ भएको हो। मन्त्रालयहरूको संख्या घटेको छ। जिल्लामा रहेका करिब ५० वटा कार्यालय पनि गाभ्ने अभ्यास भइरहेको छ, नयाँ प्रशासनिक संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) टुंग्याउन समय लागेकाले केही समय लागेको हो। सरकार रिफर्ममा जाने भएपछि सबै संरचना नयाँ ढंगले पुनर्गठन हुन्छन्। कर्मचारीहरूको वृत्ति विकास नरोकिने गरी नयाँ 'ओ एन्ड एम' तयार गरिनेछ।

हेटौंडामा पोष्टराज अधिकारी

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट प्रस्ताव पठाउनुपर्ने मिति गुज्रिसक्दा पनि बागमती प्रदेशका मन्त्रालयहरूले आवश्यक सिलिङसमेत प्राप्त गर्न सकेको छैन। प्रदेश सरकारले जारी गरेको 'बजेट तर्जुमा निर्देशिका, २०८३' अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयले १० चैतभित्र सबै मन्त्रालय तथा निकायलाई बजेट सीमा र मार्गदर्शन पठाइसक्नुपर्ने व्यवस्था छ। त्यस्तै, १० वैशाखभित्र विषयगत मन्त्रालयहरूले आफ्नो बजेट प्रस्ताव आर्थिक मन्त्रालयमा बुझाइसक्नुपर्ने व्यवस्था छ। तर, सिलिङ नै प्राप्त नभएपछि मन्त्रालयहरू योजना छनोट, कार्यक्रम निर्धारण र बजेट प्रस्ताव तयार गर्न नसक्ने अवस्थामा पुगेका छन्।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले मन्त्रालय र जिल्लास्थित कार्यालयहरूको पुनर्संरचना (मर्जर) प्रक्रियाका कारण बजेट सिलिङ पठाउन ढिलाइ भएको स्वीकार गरे। 'मन्त्रालयहरूको संख्या घटेको छ। जिल्लामा रहेका करिब ५० वटा कार्यालय पनि गाभ्ने अभ्यास भइरहेको छ,' उनले भने, 'नयाँ प्रशासनिक संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) टुंग्याउन समय लागेकाले सिलिङ ढिलो भएको हो।'

प्रदेश सरकारले हाल रहेका १४ मन्त्रालयलाई घटाएर आठमा सीमित गर्ने निर्णय गरिसकेको छ। सरकारले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनलाई चुस्त बनाउन जिल्लास्थित कार्यालयहरूको संख्या घटाउने तयारी गरेको जनाएको छ। 'पूर्वाधार विकास कार्यालय र सहरी विकास कार्यालयलाई एउटै संरचनामा ल्याउने, कृषि विकास कार्यालय र पशुसेवा कार्यालयलाई एकीकृत गर्ने तथा उद्योग कार्यालयसँग पर्यटनसम्बन्धी कामलाई समायोजन गर्ने विषयमा छलफल भइरहेको छ,' मन्त्री तामाङले भने।

प्रदेशका १३ जिल्लामा रहेका १५ डिभिजन वन कार्यालयलाई पुनर्संरचना गरेर 'एक जिल्ला, एक वन कार्यालय' अवधारणामा लैजाने तयारी भएको उनले बताए। त्यस्तै, विभिन्न बोर्ड, आयोग तथा निर्देशनालयलाई पनि खारेज वा कटौती गर्ने विषयमा अध्ययन भइरहेको छ। प्रशासनिक पुनर्संरचनामार्फत सार्वजनिक खर्च करिब ३० प्रतिशतसम्म घटाउने लक्ष्य राखिएको उनले बताए। 'अनावश्यक संरचना हटाएर र कार्यालयहरू मर्ज गरेर सार्वजनिक खर्च घटाउने अभ्यास गरिरहेका छौं,' उनले भने, 'सरकार रिफर्ममा जाने भएपछि सबै संरचना नयाँ ढंगले पुनर्गठन हुन्छन्। कर्मचारीहरूको वृत्ति विकास नरोकिने गरी नयाँ 'ओ एन्ड एम' तयार गरिनेछ। त्यसलगत्तै मन्त्रालयहरूले खर्च शीर्षकसहित सिलिङ पाउनेछन्।'

बजेट कार्यतालिका प्रभावित हुने चिन्ता

प्रदेश सरकारको निर्देशिकाले बजेट निर्माणका लागि विस्तृत कार्यतालिका तय गरेको छ। निर्देशिकाअनुसार माघ मसान्तभित्र स्रोत तथा खर्चको प्रारम्भिक सीमा निर्धारण गर्नुपर्ने, ७ चैतभित्र एकीकृत स्रोत अनुमान तयार गर्नुपर्ने र १० चैतभित्र मन्त्रालयहरूलाई बजेट सिलिङ पठाइसक्नुपर्ने व्यवस्था छ।

त्यसैगरी, १० वैशाखभित्र मन्त्रालयहरूले बजेट प्रस्ताव बुझाउने, १५ जेठभित्र आर्थिक मामिला मन्त्रालय र विषयगत मन्त्रालयबिच छलफल तथा संशोधन सम्पन्न गर्ने तथा २१ जेठभित्र वार्षिक बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने कार्यतालिका छ। जेठ अन्तिम साताभित्र मन्त्रिपरिषद्बाट बजेट स्वीकृत गरी १ असारमा प्रदेश सभामा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

तर, सिलिङ वितरणमै ढिलाइ भएपछि अब मन्त्रालयहरूलाई योजना छनोट र कार्यक्रम निर्माणका लागि पर्याप्त समय नहुने कर्मचारीहरूको भनाइ छ। समयमै सिलिङ नआउँदा बजेट निर्माण प्रक्रिया हतारमा हुने र कार्यक्रमको गुणस्तर प्रभावित हुन सक्ने चिन्ता कर्मचारीले व्यक्त गरेका छन्।

प्रदेश सरकारको पुनर्संरचना योजना र बजेट निर्माण कार्यतालिका एकसाथ अघि बढेकाले प्रशासनिक अन्योल बढेको सरकारी अधिकारीको भनाइ छ। मन्त्रालय र मातहत कार्यालयको स्वरूप अन्तिम टुंगो नलाग्दासम्म बजेटको वास्तविक आकार निर्धारण गर्न कठिन भइरहेको उनीहरू बताउँछन्।

■ मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा

लचिलो नीतिगत व्यवस्था यथावत्

पर्याप्त विदेशी मुद्रा सञ्चिति, लक्ष्यभित्रै मुद्रास्फीति र वित्तीय क्षेत्र स्थिर रहेका वेला नीतिगत स्थिरता जरुरी रहेको निष्कर्ष निकाल्दै राष्ट्र बैंकद्वारा मौद्रिक नीतिमा भएका प्रावधानलाई गरिएन हेरफेर, ब्याजदर करिडोरसम्बन्धी व्यवस्थामा भने संशोधन हुने

लगानी बढाउन, आर्थिक गतिविधि विस्तार गर्न र समग्र माग सुधार्न नयाँ सरकारबाट सहयोग हुने अपेक्षा

राष्ट्र बैंकको समीक्षा–

मूल्य स्थिरता, बाह्य क्षेत्र सन्तुलन र वित्तीय स्थायित्व कायम रहेको छ, यो अवस्थाले आगामी दिनमा आर्थिक गतिविधि विस्तारमा सहयोग पुग्नेछ

पवन तिमिल्सिना/नयाँ पत्रिका

राष्ट्र बैंकले आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गर्दै हालको लचिलो नीतिगत व्यवस्थालाई निरन्तरता दिएको छ। केन्द्रीय बैंकले विदेशी विनिमय सञ्चिति पर्याप्त रहेको, मुद्रास्फीति लक्ष्यभन्दा कम रहेको र वित्तीय क्षेत्र स्थिर रहेको निष्कर्ष निकाल्दै नीतिगत व्यवस्थामा ठुलो परिवर्तन नगरेको जनाएको छ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको सुरुदेखि अपनाइएको लचिलो मौद्रिक नीति आवको अन्त्यसम्म नै जारी रहनेछ। शुक्रबार जारी भएको तेस्रो त्रैमासिक समीक्षामा ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात (सिआरआर) र वैधानिक तरलता अनुपात (एसएलआर)जस्ता व्यवस्थामा कुनै परिवर्तन गरिएको छैन। यद्यपि, ब्याजदर करिडोरलाई अझ प्रभावकारी बनाउन बैंक तथा वित्तीय संस्थालाई दिइने स्थायी निक्षेप सुविधाको व्यवस्था पुनरावलोकन गरिने उल्लेख गरिएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयको प्रारम्भिक अनुमानअनुसार चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहनेछ। कृषि क्षेत्र मौसमप्रतिकूलता र प्राकृतिक प्रकोपका कारण सुस्त रहने भए पनि उद्योग र सेवा क्षेत्र विस्तारले अर्थतन्त्रलाई टेवा दिने राष्ट्र बैंकको अपेक्षा छ। कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत रहने अनुमान छ भने उद्योग ५.६७ प्रतिशत र सेवा क्षेत्र ४.२१ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ।

राष्ट्र बैंकका अनुसार थोक तथा खुद्रा व्यापार, आन्तरिक तथा बाह्य पर्यटन, जलविद्युत्, वित्तीय तथा बिमा, यातायात, भण्डारण तथा सूचना प्रविधि क्षेत्र विस्तार हुँदै गएको छ। यसले समष्टिगत मागमा क्रमिक सुधार ल्याउने विश्वास व्यक्त गरिएको छ।

राष्ट्र बैंकले ०८२ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि नयाँ सरकार गठन भएसँगै शासकीय तथा आर्थिक सुधारका काम सुरु भएको जनाएको छ। यसले लगानी बढाउन, आर्थिक गतिविधि विस्तार गर्न र समग्र माग सुधार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार पश्चिम एसियाको युद्धका कारण सन् २०२६ मा विश्व आर्थिक वृद्धि ३.४ प्रतिशतबाट घटेर ३.१ प्रतिशतमा सीमित हुन सक्ने अनुमान छ। कच्चा तेलको मूल्य औसतमा ५० प्रतिशतले बढेको र विश्व मुद्रास्फीति ४.४ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

भारतको आर्थिक वृद्धि ६.५ प्रतिशत र चीनको ४.४ प्रतिशत रहने अनुमान गरिएको छ। विश्वका प्रमुख केन्द्रीय बैंकहरूले भने हाललाई नीतिगत ब्याजदर यथावत् राखेका छन्।

■ मौद्रिक नीतिको समीक्षामा समेटिएको आर्थिक चित्र



मुद्रास्फीति लक्ष्यभन्दा तल, तर युद्धको असर देखिन थालेको संकेत

चालू आर्थिक वर्षको पहिलो नौ महिनामा औसत उपभोक्ता मुद्रास्फीति २.३९ प्रतिशत मात्रै रहेको छ, जुन राष्ट्र बैंकको पाँच प्रतिशतको लक्ष्यभन्दा निकै कम हो। तर, बैंकले मध्यपूर्वमा जारी युद्धले आगामी महिनामा मूल्यवृद्धिमा दबाब पार्न सक्ने चेतावनी दिएको छ। मध्यपूर्वमा १६ फागुन ०८२ देखि बढेको तनावका कारण पेट्रोलियम पदार्थ, रासायनिक मल तथा औद्योगिक कच्चा पदार्थको आपूर्ति प्रभावित भएको राष्ट्र बैंकले जनाएको छ। यही अवधिमा नेपालमा पेट्रोलको मूल्य ३५ प्रतिशत र डिजेलको मूल्य ५८ प्रतिशतले बढेको छ। यद्यपि, समग्र वार्षिक मुद्रास्फीति अझै लक्ष्यभित्रै रहने प्रक्षेपण गरिएको छ।

विदेशी मुद्रा सञ्चिति बलियो, तर जोखिम कायम

राष्ट्र बैंकका अनुसार विदेशी मुद्रा सञ्चिति निकै सहज अवस्थामा छ। ०८२ चैतसम्मको सञ्चितिले १८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता राख्छ, जबकि लक्ष्य कम्तीमा सात महिनाको आयात धान्न पर्याप्त सञ्चिति कायम गर्नु हो। चालू आर्थिक वर्षको नौ महिनामा विप्रेषण आय उल्लेख्य बढेकाले चालू खाता र शोधनान्तर स्थिति बचतमा रहेको बैंकले जनाएको छ। तर, नेपालमा आउने कुल विप्रेषणको करिब ४० प्रतिशत पश्चिम एसियाबाट आउने भएकाले त्यहाँको तनाव लम्बिए विप्रेषण प्रभावित हुन सक्ने जोखिम औंल्याइएको छ।

बैंकमा पैसा धेरै, कर्जा विस्तार अपेक्षाभन्दा सुस्त

राष्ट्र बैंकले विगत तीन वर्षदेखि वित्तीय प्रणालीमा अधिक तरलताको अवस्था रहेको जनाएको छ। बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम पर्याप्त भए पनि कर्जा माग अपेक्षाअनुसार बढ्न सकेको छैन। यसले समष्टिगत माग अझै कमजोर रहेको संकेत गरेको छ। यद्यपि, खुला बजार कारोबारमार्फत तरलता प्रशोचन भइरहेकाले अन्तरबैंक ब्याजदर करिडोरभित्रै रहेको राष्ट्र बैंकले जनाएको छ।

खराब कर्जा बढे पनि वित्तीय क्षेत्र स्थिर

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा (खराब कर्जा) सामान्य बढेको राष्ट्र बैंकले स्वीकार गरेको छ। तर, आर्थिक गतिविधि विस्तारसँगै यसमा सुधार आउने अपेक्षा गरिएको छ। ०८२ चैतसम्म बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजी तथा पुँजीकोष अनुपात नियामकीय मापदण्डभित्र रहेको र समग्र वित्तीय स्थायित्व कायम रहेको उल्लेख गरिएको छ।

किसानलाई पर्याप्त मल वितरण गर्न सांसदहरूको निर्देशन

नयाँ पत्रिका

सांसदहरूले बर्खे धान रोप्न ठिक्क परेका किसानलाई मागेजति रासायनिक मल उपलब्ध गराउन सरकारलाई निर्देशन दिएका छन्। शुक्रबार बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा टेन्डरमार्फत खरिद प्रक्रिया छिटो गर्न र भारतसँगको जिटुजी माध्यमबाट पनि मल ल्याएर किसानले मागेजति वितरण गर्न निर्देशन दिएका हुन्।

बैठकमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद पुनमकुमारी अग्रवालले उत्पादन बढ्ने गरी मल आपूर्ति बढाउनुपर्ने बताइन्। उनले रासायनिक मलको खपत कम गर्दै प्रांगारिक र जैविक मलको प्रयोग बढाउने नीतिमा जोड दिनुपर्ने पनि बताइन्। 'माटो, भूगोल, बाली र अर्थतन्त्र सुहाउँदो नीतितिर लागेनौं। विदेशी नीतिको मात्र पछि लाग्यौं,' उनले भनिन्, 'आउँदा दिनमा रासायनिक मलको खपत कम गर्दै जैविक मलको उत्पादन र प्रयोग बढाउनतर्फ ध्यान दिनुपर्छ।' रास्वपाका अर्का सांसद केपी खनालले आयातमै मात्रै निर्भर नभएर उत्पादनमा जोड दिनुपर्ने आवश्यकता रहेको बताए। उनले ग्रिन हाइड्रोन प्रविधिको विकास गरी रासायनिक मल कारखाना खोल्न अग्रसर हुनुपर्ने बताए।

'किसानलाई चाहिनेजति मल उपलब्ध गराउनु सरकारको दायित्व हो। त्यसैले, स्वदेशमै उत्पादन गर्न ग्रिन हाइड्रोजन प्रविधि अवलम्बन गरौं,' उनले भने। बैठकमा कांग्रेस सांसद गीताकुमारी सेन्डाडले मलविना रोपाइँ गर्नुपर्ने विगतको बाध्यतालाई हटाउनुपर्ने बताइन्। 'मल नपाउँदा किसानको खेत बाँझो हुने स्थिति बनाउनुहुँदैन,' उनले भनिन्, 'मल कहाँ आउँछ, कति आउँछ भन्ने किसानलाई केही थाहा हुँदैन। यस्तो अवस्थाको पनि अन्त्य हुनुपर्छ।' राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने सांसद ताहिर अलि भाटले तराईमा आधा मल सीमापारिबाट र आधा मात्रै सरकारले आपूर्ति गर्दै आएको जानकारी दिए।

'बर्सेनि धान रोप्ने वेलामा मलखाद छैन भन्ने गुनासो आउँछ,' उनले भने, 'राजनीतिक व्यवस्था धेरै परिवर्तन भयो, तर किसानको अवस्था परिवर्तन भएन।' रास्वपा सांसद कोमल ज्ञवालीले यसपालि नयाँ सरकारसँग किसानले समयमै रासायनिक मल पाउने अपेक्षा गरेको बताइन्। तर, कृषि मन्त्रालयले पर्याप्त मल आपूर्ति गर्नेमा आशंका रहेको उनको भनाइ थियो।



संस्थापक समूहको शेयर बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०२/०२

यस वित्तीय संस्थाको तपशिलमा उल्लेखित संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्न सञ्चालक समिति मार्फत आवेदन दिनु भएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका-१ लोकन्थली भक्तपुरमा लिखित जानकारी गराउन हुन अनुरोध गरिन्छ। तोकिएको समयावधि भित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट शेयर खरिद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम शेयर बिक्री प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपशिल,

क्र.सं.	बिक्री गर्न चाहेको संस्थापक शेयरधनी	बिक्री गर्न चाहेको शेयर
१	श्री बिनोद कुमार अग्रवाल	४४,६२३ कित्ता
जम्मा कित्ता शेयर		४४,६२३ कित्ता

नेरुडे मिर्मिरे लघुवित वित्तीय संस्था लि.
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट यस कार्यको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : मध्यपुर थिमि नगरपालिका-१, लोकन्थली भक्तपुर
फोन नं. ०१-५९२८१६१, ५९२८१६२
Email : info@nerudemirmire.com.np
Website : www.nerudemirmire.com.np

'बिआइएस' नवीकरण गर्न भारतको आलटाल

एक वर्षअघि पनि बिआइएस सर्टिफिकेट जारी नगरेर निकासीमा अवरोध गरेको भारतले अहिले फेरि दुःख दिएको उद्योगीको गुनासो

विराटनगरमा गणेश लम्साल

भारतले 'बिआइएस' प्रमाणपत्र नवीकरण गर्न फेरि आलटाल गरेको छ। जसकारण भारततर्फ प्लाइउड, सिमेन्ट, क्लिंकर, जुत्ता-चप्पल, सेनिटरी प्याड, डायपर, जस्तापाता, स्टिलजन्य अन्य सामग्री, धागो, यार्नलगायतको निर्यात प्रभावित भएको छ।

भारतले एक वर्षअघि पनि बिआइएस प्रमाणपत्र जारी गर्न ढिलाइ गरेर नेपाली वस्तुको निर्यात प्रभावित बनाएको थियो। अहिले फेरि भारततर्फ निकासी हुने वस्तुको बिआइएस नवीकरण गर्न ढिलाइ भएको तथा नयाँ लाइसेन्स लिन चाहनेलाई समेत बेवास्ता गरेको मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले जानकारी दिए। 'बिआइएस नवीकरणमा भारतीय पक्षको ढिलासुस्तीका कारण नेपालबाट भारततर्फ हुने निर्यातमा अवरोध सिर्जना भएकाले उद्योगहरूको उत्पादन निर्यातमा बाधा पुगिरहेको छ,' उनले भने।



मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी भन्छन्–

बिआइएस नवीकरण नहुँदा नेपाली वस्तुको निकासी प्रभावित भइसकेको छ



बिआइएस नवीकरणमा भारतीय पक्षको ढिलासुस्तीका कारण नेपालबाट भारततर्फ हुने निर्यातमा अवरोध सिर्जना भएकाले उद्योगहरूको उत्पादन निर्यातमा बाधा पुगिरहेको छ। सीमानाकामा मालवाहक सामान रोकेर बस्नुपर्दा उद्योगलाई आर्थिक नोक्सानी भइरहेको छ भने उत्पादन लागत पनि बढिरहेको छ। त्यसैले यो समस्याको समाधानका लागि सरकारले भारतसँग तत्काल कूटनीतिक पहल गर्नुपर्छ।

उद्योग विभाग र उद्योग वाणिज्य महासंघलाई लिखित पत्राचार

मोरङ उद्योग व्यापार संघले भारतीय पक्षबाट सिर्जित गैरभन्सार अवरोधका कारण नेपाली उद्योगले प्रत्यक्ष आर्थिक क्षति व्यहोर्नुपरेको विषयबारे उद्योग विभाग र उद्योग वाणिज्य महासंघलाई पत्राचार गरिसकेको छ। 'सरकारले तत्काल कूटनीतिक च्यानलमार्फत समस्या समाधान नगरे नेपाली उद्योगहरू थप संकटमा पर्नेतर्फ सजग गराएका छौं,' अध्यक्ष राठीले भने। भविष्यमा फेरि यही प्राविधिक अवरोधलाई दोहोरिन नदिन भारतसँग उच्च तथा नीतिगत तहमा स्थायी संयन्त्र निर्माण गर्नुपर्ने पनि उनको सुझाव छ। भारतले आयातित उत्पादन भारतीय मापदण्डअनुसार सुरक्षित, गुणस्तरीय र प्रयोगयोग्य छ भन्ने प्रमाणित गर्न बिआइएस सर्टिफिकेट जारी गर्ने गरेको छ। ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड (बिआइएस)मार्फत गुणस्तरसम्बन्धी इन्डियन स्ट्यान्डर्ड इन्स्टिच्युट (आइएसआई) सर्टिफिकेट लिनुपर्ने प्रावधान राखिएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

सूची दर्ता गर्ने बारे सूचना

प्रकाशित मिति: २०८३/०२/०२ गते

यस बैंकलाई आ.व. २०८३/८४ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृती प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफूले आपूर्ति गर्ने सामानको विवरण, फर्म/कम्पनीदर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धि कर (VAT) दर्ता, आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र तथा आ.व. २०८१/८२ को वित्तिय विवरण र कार्य दक्षता अनुभवको प्रमाणपत्रको प्रतिलिपी सहितको आवेदन रु. २,५००/- दस्तुर बुझाई (फिर्ता नहुने गरी), मिति २०८३/०२/१८ गते साँझ ५ बजे भित्र यस बैंकको सामान्य सेवा विभागमा वा सम्बन्धित प्रदेशिक कार्यालयमा दर्ता गराउनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आपूर्ति गर्नुपर्ने सामानहरु

(क) समूह : कार्यालय उपकरण, कम्प्यूटर, IT Accessories फर्निचर आपूर्ति, Computer, Laptop, अफिस उपकरण, प्रिन्टर, फोटोकपी, नोट काउन्टिङ्ग मेशिन, जेनेरेटर, आपूर्ति कार्य।
(ख) समूह : छपाई तथा मसलन्द
(ग) समूह : कार्यालय सामाग्री

नोट:

- प्रदेशिक तहका आपुर्तिकर्ताले सूचिकृत गर्न बैंकको सम्बन्धित प्रदेशिक कार्यालयमा तथा बागमती प्रदेशका आपुर्तिकर्ताले बैंकको सामान्य सेवा विभागमा दस्तुर बुझाई दर्ता गराउन पाईनेछ।
- सामान आपूर्ति गर्न इच्छुक सप्लायर्सहरुले पहिले नै नेपाली "क" वर्गका बैंकहरुलाई उल्लेखित सामान सप्लाई गरेको हुनुपर्ने छ। साथै कुनै पनि ब्राण्डको बिक्रेतालाई विशेष ग्राह्यता दिइनेछ।
- यस सम्बन्धी थप जानकारीका लागी यस बैंकको आधिकारिक वेबसाइटबाट जानकारी प्राप्त गर्न सकिनेछ।
- पेश गरिएका सबै कागजातहरु अनिवार्य रुपमा नोटरीकृत गरिएका हुनुपर्नेछ।

प्रस्ताव पेश गर्नुपर्ने ठेगाना:
सामान्य सेवा विभाग
पोष्ट बक्स नं. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४, फ्याक्स: ९७७ १ ४५२७०४४
E-mail: gsd@ctznbank.com

Citizens Bank

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार २ जेठ ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

दुई महिनामै एन्फाको निलम्बन फुकुवा

एन्फामाथिको निलम्बन फुकुवा नगरिए नेपाली फुटबलमाथि अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउने फिफा र एएफसीको चेतावनीपछि राखेप विनासर्त आफ्नो पूर्वनिर्णयबाट पछि हट्यो

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले शुक्रबार अखिल नेपाल फुटबल संघ (एन्फा)माथिको निलम्बन फुकुवा गरेको छ। 'अर्ली इलेक्सन'बाट पछि नहटेपछि गत ११ चैतमा राखेपले एन्फालाई तीन महिना समयका लागि निलम्बन गरेको थियो। यद्यपि, राखेपले आफ्नो निर्णय दुई महिना पनि टिकाउन सकेन।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, राखेप सदस्यसचिव रामचरित्र मेहता र एन्फा महासचिव किरण राईसहित शुक्रबार छलफल भएको थियो। त्यसपछि राखेप एन्फामाथि लगाइएको निलम्बन फुकुवा गर्न तयार भएको हो। राखेपका सदस्यसचिव मेहताले अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा नेपालको सहभागिता नरोकियोस् भनी एन्फाको निलम्बन फुकुवा गरेको बताए।

'एन्फा ऐन र नीतिअनुसार चल्नुपर्छ। तत्काललाई नेपालको अन्तर्राष्ट्रिय खेल नरोकियोस् भनेर पनि निलम्बन फुकुवा गरिएको हो,' मेहताले भने, 'यसले नेपाली फुटबलको हित हुने विश्वास छ।' एन्फाका प्रवक्ता सुरेश शाहले नेपाली फुटबलमा देखिएको गतिरोध अन्त्यका लागि विनासर्त फुकुवा भएको बताए। 'अहिले फुटबलमा देखिरहेका गतिरोध अन्त्य गर्दै विनासर्त एन्फामाथिको प्रतिबन्ध फुकुवा भएको छ,' शाहले भने, 'यो अत्यन्त सराहनीय र ऐतिहासिक निर्णय हो।'

यसअघि राखेपले पटक-पटक एन्फालाई जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न भनेको थियो। तर, एन्फाले यी दुवै तह छाडेर सिधै केन्द्रको निर्वाचन गर्ने प्रयास गर्दा राखेपले ११ चैत ०८२ देखि लागू हुने गरी एन्फालाई निलम्बन गरेको थियो। एन्फाले झापामा १३ चैतमा निर्वाचनको अन्तिम तयारी गरिरहँदा पंकजविक्रम नेम्वाङ नेतृत्व सकिन पाँच महिना बाँकी थियो। नेम्वाङले एन्फाभित्र असन्तुष्ट पक्षसँग छलफल नगरी निर्वाचनको मिति तोकेका थिए। यो अवधिमा एन्फाको तीनपटक निर्वाचन स्थगित भएको थियो।

फुकुवा नै पहिलो प्रस्ताव

गत वैशाखमा राखेपका सदस्यसचिव मेहताले फुटबलको गतिरोध अन्त्य गर्न फिफा र एएफसीका पदाधिकारीसँग प्रत्यक्ष रूपमा वार्ता गर्ने भनेका थिए। गत अप्रिलमा फिफा, एएफसी, राखेप र एन्फाबिच भर्चुअल वार्ता भएको थियो। त्यसवेला फिफा र एएफसीले संयुक्त रूपमा एन्फामाथि हस्तक्षेपलाई तेस्रो पक्षको हस्तक्षेप बताएका थिए। तेस्रो पक्ष हस्तक्षेप हुँदा आफूहरू फुटबल संघलाई अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउन सक्ने उनीहरूले चेतावनी दिए।

पटक-पटक एन्फालाई जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न भनेको थियो। तर, एन्फा 'अर्ली इलेक्सन'बाट पछि नहटेपछि गत ११ चैतमा राखेपले एन्फालाई तीन महिना समयका लागि निलम्बन गऱ्यो।

पंकजविक्रम नेम्वाङ नेतृत्व सकिन पाँच महिना बाँकी हुँदा एन्फाभित्र असन्तुष्ट पक्षसँग छलफल नगरी निर्वाचनको मिति तोकेका थिए। यो अवधिमा एन्फाको तीनपटक निर्वाचन स्थगित भएको थियो।

गत वैशाखमा मेहताले पुनः एकपटक फिफा र एएफसीलाई पत्र लेख्दै आफूहरू प्रत्यक्ष वार्ताको माध्यमबाट एन्फा विवाद सल्टाउन तयार भएको जनाए। राखेपले एन्फाको माध्यमबाट फिफा र एएफसीलाई सो पत्र पठाएका थिए। तर, एन्फाले भने पहिला फुकुवा हुनुपर्ने र त्यसपछि मात्र फिफा र एएफसीसँग वार्ता हुने अडान लिइरह्यो। एन्फाको यसै अडानमा राखेपले घुँडा टेकेको देखिन्छ।

चित्लाङ एफसीका अध्यक्ष सुगन तन्डुकार राखेपले विनासर्त एन्फामाथिको प्रतिबन्ध खुलाएकोमा आश्चर्य देखाए। 'राखेपले के उद्देश्यले प्रतिबन्ध गऱ्यो र अहिले विनासर्त प्रतिबन्ध फुकुवा गरेको छ,' तन्डुकारले भने, 'अब चुनाव वा फुटबल हुन्छ।'

फिफाद्वारा प्रतिबन्धको चेतावनी

फिफामा दुई सयमाथि फुटबल संघ आबद्ध छन्। उसले आफ्नो मातहतमा रहेका सबै फुटबल संघलाई स्वतन्त्र रूपमा चल्नुपर्ने बताउँदै आएको छ। राज्य वा अन्य कुनै पनि पक्षका हस्तक्षेपलाई फिफाले स्वीकार गर्दैन। फिफाले यस्तो किसिमलाई तेस्रो पक्षको हस्तक्षेपका रूपमा लिने गरेको छ। गत अप्रिलमा भएको वार्ताकै क्रममा फिफाले राखेपलाई चेतावनी दिँदै तेस्रो पक्षको हस्तक्षेप भनेको थियो। त्यसवेला उसले राखेपलाई निर्णय सच्याउन एक साताको अल्टिमेटम दिएको थियो। यो अवधिमा राखेपले फिफा र एएफसीसँग वार्ताका लागि निकै प्रयास गरेको थियो।

वार्ताकै क्रममा रहँदा फिफाले राखेपलाई पुनः एकपटक मौका दिएको थियो। गत वैशाखमै फिफाले एन्फा र राखेपलाई समन्वय गरेर निलम्बन फुकुवा गर्न सुझाव दिएको थियो। त्यसपछि मात्रै दुवै पक्ष मिल्न तयार भएका हुन्। एन्फा नेतृत्व जिल्लादेखि तहगत निर्वाचन गर्न तयार भएपछि निलम्बन फुकुवा भएको राखेप स्रोतले बतायो। यसअघि राखेपले तहगत निर्वाचनसहित एन्फा विधानको ११ बुँदा संशोधन गरेपछि मात्रै निलम्बन फुकुवा गर्ने जनाएको थियो।

दुई महिना अन्तर्राष्ट्रिय खेलविहीन

राखेपले एन्फामाथि प्रतिबन्ध लगाउँदा लगभग दुई महिना अन्तर्राष्ट्रिय फुटबलविहीन नै भयो। एन्फाले प्रतिबन्धपछि प्रशासनिक काम गर्न असहज भएको जनाउँदै थाइल्यान्डमा फिफाको आयोजनामा भएको फिफा सिरिजमा नेपाली राष्ट्रिय महिला फुटबल टोली सहभागी हुनबाटै वञ्चित भयो। 'प्रतिबन्धको बिचमा प्रशासनिक काम गर्न असहज भएको हुँदा नेपालले फिफा सिरिज नखेल्ने घोषणा गरेको छ,' तत्काल फिफाले जारी गरेको विज्ञप्तिमा भनिएको थियो। यसैगरी, पुरुष टोलीले हडकडसँग गत चैतमै भएको मैत्रीपूर्ण खेलसमेत खेलेन।

एन्फाले यसपटक पनि राखेपलाई नै दोष देखाउँदै घरेलु मैदान दशरथ रंगशालामा हुने हडकडसँगको मैत्रीपूर्ण खेल नखेल्ने घोषणा गरेको थियो। यो अवधिमा एन्फाले पुरुषतर्फको राष्ट्रिय लिग अनिश्चितकालका लागि स्थगित गरेको थियो। एन्फाले पहिलोपटक आयोजना गरेको महिलातर्फको सहिद स्मारक 'ए' डिभिजन लिग सुरु भएको भोलिपल्ट नै रोक्यो। यद्यपि, एन्फा प्रतिबन्धमा रहँदा मोफसलमा गोल्डकप फुटबल प्रतियोगिता भने सुचारु नै छन्।

अन्तर्राष्ट्रिय खेल नरोकियोस् भनेर फुकुवा



● **रामचरित्र मेहता**
सदस्यसचिव, राखेप

हामीले तत्काल नेपालको अन्तर्राष्ट्रिय खेल नरोकियोस् भनेर पनि एन्फामाथिको निलम्बन फुकुवा गरेका हौं। निलम्बन फुकुवा भएसँगै अब राखेपले फिफासँग वार्ता गर्छ। त्यसपछि आमजनताले चाहेको नतिजा आउने विश्वास छ।

राखेपको निर्णय ऐतिहासिक



● **सुरेश शाह**
प्रवक्ता, एन्फा

नेपाली फुटबलमा देखिएको गतिरोध अन्त्य गर्दै विनासर्त एन्फामाथिको प्रतिबन्ध फुकुवा भएको छ। फुटबलको विकासका लागि यो अत्यन्त सराहनीय र ऐतिहासिक निर्णय हो। मन्त्रीज्यूसमक्ष भएको छलफलमा फुटबलका लागि सबै सकारात्मक रूपमा प्रस्तुत हुनुभयो।

दार्चुलाकी निरुता महिला भलिबलको नयाँ कप्तान

नियमित कप्तान अरुणा शाही अस्ट्रेलिया भासिएपछि नेपाल भलिबल संघले काभा च्याम्पियनसिपका लागि निरुता ठगुन्नालाई महिला टोलीको नयाँ कप्तानीको जिम्मेवारी दिएको छ

नयाँ पत्रिका

नेपालले काभा भलिबल च्याम्पियनसिपमा नयाँ कप्तान निरुता ठगुन्नाको नेतृत्वमा प्रतिस्पर्धा गर्ने भएको छ। नेपाल भलिबल महासंघले शुक्रबार राष्ट्रिय महिला भलिबल टोलीको नयाँ कप्तानको घोषणा गरेको हो। महासंघको ६९औँ केन्द्रीय कार्यसमितिको बैठकले दार्चुलाको नौगाड गाउँपालिका- ६ मा जन्मिएकी निरुतालाई नयाँ कप्तानमा नियुक्त गरेको हो।

यसअघि महिला टोलीको कप्तान अरुणा शाहीले गर्दै आएकी थिइन्। गत वर्ष शाही अस्ट्रेलिया पुगेपछि काभा च्याम्पियनसिपका लागि महासंघले टोलीको नयाँ कप्तान चयन गरेको हो। शाहीले सन् २०१९ देखि २०२५ सम्म टोलीको कप्तानी गरेकी थिइन्। ओपन स्पाइकर निरुताले सन् २०१९ मा आयोजना भएको काभा च्याम्पियनसिपमा नेपाल पहिलोपटक विजेता हुँदा राष्ट्रिय टोलीमा डेब्यु गरेकी थिइन्।



'अहिले करिअरमा नयाँ जिम्मेवारी पाएकी छु। कप्तान बन्न पाउँदा निकै खुसी छु,' ठगुन्नाले भनिन्, 'यो जिम्मेवारीसाथ राष्ट्रलाई सफलता दिलाउनेमा कटिबद्ध छु।' कप्तान हुने दौडमा निरुतासहित अर्की ओपन स्पाइकर उषा भण्डारी र लिबेरो सलिना श्रेष्ठ पनि थिए। मुख्य प्रशिक्षक जगदीश भट्टले ठगुन्नालाई कप्तानको जिम्मेवारी दिएका छन्।

एथ्लेटिक्स हुँदै भलिबलको कप्तान

ठगुन्नाले आफ्नो स्कुल जीवनमा एथ्लेटिक्सबाट सुरु गरेकी थिइन्। त्यसपछि उनी बिस्तारै भलिबलतर्फ आकर्षित भइन्। ०७३ सालमा भएको सातौँ राष्ट्रिय खेलकुदमा उनी सुदूरपश्चिमको प्रतिनिधित्व गर्दै भलिबलमा देखा परिन्। उनले घरेलु प्रतियोगितामा विभागीय टोली नेपाल एपिएफबाट खेल्दै आएकी छिन्। एपिएफमा आबद्ध हुनुअघि उनी नेपाल पुलिस र त्रिभुवन आर्मीबाट पनि विभिन्न घरेलु प्रतियोगिता खेलेकी थिइन्। सन् २०१९ मै आर्मी छाडेपछि उनी एपिएफबाट खेल्दै आएकी छिन्।

यसैगरी, फ्रेन्चाइज टोलीमा ठगुन्ना मधेश युनाइटेडमा आबद्ध छिन्। उनी यस टोलीकी कप्तानसमेत हुन्। गत वर्ष भएको काभा क्लब च्याम्पियनसिपमा नेपाल पुलिसबाट खेल्दै उनले उपाधि जिताएकी थिइन्। सन् २०१९ मा काठमाडौंमा भएको १३औँ दक्षिण एसियाली खेलकुदअन्तर्गत महिला भलिबलमा नेपाल उपविजेता हुँदा उनी महत्त्वपूर्ण खेलाडीका रूपमा थिइन्। सन् २०२२ मा नेपाल पुनः एकपटक काभा च्याम्पियन हुँदा उनी टोलीमा रहिनन्। तर, सन् २०२३ मा यसै प्रतियोगितामा कांस्य र सन् २०२४ मा नेपालले रजत पदक जित्दा उनी टोलीमा थिइन्।

घरमै उपाधि जिताउने अवसर

नेपालले सन् २०१९ र सन् २०२२ मा काभा च्याम्पियनसिप जितिसकेको छ। त्यसपछि नेपाल लगातार दुईपटक उपाधि जित्नबाट वञ्चित भयो। अब, नेपालाई ८ देखि १५ जेठसम्म घरेलु कोर्टमै हुने काभा च्याम्पियनसिप जित्ने अवसर रहेको छ। ठगुन्नाको कप्तानीमा रहेको नेपालले भारतसँगै किर्गिस्तान र माल्दिभ्ससँग खेल्दै छ। अर्को समूहमा इरान, बंगलादेश, श्रीलंका र कजाकिस्तान रहेका छन्।

८० राष्ट्रले विश्वकप खेल्दा आठ राष्ट्र मात्र च्याम्पियन

२२औँ संस्करणसम्म ब्राजिल, जर्मनी, इटाली, अर्जेन्टिना, फ्रान्स, उरुग्वे, इंग्ल्यान्ड र स्पेन मात्र च्याम्पियन बने

एजेन्सी

फिफा विश्वकप फुटबल प्रतियोगिता जुन-जुलाईमा अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्दै छन्। विश्वकपको २२औँ संस्करणसम्म आइपुग्दा अहिलेसम्म ८० राष्ट्रले भाग लिएका छन्। यसपटकको २३औँ संस्करणमा फिफाले सर्वोधिक ४८ राष्ट्रलाई सहभागी गराउँदै विश्वकप गर्दै छ। सन् २०३० मा उरुग्वेबाट सुरु भएको फिफा विश्वकपको २३औँ संस्करण आगामी ११ जुनदेखि हुँदै छ।

अघिल्लो संस्करणसम्मको तथ्यांकअनुसार आठ राष्ट्रले मात्र विश्वकप उपाधि जितेका छन्। यसपटक चार राष्ट्रहरू केप भर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तान नवप्रवेशी टोली हुन्। उनीहरूले पहिलोपटक विश्वकपको अनुभव लिँदै छन्। ब्राजिल, जर्मनी, इटाली, अर्जेन्टिना, फ्रान्स, उरुग्वे, इंग्ल्यान्ड र स्पेनले विश्वकप ट्रफी चुमेका छन्। यसमध्ये ब्राजिल सर्वाधिक पाँचपटकको विजेता राष्ट्र हो। जर्मनी र इटालीले समान चारपटक विश्वकप जितेका छन्।



साबिक विजेता अर्जेन्टिनाले तीनपटक विश्वकप हात पारेको छ। फ्रान्स र उरुग्वेले समान दुईपटक विश्वकपको ट्रफी चुमेका छन्। इंग्ल्यान्ड र स्पेन एक-एकपटक विजेता बनेका छन्। विश्वकपमा महादेशाबिच पनि भिडन्त हुने गर्छ। कुन महादेशले सर्वाधिक विश्वकप जित्ने भन्ने होडबाजी चल्छ। यसमा युरोपियन महादेश अगाडि छ। तथ्यांकअनुसार दक्षिण अमेरिका र युरोपियन राष्ट्रहरूले मात्र विश्वकप जितेका छन्।

युरोपले १२ र दक्षिण अमेरिकाले दशपटक उपाधि जितेका छन्। एसियाली राष्ट्रमा दक्षिण कोरियाले ऐतिहासिक प्रदर्शन गरी सन् २००२ को विश्वकपमा सेमिफाइनल स्थान बनाएको थियो। एसियाली राष्ट्रमा अहिलेसम्म उत्कृष्ट प्रदर्शन गरेको १७औँ संस्करण थियो। यसैगरी, १९ राष्ट्रले एकपटक मात्र विश्वकप खेलेका छन्। डिआर कंगो सन् २००२ पछि र हाइटी ५२ वर्षपछि तथा इराक ४० वर्षपछि विश्वकपमा छनोट भएको हो।

२००२ पछि ब्राजिल उपाधिविहीन

विश्वकपको इतिहासमा अहिलेसम्म सबै संस्करण खेल्ने र सर्वाधिक विजेता ब्राजिल हो। ब्राजिलले कीर्तिमानी रूपमा पाँचपटक विश्वकप जितेको छ। सन् १९५८ मा पहिलोपटक ब्राजिल विश्व च्याम्पियन बनेको थियो। उसले अन्तिमपटक सन् २००२ मा उपाधि हात पारेको थियो। त्यसयता ब्राजिल उपाधिविहीन छ। सन् २०१४ को विश्वकपमा मात्र ब्राजिल सेमिफाइनलसम्म पुगेको थियो।

ब्राजिलपछि जर्मनी र इटालीले समान चारपटक विश्वकप हात पारेका छन्। इटालीले अन्तिमपटक सन् २००६ र जर्मनीले २०१४ मा ट्रफी हात पारेका थिए। दक्षिण अमेरिकी राष्ट्र उरुग्वे र युरोपियन झंग्ल्यान्डले सात दशकमाथि विश्वकप जित्न सकेका छैनन्। उरुग्वेले सन् १९५० र झंग्ल्यान्डले सन् १९६६ मा विश्वकप ट्रफी हात पारेका थिए। त्यसयता उनीहरू उपाधिविहीन छन्।

ब्राजिल र इटालीले मात्र उपाधि रक्षा

विश्वकप इतिहासमा अहिलेसम्म दुई राष्ट्रले मात्र विश्वकपको उपाधि रक्षा गरेका छन्। सन् १९३० मा विश्वकपको पहिलो संस्करण भएको थियो। इटालीले पहिलो तथा दोस्रो संस्करण उपाधि जित्ने रेकर्ड राख्यो। त्यसपछि ब्राजिलले इटालीको रेकर्ड बराबरी गऱ्यो। ब्राजिलले सन् १९५८ र १९६२ मा लगातार उपाधि जित्यो। ब्राजिल र इटालीको यो रेकर्ड अन्य राष्ट्र कसैले पनि तोड्न सकेका छैनन्। ब्राजिल पाँचपटक, जर्मनी चारपटक र अर्जेन्टिनाले तीनपटक विश्वकप जिते पनि उपाधि रक्षा गर्न सकेनन्।



आइसिसीको कारबाहीमा पाकिस्तान

बंगलादेशविरुद्धको पहिलो टेस्ट खेलमा स्लो ओभर रेटका (ढिलो ओभर फ्याँकेको) कारण पाकिस्तान क्रिकेट टोलीलाई जरिवाना गरिएको छ। आइसिसीले पाकिस्तानलाई म्याच फीको ४० प्रतिशत जरिवाना र विश्व टेस्ट च्याम्पियनसिप (डब्लुटिसी)बाट ८ अंक कटौती गरेको हो। पाकिस्तान निर्धारित समयभन्दा आठ ओभर ढिलो रहेको आइसिसीले जनाएको छ। आइसिसीको नियमअनुसार प्रत्येक ओभर ढिलो भएमा खेलाडीलाई खेल शुल्कको पाँच प्रतिशत जरिवाना लाग्ने व्यवस्था छ। विश्व टेस्ट च्याम्पियनसिपमा प्रत्येक ढिलो ओभरका लागि १ अंक कटौती हुने नियम छ। कारबाही एमिरेट्स आइसिसी एलिट प्यानलका म्याच रेफ्री जेफ क्रोले गरेका हुन्। योसँगै पाकिस्तानको डब्लुटिसी अंक ३८ बाट घटेर ३० भएको छ।

बलियो अमेरिकाविरुद्ध नेपाल आज भिड्दै

अमेरिकालाई पछिल्ला चार खेलमा हराउन नसकेको नेपालले घरेलु मैदानको फाइदा लिन सक्ने अपेक्षा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा चलिरहेको आइसिसी विश्वकप लिग-२ मा घरेलु टोली नेपाल र अमेरिकाले आ-आफ्ना समान एक खेल गुमाएका छन्। सहभागीमध्ये स्कटल्यान्डले दुई खेलमा जित निकालेको छ। संयोग यस्तो रह्यो कि स्कटल्यान्डले नेपाल र अमेरिकालाई डकवर्थ लेविस नियमअनुसार दुई रनले हराएको थियो। लगातार दुई खेलमा जित निकालेको स्कटल्यान्ड अंकतालिकाको शीर्ष स्थानमा उक्लिँदा अमेरिका भने दोस्रो स्थानमा झरेको छ।

स्कटल्यान्डले ३० खेलमा सर्वाधिक ३८ अंक बनाएको छ। अमेरिकाले २५ खेलबाट ३६ अंक जोडेको छ। नेपालले २५ खेलमा १८ अंक बटुलेको छ। यो अंकका साथ नेपाल सातौँ स्थानमा छ। घरेलु टोली नेपाल भने यस सिरिजमा उत्कृष्ट नतिजा निकाली एकदिवसीय मान्यता रक्षा गर्ने योजनामा छ। तर, पहिलो खेलमा झिनो दुई रनको हारले नेपालको अभियानमा केही धक्का लागेको छ। अब शनिबार नेपालले बलियो अमेरिकाविरुद्ध प्रतिस्पर्धा गर्दै छ। तर, नेपाललाई अमेरिकाविरुद्ध प्रतिस्पर्धा गर्न त्यति सहज भने छैन।

अमेरिकाले स्कटल्यान्डसँगको प्रतिस्पर्धामा प्रतिओभर ७.२१ को रनरेटमा ब्याटिङ गरेको थियो। लगभग अमेरिकाले स्कटल्यान्डलाई हराइसकेको थियो। तर, अन्तिम ओभरमा आवश्यक रन बटुल्न नसक्दा अमेरिकाले दुई अंक गुमाएको थियो। ब्याटिङ र बलिङमा अमेरिकन खेलाडीमा केही कमजोरी छैन। यसको विपरीत भने नेपाल कमजोर देखिन्छ।







दीपेन्द्र र सन्दीप फर्ममा

अहिले ब्याटिङ र बलिङमा उपकप्तान दीपेन्द्रसिंह ऐरी र बलिङमा सन्दीप लामिछाने मात्र चलेका छन्। दीपेन्द्र लगातार फर्ममा छन्। उनले पाँच खेलमा तीन अर्धशतक र एक शतकीय इनिङ्स खेलेका छन्। सन्दीपले समग्रमा १२ विकेट लिएका छन्। सन्दीपबाहेक बलिङमा आशा गरेका अन्य बलरले इकोनोमी रेटमा प्रदर्शन गर्नुपर्ने देखिन्छ। बलरले विकेट लिइरहे पनि इकोनोमी रेट निकै हाई देखिन्छ। अमेरिकाले पछिल्लो सातमध्ये ६ खेल आफ्नो पक्षमा राखेको छ। नेपालले पाँचमध्ये तीन खेलमा मात्र जित निकालेको छ। त्यो पनि दुई साताअघि त्रिवि मैदानमै भएको आइसिसी विश्वकप लिग-२ मा युएईलाई दुईपटक र ओमानलाई एकपटक हराएको थियो। नेपालका प्रशिक्षक स्टुवार्ट लले पनि अमेरिकासँगको खेलमा खेलाडी केन्द्रित हुनुपर्ने जनाएका छन्। विश्वकप लिग-२ को निर्णायक मोडमा रहँदा नेपालले प्रत्येक खेलमा कडा मिहिनेत गर्नुपर्ने उनको भनाइ छ। 'स्कटल्यान्डविरुद्ध हामीले गल्ती गरेका थियौँ, तर अमेरिकासँगको प्रतिस्पर्धामा त्यस्ता गल्ती दोहोऱ्याउनुहुँदैन,' उनले गत बुधबार भनेका थिए, 'मलाई आशा अमेरिकासँगको प्रतिस्पर्धामा खेलाडीहरू लयमा फर्कनेछन्।'

नेपाली खेलाडीको परम्परागत कमजोरी नै निर्णायक प्रतिस्पर्धामा खरो रूपमा प्रस्तुत हुन नसक्नु हो। फेरि अक्सर अन्तिम ओभरमा नेपालका खेलाडी नर्भस हुने गरेका छन्, जुन नेपालले स्कटल्यान्डको खेलमा देखाएको थियो।

अमेरिकामाथि जित निकाल्नु छ भने नेपालले ब्याटिङमा पहिलो सुधार गर्नुपर्नेछ। प्रशिक्षक स्टुवार्टले यसै सिरिजका लागि केही खेलाडी परिवर्तन गरेका थिए। यद्यपि, उनले प्रयोग गरेका खेलाडीबाट आशा गरेको जस्तो प्रदर्शन हुन सकेको छैन। ईशान पाण्डे, विनोद भण्डारी र आसिफ सेखले सुरुवाती पावर प्लेमा नेपाललाई गतिलो सुरुवात दिलाएका छैनन्। नेपालले ओपनिङमा दमदार साथ पाउँदा अमेरिकाविरुद्ध चुनौतीपूर्ण प्रदर्शन गर्न सक्छ।

हेड टु हेडमा अमेरिका अगाडि

एकदिवसीय फर्म्याटमा अमेरिका र नेपालबिच अहिलेसम्म ११ खेल भएका छन्। जसमध्ये अमेरिकाले नेपालमाथि ६ खेलमा जित निकालेको छ। नेपालले चार अवसरमा अमेरिकालाई पाखा लगाएको छ। उनीहरूबिच एक खेल टाई भएको थियो। यी दुई राष्ट्रबिच अन्तिम चार खेलमा अमेरिका अपराजित छ। सन् २०२३ मा अमेरिकामाथि नेपालले अन्तिमपटक जित निकालेको थियो। त्यसयता नेपालले उसलाई हराउन सकेको छैन। तर, त्रिवि क्रिकेटमा भएका दुई खेलमा भने नेपालले अमेरिकालाई हराएको अवस्था छ। घरेलु मैदानमा नेपालले अमेरिकासँग राम्रो खेल्ने विश्वास छ। अमेरिकासँगकै खेलमा नेपालका लेग स्पिनर सन्दीप लामिछानेले करिअरकै उत्कृष्ट बलिङ गरी सर्वाधिक ६ विकेट लिएका थिए। यस खेलमा अमेरिका नेपालविरुद्ध केवल ३५ रनमै अलआउट भएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com